सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ माघ २०८१, मंगलबार (14 Jan 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २६८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बिआरआई सहकार्यबारे परराष्ट्रमन्त्री राणालाई कांग्रेस सांसदकै प्रश्न

सम्झौताको पारदर्शिता र सम्भावित वित्तीय प्रभावबारे सांसदहरूको चासो, चीन भ्रमणमा ऋण सम्झौता नभएको राणाको दाबी



सोमबार बसेको संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बैठक।



● **विमलेन्द्र निधि**
कांग्रेस सांसद

चीन भ्रमणअगाडि अनुदानबाहेक अरू सम्झौता नगर्ने प्रधानमन्त्रीको कुरा थियो। त्यसका बाबजुद अन्तिम समयमा आएर प्रधानमन्त्रीकै अग्रसरतामा सम्झौता भएको भन्ने आएको छ। यो के भएको हो ? प्रधानमन्त्रीजीलाई नै बोलाएर सुनौं, आधिकारिक हुन्छ।



● **योगेश गौचन**
कांग्रेस सांसद

नेपालले हालसालै गरेको बिआरआई सम्झौतामा ग्रान्ट एसिस्टेन्सको ठाउँमा एड एसिस्टेन्स बनाइएको छ। यो क्लजले ऋण लिने बाटो खुला गरेको हो ? त्यसो हो भने नेपालले थेग्न सक्ने ऋण मात्र लिने कुराको सुनिश्चित गर्न सरकारले के तयारी गरेको छ ?



● **आरजु राणा देउवा**, परराष्ट्रमन्त्री

बिआरआई २० हजारपटक अध्ययन गरेर तयार पारेको डकुमेन्ट हो। पहिलाभन्दा धेरै नै परिमार्जित छ। लोन भन्ने शब्द डकुमेन्टमा जसरी पढ्दा पनि छैन। ग्रान्ट र एड भनेको शब्द गुगल गर्दा केही फरक छैन। श्रीलंकाको हम्बनटोटा बन्दरगाह बिआरआईअन्तर्गत होइन। फरक परिवेशमा हस्ताक्षर गरिएको हो। लोन भनेको माग्नेले मागेपछि मात्र दिनेले दिने हो। लोनको टर्म अफ रिफ्रेन्स दुवै पक्षको सहमति नभईकन हुँदैन।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीको चीन भमणका वेला भएको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) सहकार्य फ्रेमवर्क सम्झौताबारे प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा सांसदहरूले प्रश्न उठाएका छन्। सोमबार बसेको समितिको बैठकमा कांग्रेस सांसद विमलेन्द्र निधि र योगेश गौचन तथा राप्रपा सांसद पशुपतिशमशेर जबराले सम्झौताको पारदर्शिता र सम्भावित वित्तीय प्रभावबारे चासो राखेका थिए।

बैठकमा सांसदहरूले चीनसँग भएका सम्झौताका साथै बिआरआईअन्तर्गत नेपालले लिएको नीतिगत निर्णय र त्यसको दीर्घकालीन प्रभावबारे थप जानकारी मागेका छन्। समितिले सोमबार सरकार प्रमुखका पछिल्ला वैदेशिक भ्रमणबारे जानकारी लिन प्रधानमन्त्री ओली र परराष्ट्रमन्त्री डा. आरजु राणा देउवालाई बोलाएको थियो। तर, संसदीय समितिको बैठकमा प्रधानमन्त्री ओली भने उपस्थित भएनन्।

कांग्रेस सांसद निधि र गौचन तथा राप्रपा सांसद पशुपतिशमशेर जबराले भ्रमणमा जानुअघि प्रधानमन्त्री ओलीले बिआरआईमा ऋण सम्झौता नगर्ने भनेको, तर

» पृष्ठ २ मा क्रमशः

विपिन जोशी सकुशल रहेको जानकारी आएको परराष्ट्रमन्त्रीको जिकिर

सांसदहरूले हमासको कब्जामा रहेका विपिन जोशीको यथाशीघ्र सकुशल रिहाइका लागि सरकारको कूटनीतिक पहल नपुगेको गुनासो गरेका थिए। मन्त्री राणाले विपिन जोशीका लागि सकेसम्मको पहल गरिरहेको बताइन्। 'विपिन जोशी सकुशल हुनुहुन्छ भन्ने जानकारीमा छ। कतार, इजिप्ट, अमेरिकामा रहेका हाम्रा राजदूतले पहल गरिरहेका छन्। त्यहाँ लडाइँ चलिरहेको छ, गएर रेस्क्यु गर्नुपर्ने अवस्था छैन,' उनले भनिन्।

मन्त्री राणाले नेपालले चाहेर मात्र सार्क सम्मेलन गराउन सक्ने अवस्था नरहेको बताइन्। यद्यपि, विभिन्न बहुपक्षीय फोरममा कुरा उठाइरहेको पनि बताइन्। यही विषयमा आफू भारत भ्रमणमा जाँदा भारतीय विदेशमन्त्री एस जयशंकरसँग कुरा भएको र पाकिस्तानसँगको तिक्तताकै कुरा गरेर असहमति जनाएको सुनाइन्। मन्त्री राणाले सगरमाथा संवादको तयारी भइरहेको पनि जानकारी दिइन्। उनले सार्वजनिक खरिद नियमावली संशोधन गरेर भए पनि राहदानी छपाइ पारदर्शी र गुणस्तरीय बनाइने प्रतिबद्धता जनाइन्।

स्वर्णलक्ष्मीको मुद्दामा पनि रविको हिरासत लम्ब्याउने दाउपेच

सहकारीका दुई सञ्चालक मुद्दा दायर भएको भोलिपल्टै बयान र थुनछेक बहस सकाएर धरौटीमा रिहा, रविलाई थुनाउनेमा राज्य संयन्त्रको अधिक सक्रियता, थुनछेक बहस लम्ब्याउन सरकारी वकिलको भिड

नवराज मैनाली/नयाँ पत्रिका

सहकारीपीडितलाई न्याय दिलाउने र दोषीहरूलाई कानुनी दायरामा ल्याउनेभन्दा पनि रास्वपा सभापति रवि लामिछानेलाई थुनाउनेमा राज्य संयन्त्रको अधिक सक्रियता देखिएको छ। प्रहरीको अनुसन्धान मात्र होइन, अदालतमा सरकारी वकिलको बहससमेत त्यस्तैमा केन्द्रित छ।

पोखराको सूर्यदर्शन सहकारीको मुद्दामा ८४ दिनसम्म हिरासतमा राखिएका लामिछानेलाई काठमाडौंको स्वर्णलक्ष्मी सहकारी मुद्दामा पनि हिरासत बसाइ लम्ब्याउने 'खेल' भइरहेको छ। दुई अर्ब ६५ करोड हिनामिनाको यही मुद्दाका दुई सञ्चालक मुद्दा दायर भएको दोस्रो दिन नै बयान र थुनछेक बहस सकाएर धरौटीमा रिहा भएका थिए। तर, लामिछानेको हकमा भने सरकारी वकिलको भिड लगाएर थुनछेक नै लम्ब्याइँदै छ।

स्वर्णलक्ष्मीकै सञ्चालकद्वय कमल लामा र सुनिता नेवाविरुद्ध २१ पुसमा मुद्दा दायर भएकामा भोलिपल्टै लामा तीन लाख र नेवा चार लाख धरौटीमा छुटेका थिए। सञ्चालकहरूकै थुनछेकमा सरकारी वकिलहरूले खासै चासो लिएका थिएनन्। तीन-चारजनाले केही घण्टा मात्रै बहस गरेका थिए।

» पृष्ठ २ मा क्रमशः

समय लम्ब्याउन रविविरुद्ध बहस गर्न सरकारी वकिलको भिड



● स्वर्णलक्ष्मी सहकारीको मुद्दामा सोमबार नै थुनछेक बहस सकाउने गरी न्यायाधीश माधवप्रसाद अधिकारीले सरकारी वकिललाई दुई घण्टा र लामिछानेका कानुन व्यवसायीलाई एक घण्टा १५ मिनेटको समय दिएका थिए। तर, सरकारी वकिलले त्यसलाई पालना गरेनन्। समय 'किल' गर्दै उनीहरूले दिनभरि नै बहस गरे। जसका कारण लामिछाने पक्षका कानुन व्यवसायीले बहस नै गर्न पाएनन्। सोमबार १० जना सरकारी वकिलले बहस गरे।

स्वर्णलक्ष्मीका दुई सञ्चालक मुद्दा दायर भएको भोलिपल्टै छुटे

● स्वर्णलक्ष्मीकै मुद्दामा पक्राउ परेका सहकारीका सञ्चालकद्वय कमल लामा र सुनिता नेवाको बयान र बहस दुई दिनमै सकिएको थियो। २१ पुसमा मुद्दा दायर भएकोमा भोलिपल्टै लामा तीन लाख र नेवा चार लाख धरौटीमा छुटे। सञ्चालकहरूकै थुनछेकमा सरकारी वकिलहरूले ठुलो चासो देखाएनन्।

फरार एमाले नेतापत्नी अञ्जला अदालत टेकेकै दिन धरौटीमा रिहा



● मोरङको उमागौरी कृषि सहकारी ठगीमा प्रत्यक्ष संलग्न सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलकी पत्नी अञ्जलाको मुद्दामा एकैदिनमा बयान र बहस सकेर धरौटीमा रिहा गरिएको थियो। प्रहरीले फरार प्रतिवादी बनाएकोमा उनी २४ पुसमा अदालतमा उपस्थित भएकी थिइन्। त्यही दिन बयान र थुनछेक बहसपछि न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले बाहिरै बसेर पुर्पक्ष गर्न पाउने गरी १० लाख धरौटीमा छाड्न आदेश दियो।

पक्राउ पुर्जी जारी भएकी कांग्रेस सांसद राईलाई त मुद्दाबाटै जोगाइयो



माया राई



राजु बराल

● स्वर्णलक्ष्मी सहकारीकी सञ्चालक रहेकी कांग्रेस सांसद माया राईलाई त तीनपुस्ते विवरण नखुलेको भन्दै योजनाबद्ध रूपमा मुद्दाबाटै जोगाइयो। उनी एकपटक सहकारीको सदस्य र अर्को कार्यकाल सहसचिव थिइन्। प्रारम्भिक अनुसन्धानमा उनी दोषी देखिएपछि प्रहरीले पक्राउ पुर्जीसमेत लिएको थियो। तर, कांग्रेसकै सांसद भएको खुलेपछि अभियोगपत्रबाटै उनको नाम नै गायब बनाइयो। अहिलेसम्म उनीमाथि थप अनुसन्धान नै थालिएको छैन। सोही मुद्दामा प्रतिवादी रहेका एमाले नेता तथा सिन्धुलीको फिक्कल गाउँपालिकाका उपाध्यक्ष राजु बरालालाई पक्राउ गर्न पनि प्रहरीले चासो दिएको छैन।

एमाले प्रदेश सांसद तामाङ प्रत्यक्ष जोडिएको नेसनल नमोबुद्ध सहकारी संकटग्रस्त घोषणा

सुमेरु र लालीगुराँस सहकारी पनि समस्याग्रस्त घोषणा

काठमाडौंमा **टेकराज थामी**
हेटौंडामा **पोष्टराज अधिकारी**



सहकारी बैंकलाई समेत ठगेका थिए सांसद तामाङले



संकटग्रस्त घोषणा भएको सुमेरुका तत्कालीन अध्यक्ष महर्जनविरुद्ध जिल्ला अदालत ललितपुरमा ठगी मुद्दा, चार अर्बको बिगोदाबी

एमाले बागमती प्रदेश सांसद ज्ञानबहादुर तामाङ प्रत्यक्ष मुछिएको नेसनल नमोबुद्ध सहकारी संस्था लिमिटेडको केन्द्रीय कार्यालयमा प्रदेश सरकारअन्तर्गतको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले तालाबन्दी गरेको छ। सहकारीले करिब ११ हजार बचतकर्ताको एक अर्ब ५२ करोड रुपैयाँ डुबाएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ। तर, सहकारीका तत्कालीन अध्यक्ष तामाङमाथि प्रारम्भिक अनुसन्धानसमेत गरिएको छैन।

बागमती प्रदेशको सहकारी तथा गरिबी निवारण मन्त्रालयले समस्याग्रस्त घोषणा गरेको भोलिपल्ट सोमबार काठमाडौंको समाखुसीस्थित सहकारीको केन्द्रीय कार्यालयमा तालाबन्दी गरिएको छ। आइतबार प्रदेश सहकारीमन्त्री मदुकुमार श्रेष्ठले मन्त्रीस्तरीय निर्णयबाट समस्याग्रस्त घोषणा गरेका हुन्। तालाबन्दी गर्न समितिका अध्यक्ष प्रभात अधिकारीसहितको टोली पुगेको थियो।

» पृष्ठ २ मा क्रमशः

■ शालीनदीमा माघस्नान



काठमाडौंको साँखुस्थित शालीनदीमा पुस शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना चल्ने माधवनारायण मेलामा सोमबार बिहान माघस्नान गर्दै भक्तजन। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

२५ एसपीको बढुवा सिफारिस

नयाँ पत्रिका

नेपाल प्रहरीका २५ प्रहरी उपरीक्षक (एसपी)को प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)मा बढुवा सिफारिस भएको छ। सोमबार बसेको बढुवा समितिको बैठकले सिफारिस गरेको हो। पहिलो नम्बरमा रमेश थापा, दोस्रोमा अजय केसी तथा तेस्रोमा अनुपमशमशेर जबराको बढुवा सिफारिस भएको छ। त्यस्तै, वीरबहादुर बुढा, नवराज अधिकारी, कृष्णप्रसाद कोइराला, होबिन्द्र बोगटी, कृष्णप्रसाद पंगेनी, गोविन्द अधिकारी, विनोद सिलवाल, श्यामकुमार महतो, वेद विष्ट, शिवकुमार श्रेष्ठ, प्रकाश मल्ल पनि बढुवामा परेका छन्।

रञ्जु सिग्देल, सन्तोष खड्का, सन्तोषकुमार भट्टराई, राजेन्द्रप्रसाद धमला, सन्तोषसिंह राठौर, सञ्जयसिंह थापा, विमलराज कँडेल, महेन्द्र खड्का र प्रभु ढकाल पनि बढुवा सूचीमा अटाएका छन्। गत भदौदेखि नै प्रहरीमा एसएसपीका पद रिक्त भए पनि तीव्र टकरावका कारण निर्णय हुन सकेको थिएन।

उता, एआइजी र डिआइजीमा बढुवा भएकाहरूले सोमबार दर्ज्यानी चिह्न लगाएका छन्। उनीहरूको पदस्थापन पनि भएको छ। एआइजी कुवेर कडायतको कार्य विभाग तथा रवीन्द्र केसीको प्रदेश समन्वय विभागमा पदस्थापन भएको छ। त्यस्तै, डिआइजीहरू ईश्वर कार्कीको अन्वेषण योजना तथा विकास निर्देशनालय, राजेन्द्रप्रसाद भट्टको कार्य विभाग, दिनेशकुमार आचार्यको प्रहरी महानिरीक्षकको सचिवालय, अरुण पौडेलको अपराध अनुसन्धान विभाग तथा गोविन्द थपलियाको प्रदेश समन्वय विभागमा पदस्थापन भएको छ।

बलात्कार मुद्दा लागेका बर्तामोडका पूर्वमेयर : न हिरासत बस्नुपऱ्यो न कारागार

ढाड दुख्ने पुरानो बिमार बल्झिएको भन्दै एक महिनादेखि अस्पतालमै, सरकारले नै संरक्षण गरेको पीडितको आरोप

■ पीडित किशोरीका काका भन्छन्-

सुरुदेखि नै अस्पतालको अस्पताल छन्। उनी न त हिरासत नै गए न त कारागार नै गएका छन्। नानीलाई फर्काउन गाडी कुदाएर आएका मान्छे कसरी एकैपटक यति सिरियस बिरामी भए ? उनी नाटकीय ढंगले बिरामी भए। केपी ओलीको नजिक भएकाले सरकारकै योजनामा उनले बिरामी भएको बहाना बनाएका हुन्। उनका छोरीहरू घरमै आउँछन्। नानीलाई भेट्छौं भनेर दबाब दिइरहन्छन्। शनिबार त म घरमा थिइनँ। मेरी आमा नै जाहेरवाला हो। उहाँलाई अनावश्यक दबाब दिएछन्।

झापामा **चिरञ्जीवी घिमिरे**

आफूनै घरमा काम गर्न राखिएकी १६ वर्षीया किशोरीमाथि बलात्कार गरेको अभियोगमा बिर्तामोड नगरपालिकाका पूर्वमेयर ध्रुवकुमार सिवाकोटीलाई गत सोमबार जिल्ला अदालत झापाले पुर्पक्षका लागि कारागार पठाउन आदेश दियो। तर, कारागार हुनुपर्ने व्यक्ति बिर्तामोडस्थित बी एन्ड सी अस्पतालमा छन्। काराकार पठाउन आदेश दिएको एक हप्ता बित्दा पनि उनी बी एन्ड सी अस्पतालको भिआइपी क्याबिनमा छन्।

हुन त एक महिनादेखि प्रहरी अनुसन्धानमा रहेका सिवाकोटीले एकपटक पनि प्रहरी हिरासत टेक्नुपरेन। प्रहरी नै उनी 'बिरामी'

» पृष्ठ २ मा क्रमशः



■ जिल्ला कारागार झापाका जेलर रेवन्त भट्टराई भन्छन्-

अदालतको आदेशबमोजिम उहाँलाई थुनामा पठाइएको थियो। अदालतले नै स्वास्थ्य उपचारको उचित व्यवस्था गर्न आदेश पनि दिएको छ। अहिले उहाँ उपचारका क्रममा बी एन्ड सी अस्पतालमा हुनुहुन्छ। उहाँको सुरक्षाका लागि कारागारबाट सुरक्षागार्ड पनि पठाएका छौं।

पुर्पक्षका लागि कारागार पठाउने आदेश हुँदा पनि अस्पतालमै राखियो



प्रा.डा. विष्णु पाठक, मानव अधिकारकर्मी

किशोरी बलात्कार गरेकोजस्तो गम्भीर अपराधमा पनि हिरासतमा राखिएन। पुर्पक्षका लागि कारागार पठाउने आदेश हुँदा पनि अस्पतालमै राखियो। यो त सरकारसँग नजिक हुनेलाई कानुनले नछुने र विमति राख्नेलाई कानुन लाग्ने अवस्था आयो। यो मानव अधिकारको गम्भीर उल्लंघन हो। यसमा मानव अधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन आकर्षित हुन्छ। यो त सरकारको आशीर्वाद हुनेलाई फरक र सरकारको आलोचना गर्नेलाई फरक कानुन हुनेजस्तो व्यवहार भयो। अदालतको निर्णय पनि कार्यान्वयन भएन। प्रधानमन्त्रीको नजिक हुँदा उनले छुट पाए।

■ संविधान संशोधनको एजेन्डा

काठमाडौंमाथि दबाब बढाउने मधेशकेन्द्रित दलको रणनीति

संविधान संशोधन र थ्रेसहोल्डमा दबाब दिने रणनीतिसहित कार्यगत एकताको प्रयास, प्रतिनिधिसभामा स्वतन्त्रसहित २८ सांसदको हिसाबकिताब

प्रेम गौतम/नयाँ पत्रिका

मूलतः तराई मधेशकेन्द्रित राजनीतिक दलहरू संविधान संशोधनको एजेन्डामा एक ठाउँ भएर ठुला दलमाथि दबाब बढाउने रणनीतिमा लागेका छन्। सत्तारूढ दल कांग्रेस र एमालेले संविधान संशोधनका लागि कार्यदल बनाएर गृहकार्य गरिरहेका वेला मधेशकेन्द्रित दलहरूले कार्यगत एकताको प्रयास थालेका हुन्।

मधेशमा क्रियाशील सात पार्टी जसपा, जसपा नेपाल, लोसपा, जनमत, जनप्रगतिशील, राष्ट्रिय मुक्ति र तमलोपाले कार्यगत एकताका लागि मंगलबार संयुक्त छलफल गर्दै छन्। संशोधन गर्नुपर्ने संविधान कतिपय अन्तर्वस्तुमा उनीहरूका समान धारणा छन्। नागरिक उन्मुक्ति पार्टी, जनता प्रगतिशील, आम जनता पार्टी र स्वतन्त्र सांसद अमरेशकुमार सिंहसँग पनि कार्यगत एकताको विषयमा छलफल भएको छ।

» पृष्ठ २ मा क्रमशः

संवादको थालनीबाट कार्यगत एकता हुन सक्छ



● **सुरेन्द्र झा**
महासचिव लोसपा

कार्यगत एकता गर्दै जाऔं भनेर प्रारम्भिक चरणमा छलफल चल्दै छ। नेपालको राजनीति सग्लो छैन। क्षेत्रीय पार्टी पनि टुटफुट भए। अब वस्तुगत समीक्षा हुनुपर्छ। कमी-कमजोरी हटाउनुपर्छ। हामीले हिजो लिएका राजनीतिक उद्देश्य धेरै प्राप्त भएका छन्। कतिपय प्राप्त हुन बाँकी छन्। कतिपय असान्दर्भिक पनि भएका छन्। अध्ययन, अनुसन्धान र सिंहावलोकन तथ्यपरक रूपमा हुनुपर्छ। हामी त्यही चरणमा छौं। संवादको थालनीबाट कार्यगत एकता हुन सक्छ र साझा धारणा निर्माण गर्न सकिन्छ भन्ने हो।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

स्वर्णलक्ष्मीको मुद्दामा...

पृष्ठ १ बाट क्रमशः

रकम हिनामिनामा प्रत्यक्ष संलग्न नदेखिएका रविको हकमा भने राज्य-संयन्त्र नै लागेको देखिन्छ। प्रहरीको अनुसन्धानमाथि प्रतिशोधको आरोप लाग्दै आएकोमा सोमबार जिल्ला अदालत, काठमाडौंमा पनि त्यस्तै देखियो। रविको विरुद्धमा बहस गर्न सरकारी वकिलको भिड नै लाग्यो। महान्यायाधिवक्ता कार्यालयले खटाएका १० सरकारी वकिलले बहस गरे। त्यस्तै, जाहेरवालाको तर्फबाट दुई कानुन व्यवसायीले पनि बहस गरे। कास्की हिरासतबाट ८४ दिनमा छुटेका रवि आइतबार आफैँ अदालतमा उपस्थित भएका थिए। आइतबार बयान भएकोमा सोमबारदेखि बहस सुरु भएको थियो। वकिलको उपस्थिति मात्रै अस्वाभाविक थिएन, न्यायाधीशले तोकेभन्दा धेरै अवधि लिएर समय घर्काउने खेल चलेको थियो। न्यायाधीश माधवप्रसाद अधिकारीले सोमबार नै थुनछेक आदेश सकाउने गरी सरकारी वकिललाई दुई घण्टा र रविका कानुन व्यवसायीलाई एक घण्टा १५ मिनेटको समय दिएका थिए। तर, सरकारी वकिलले त्यसलाई पालना गरेनन्। दिनभरि नै उनीहरूले बहस गरे। सरकारी वकिलका कारण रवि पक्षका कानुन व्यवसायीले बहस नै गर्न पाएनन्। जसकारण रवि थप दुई दिन न्यायिक हिरासतमा पुगेका छन्।

मंगलबार सरकारी बिदा भएकाले अब बुधबार मात्र इजलासमा रविका कानुन व्यवसायीले बहस गर्न पाउनेछन्। केही दिन बढी भए पनि रविलाई थुनाउनका लागि सरकारी वकिलहरूले लामो बहस गरेको आरोप लागेको छ। यसले सहकारीपीडितलाई न्याय दिलाउने र मुख्य दोषीहरूलाई कानुनी दायरामा ल्याउनेभन्दा रविलाई थुनाउनेमा राज्य-संयन्त्रको अधिक सक्रियता रहेको देखाउँछ।

स्वर्णलक्ष्मी सहकारी ठगीमा ३९ विरुद्ध मुद्दा दायर भएकोमा रकम हिनामिनामा संलग्न सञ्चालकलगायत अन्य मुख्य प्रतिवादीहरू फरार छन्। उनीहरूलाई पक्राउ गर्न प्रहरीले चासो दिएको छैन। सहकारीसँग प्रत्यक्ष सम्बन्ध नभएका लामिछानेविरुद्ध भने सरकारी वकिलले बहस केन्द्रित गरेका छन्। सो सहकारीको रकम गोर्खा मिडियामा गएकोमा चेक काटेर खर्च गरेको र उनकै हस्ताक्षर रहेका गोर्खा मिडियाको चेकबाट केही ऋण तिरेको आधारमा रविलाई प्रतिवादी बनाइएको छ।

मुद्दा अभियोजनमै पनि चलखेल प्रस्ट देखिएको थियो। सहकारीकी सञ्चालक समितिमा रहेकी कांग्रेस सांसद माया राईलाई तीनपुस्ते विवरण नखुलेको भन्दै मुद्दाबाटै योजनाबद्ध रूपमा जोगाइएको थियो। राई एकपटक सहकारीको सदस्य तथा अर्कोपटक सहसचिव भएकी थिइन्। प्रारम्भिक अनुसन्धानमा उनी दोषी देखिएपछि प्रहरीले पक्राउ पुर्जीसमेत लिएको थियो। तर, सांसद भएको खुलेपछि अभियोगपत्रबाट उनको नाम नै गायब बनाइएको थियो। अहिलेसम्म उनीमाथि थप अनुसन्धान अघि बढ्न सकेको छैन। सोही मुद्दामा प्रतिवादी रहेका एमाले नेता तथा सिन्धुलीको फिक्कल गाउँपालिकाका उपाध्यक्ष राजु बराललाई पक्राउ गर्न पनि प्रहरीले चासो दिएको छैन।

स्वर्णलक्ष्मीका अध्यक्ष रहेका गितेन्द्रबाबु (जिबी) राईसहित पूर्वअध्यक्षलगायत सञ्चालकहरूलाई एकातर्फ पक्राउ गरिएको छैन भने अर्कोतर्फ सहकारीको दुई अर्ब ६५ करोड कसरी र कहाँ अपचलन भयो भनेर विस्तृत खोजिएको छैन। सञ्चालकहरूको सम्पत्तिसमेत खोजी नहुँदा आफूहरूलाई न्याय दिनेतर्फ सरकारले ध्यान नदिएको आरोप पीडितहरूले लगाएका छन्। सहकारी ठगीको अनुसन्धानमा सरकारले सत्तापक्षलाई जोगाउने तथा विपक्षीसँग प्रतिशोध साध्ने गरेको आरोप लाग्दै आएको छ।

यसअघि मोरङको उमागौरी कृषि सहकारी ठगीमा आरोपी रहेकी एमाले सांसद (सार्वजनिक लेखा समिति सभापति) ऋषिकेश पोखरेलपत्नी अञ्जला कोइरालालाई पनि अदालत टेकेकै दिन बयान र बहस सकेर धरौटीमा रिहा गरिएको थियो। घरमै रहे पनि प्रहरीले फरार प्रतिवादी बनाएर सीधै अदालतमा उपस्थित हुने सुविधा दिएको थियो। त्यही सुविधासहित २४ पुसमा मोरङ जिल्ला अदालत उपस्थित भएकी उनी केही घण्टामै १० लाख धरौटीमा छुटिन्। न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले कोइरालालाई बाहिरै बसेर पुर्पक्ष गर्न पाउने गरी १० लाख धरौटीमा छाड्न आदेश दिएको थियो। २६ मंसिरमा अञ्जलासहित २६ जनाविरुद्ध मुद्दा दर्ता भएको थियो।

अञ्जला प्रतिवादी रहेको मोरङको मुद्दामा जिल्लाकै सरकारी वकिलले बहस गरेका थिए। तर, रवि प्रतिवादी रहेको कास्कीको मुद्दामा सरकारले बहसका लागि महान्यायाधिवक्ताको कार्यालयबाटै नायब महान्यायाधिवक्ता रञ्जीवराज रेग्मी र सहमहान्यायाधिवक्ता प्रकाश गौतमलाई पोखरा पठाएको थियो। जुन दुर्लभ घटना नै थियो। किनभने हरेक जिल्ला अदालतमा हुने मुद्दा-मामिलामा जिल्ला सरकारी वकिलको कार्यालयकै वकिलहरूले सरकार पक्षबाट बहस गर्ने प्रचलन छ।

अञ्जला सहकारीको सञ्चालक नै भए पनि उनको मुद्दामा संगठित अपराध तथा सम्पत्ति शुद्धीकरणजस्ता कसुर पनि जोडिएनन्। तर, रवि जोडिएका हरेक मुद्दामा संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा पनि अनुसन्धान भएको छ। जसकारण रास्वपाले राजनीतिक प्रतिशोधको आरोप लगाउँदै आएको छ।

सोमबार के भयो इजलासमा ?

रवि स्वर्णलक्ष्मी सहकारी मुद्दामा बयानका लागि आइतबार आफैँ जिल्ला अदालत काठमाडौंमा उपस्थित भएका थिए। रविका कानुन व्यवसायीले आइतबार नै बहस सकाउन आग्रह गरेका थिए। तर, सरकारी वकिलले रविको बयान अध्ययन गर्नुपर्ने भन्दै समय मागेपछि इजलासले उनलाई न्यायिक हिरासतमा पठाएको थियो। सोमबार भने न्यायाधीश माधवप्रसाद अधिकारीले छिटो मुद्दाको थुनछेक अघि बढाउने र बहस सकाउने गरी समय तोकिदिए पनि सरकारी वकिलले समयसीमा पालना नगर्दा उनीहरूकै बहसमा समय सकियो। रवि पक्षका कानुन व्यवसायीको बहस बाँकी नै रहेपछि उनलाई सोमबार पनि हिरासतमै पठाउन आदेश भयो।

बहसका क्रममा न्यायाधीश अधिकारीले विभिन्न प्रश्न सोधेका थिए। सहकारीको रकम रवि लामिछानेको व्यक्तिगत खातामा आएको हो ? स्वर्णलक्ष्मीमा रवि लामिछानेले ऋण खाता खोलेका छन् ? ऋण लिइएको भनिएको ठाउँमा उनको हस्ताक्षर छ ? गोर्खा मिडियामा सहकारीको रकम ल्याउन उनको सहभागिता थियो ? स्वर्णलक्ष्मीको पैसाले किनिएको भनिएको गाडी रवि लामिछानेको नाममा थियो कि गोर्खा मिडियाको ? लगायत प्रश्न गरेका थिए। सरकारी वकिल र जाहेरवालाका कानुन व्यवसायीले यी प्रश्नको चित्तबुझ्दो जवाफ दिन सकेनन्। 'गोर्खा मिडियामा रहँदा रवि लामिछानेले ८२० चेक काटेको, त्यसमध्ये १६ चेकबाट स्वर्णलक्ष्मी सहकारीलाई पनि ९० लाख १६ हजार तिरिएको छ, नलिएका भए किन तिरे त ? भन्ने जवाफ दिएका थिए।' स्वर्णलक्ष्मीलाई कुन शीर्षकमा चेक काटिएको थियो भन्ने तथ्य उनीहरूले इजलासमा पेस गर्न सकेनन्।

जाहेरवालाको तर्फबाट बहस गरेका वरिष्ठ अधिवक्ताद्वय सुरेन्द्र भण्डारी र दिनेश त्रिपाठीले भने राजनीतिक कोणबाट पनि प्रश्न उठाए। उपप्रधान एवं गृहमन्त्री रहँदा लामिछानेले आफूविरुद्धको अनुसन्धान रोकेको भन्दै भण्डारीले उनलाई थुनामुक्त गरे मुद्दा नै प्रभावित हुन सक्ने दाबी गरे। 'लामिछाने नेतृत्वको पार्टीसँग संसद्मा २१ सिट छ, त्यो सिट सरकार तलमाथि गर्न पर्याप्त हुन्छ। बाहिर रहँदा उनले २१ सिटको सामर्थ्य देखाउने प्रयास गर्छन्, त्यसैले थुनामै राख्नुपर्छ,' वरिष्ठ अधिवक्ता त्रिपाठीले भने।

जाहेरवालाको बहस सकिएलगत्तै रविका कानुन व्यवसायी वरिष्ठ अधिवक्ता सुशील पन्त र रमण श्रेष्ठले आइतबारको जस्तै न्यायिक हिरासतमा पठाउने आदेश नगर्न ध्यानाकर्षण गराएका थिए। प्रहरीले पक्राउ गरेर ल्याएको नभई लामिछाने आफैँ अदालतमा उपस्थित भएका कारण उनलाई हिरासतमा पठाउनुको सट्टा परिवार वा कानुन व्यवसायीको जिम्मा लगाउनुपर्ने उनीहरूको आग्रह थियो। उनीहरूले आइतबार पनि त्यस्तै आग्रह गरेका थिए। तर, न्यायाधीशले प्रचलित अभ्यास भन्दै प्रहरीकै जिम्मा लगाउने आदेश दिए। उनले सोमबार पनि अघिल्लै दिनको आदेश दोहोऱ्याएपछि रविलाई जिल्ला प्रहरी परिसर काठमाडौं लगियो। मंगलबार सार्वजनिक बिदा भएकाले उनलाई बुधबार अदालतमा प्रस्तुत गरिनेछ। बुधबार प्रतिवादीका वकिलले बहस गर्ने भएका छन्।

माघीको उल्लासमा थारू बस्ती

धनगढी/ थारू समुदायको सबैभन्दा ठुलो पर्व माघी सुरु भएको छ। कैलाली-कञ्चनपुरका थारू बस्ती माघी पर्वले उल्लासमय बनेका छन्। कामविशेषले घरबाहिर रहेकाहरू माघी मनाउन घर फर्केका छन् भने गाउँबस्तीमा चहलपहल बढेको छ। पुस मसान्तबाट सुरु हुने माघी २ माघसम्म मनाउने गरिन्छ। थारू समुदायले १ माघलाई नयाँ वर्षको रूपमा मनाउने गर्छन्। थारू समुदायमा माघ महिना महत्त्वपूर्ण मानिन्छ। विवाह, व्रतबन्ध, परिवारबिच अंशबन्डा गर्ने, गाउँको भलमन्सा छान्ने, घरमूली तोक्ने कार्य माघमै हुने गर्छ।

मीठोमसिनो खाने, आफूभन्दा ठुलाबडा र मान्यजनबाट आशीर्वाद लिने तथा नाचगान गर्दै रमाइलो गरेर माघी पर्व मनाउने गरिन्छ। थारू समुदायका अगुवा माधव चौधरीका अनुसार पुस मसान्तमा माघी पर्व सुरु हुन्छ। माघीको उल्लास भने माघी सुरु हुनुअघिबाटै हुन्छ। गाउँमा राति समूहमा बसेर परम्परागत गीत गाउने, नाच्ने कार्य माघी आउनु केही दिनअघि नै सुरु भइसक्छ।

थारू समुदायले पुस मसान्तमा मासुका लागि बंगुर काट्ने, राति परम्परागत खानाका परिकार बनाएर खाने तथा रातभर जाग्राम बसेर परम्परागत संस्कृतिअनुसार नाचगान गरेर रमाइलो गर्ने चलन रहेको चौधरीले बताए। उनका अनुसार आफूले पुज्ने भगवान्‌का नाममा धुनी जगाएर (धमार) भजनकीर्तन गर्ने चलनसमेत छ।

'हरेक घरमा बंगुरको मासु, माछाको सीध्रा तथा ढिक्री, अन्डीको भात, बरिया, खरियाजस्ता परम्परागत खानाका परिकार पाक्छन्,' चौधरीले भने, 'खाना खाएपछि मानिसहरू गाउँका भलमन्सा र मान्यजनको घरमा जम्मा भएर नाचगान गर्दै रातभर रमाइलो गरिन्छ।'

एमाले प्रदेश सांसद...

पृष्ठ १ बाट क्रमशः

टोलीले कार्यालयमा तालाबन्दीसँगै सहकारीको आयव्ययको अवस्था जाँचबुझ गर्न कम्प्युटरका हार्डडिस्कहरू सिज गरेको छ। सहकारीको सम्पत्तिभन्दा पनि दायित्व बढी देखिएपछि प्रदेश सहकारी मन्त्रालयले उक्त सहकारीलाई आइतबार समस्याग्रस्त घोषणा गरेको थियो।

'हामीले नेसनल नमोबुद्ध सहकारी संस्थाको केन्द्रीय कार्यालयमा तालाबन्दी गरेर त्यहाँ रहेका कम्प्युटरका सर्भर/हार्डडिस्कहरू अध्ययनका लागि नियन्त्रणमा लिएका छौँ,' समितिका अध्यक्ष अधिकारीले भने, 'अन्य कागजातसहित २ माघमा उपस्थित हुन सहकारीका व्यवस्थापक र पदाधिकारीलाई निर्देशन पनि दिएका छौँ। सम्पूर्ण कागजात र आयव्ययको अध्ययनपछि मात्रै सहकारीको वास्तविक अवस्थाबारे भन्न सकिन्छ।'

सहकारी महाशाखाका रजिस्ट्रार कुमार तामाङले नेसनल नमोबुद्धको सम्पत्तिभन्दा दायित्व बढी देखिएपछि समस्याग्रस्त घोषणा गरिएको जानकारी दिए। बचतकर्ताले दिएको उजुरीका आधारमा सहकारीका व्यवस्थापक र पदाधिकारीलाई मन्त्रालयमा बोलाएर पटक-पटक छलफल गर्दा पनि समस्या समाधान हुने अवस्था नदेखेपछि समस्याग्रस्त घोषणा गर्नुपरेको उनको भनाइ छ।

रजिस्ट्रार तामाङका अनुसार सहकारीका अध्यक्ष राजकुमार तामाङसहितका पदाधिकारीहरूलाई गत वर्ष १७ असोज, २२ कात्तिक र २० चैतमा छलफलका लागि बोलाइएको थियो। छलफलका क्रममा सहकारीले बचत फिर्ताका लागि ३ वैशाख ०८१ मा कार्ययोजना पेस गरेको भए पनि सोअनुसार काम नभएपछि सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको हो। उनले बचतकर्ताहरूले उक्त सहकारीसँग १२ करोड २७ लाख बचत फिर्ताको माग गरेको जानकारी दिए। छलफलका क्रममा सहकारीसँग एक अर्ब ५२ करोड दायित्व देखिएको उल्लेख गर्दै उनले सहकारीको सम्पत्ति भने अनुमानित ७० करोड आसपास रहेको बताए।

सहकारी बैंकलाई समेत ठगे सांसद तामाङले

प्रदेश सांसद तामाङले तत्कालीन समयमा सहकारीको अध्यक्ष छँदा महँगो ब्याज दिने प्रलोभनमा बचतकर्ताबाट कुस्त रकम उठाएका थिए। नुवाकोट लिखु गाउँपालिका- ९ थानसिंमा ४४ रोपनी जग्गा खरिद गरे। सबै जग्गा नुवाकोट ककनी गाउँपालिका- ९ की चिनीमाया लामाको नाममा दर्ता गरे। सोही जग्गा राष्ट्रिय सहकारी बैंकमा धितो राखेर बैंकबाट १४ करोड ऋण झिके। उक्त रकम मनोमानी ढंगले खर्च गरे। सुरुका केही किस्ता तिरेका उनले पछि आलटाल गर्दै गए। बैंकले ऋण तिर्न ताकेता गरे पनि विभिन्न बहाना देखाउँदै उनले ऋण तिर्ने भाका बदल्दै गए।

केही सीप नलागेपछि बैंकले तामाङको नाममा गत १४ जेठमा ३५ दिने सूचना नै सार्वजनिक गऱ्यो। सूचना तामाङसहित सहकारीका वर्तमान अध्यक्ष राजकुमार लामा, उपाध्यक्ष विमला बस्नेत, सचिव राजु सापकोटा, कोषाध्यक्ष श्यामबहादुर तामाङ, सदस्यद्वय बाबुराम लोप्चन र बुद्धिबहादुर तामाङ तथा पेम्बा शेर्पा र बुद्धि तामाङको नाममा सार्वजनिक भएको थियो। तर, उक्त ऋण उनीहरूले अझै चुक्ता गरेका छैनन्। २९ पुस ०७९ मा भएको २२औँ अधिवेशनपछि सहकारीको अध्यक्ष राजकुमार लामा छन्। त्यसअघि सांसद ज्ञानबहादुर तामाङ अध्यक्ष थिए।

सुमेरु र लालीगुराँस सहकारी पनि समस्याग्रस्त घोषणा

बागमती प्रदेश सहकारीमन्त्रीस्तरीय निर्णयबाट काठमाडौंको नेसनल नमोबुद्धसँगै ललितपुरका थप दुई सहकारीलाई पनि समस्याग्रस्त घोषणा गरिएको छ। सुमेरु सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेड र लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई पनि समस्याग्रस्त घोषणा गरिएको हो।

वीरेन्द्र महर्जन अध्यक्ष रहेको पुल्चोकस्थित सुमेरुले दुई अर्ब २५ करोड १४ लाख बचत फिर्ता नगरेको मन्त्रालयले जनाएको छ। सुमेरुले बचत फिर्ता नदिने, संस्थाको आर्थिक कारोबार उपलब्ध नगराउनेलगायतका कार्य गरेपछि समस्याग्रस्त घोषणा गरिएको सहकारी महाशाखा बागमती प्रदेशका रजिस्ट्रार कुमार तामाङले जानकारी दिए। सहकारीसँग १३ अर्बभन्दा बढीको सम्पत्ति रहेको अनुमान गरिएको छ भने सात अर्बभन्दा बढीको दायित्व छ। सुमेरुविरुद्ध ८४८ बचतकर्ताले उजुरी दिएका छन्।

त्यस्तै, धनबहादुर तामाङ अध्यक्ष रहेको लालीगुराँसविरुद्ध ९७२ बचतकर्ताको उजुरी छ। एक अर्ब ६१ करोड ९९ लाख ७५ हजार बचत फिर्ता माग गर्दै उजुरी परेको सहकारी महाशाखाले जनाएको छ। तीन हजार २३८ सेयर सदस्य रहेको उक्त सहकारीको बचत तीन अर्ब ८६ करोड १४ लाख छ। सहकारीको लगानी भने तीन अर्ब १६ करोड २५ लाख रुपैयाँ देखिएको रजिस्ट्रार तामाङले जानकारी दिए।

त्यस्तै, महाशाखाले प्रदेशका अन्य आठ सहकारीमाथि पनि छानबिन गरिरहेको छ। बचतकर्ताहरूले बचत फिर्ता नदिएको गुनासो गर्दै उजुरी दिएपछि महाशाखाले काठमाडौंको ज्येष्ठ बचत तथा ऋण सहकारी संस्था लिमिटेड, क्यापिटल सेभिङ एन्ड को-अपरेटिभ लिमिटेड, गतिशील बचत तथा ऋण सहकारी संस्था लिमिटेडको विषयमा छानबिन गरिरहेको छ। त्यस्तै, संकट बचत तथा ऋण सहकारी संस्था लिमिटेड, शुक्रपथ बचत तथा ऋण सहकारी संस्था लिमिटेड, ब्रिटिस गोर्खा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, नागरिक विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड र सुविधानगर जगदम्बा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमाथि छानबिन भइरहेको रजिस्ट्रार तामाङले जानकारी दिए। सहकारीमन्त्री श्रेष्ठले समस्या देखिएका सहकारीका व्यवस्थापक र पदाधिकारीलाई बोलाएर आफ्नै उपस्थितिमा छलफल गरिरहेको बताउँदै आठ सहकारीलाई बचत फिर्ता गर्न निर्देशन दिएको बताए।

संकटग्रस्त घोषणा भएको सुमेरुका तत्कालीन अध्यक्ष महर्जनविरुद्ध जिल्ला अदालत ललितपुरमा ठगी मुद्दा, चार अर्बको बिगोदाबी

बागमती प्रदेश सरकारले समस्याग्रस्त घोषणा गरेको ललितपुरको पुल्चोकस्थित सुमेरु सहकारीका तत्कालीन अध्यक्ष भरत महर्जनविरुद्ध मात्रै जिल्ला अदालत ललितपुरमा झन्डै चार अर्ब रुपैयाँ बिगोदाबीसहित सहकारी ठगी कसुरमा मुद्दा दर्ता भएको छ। सिआइबीको अनुसन्धानपछि जिल्ला सरकारी वकिल कार्यालय ललितपुरले महर्जनविरुद्ध मुद्दा दर्ता गरेको हो। महर्जन अहिले परिवारसहित बेलायतमा बस्छन्। बेलायत जानुअघि उनले सहकारीको रकम लगानी गरी खोलिएका विभिन्न कम्पनी निजीसरह प्रयोग गर्दै आएका थिए।

अनुसन्धान प्रतिवेदनअनुसार उनले हुँदै नभएको व्यक्तिको नाममा समेत ऋण प्रवाह गरी सहकारीको रकम दोहन गरेका थिए। समग्रमा उनले मात्रै सहकारीको तीन अर्ब ९३ करोड ४२ लाख २० हजार ९४९ रुपैयाँ अपचलन गरेको देखिएको सिआइबी प्रमुख एआइजी दिपक थापाले बताए। 'ललितपुरको सुमेरु सहकारीका तत्कालीन अध्यक्ष भरत महर्जनले मात्रै झन्डै चार अर्ब रुपैयाँ अपचलन गरेको पाइयो। उनीविरुद्ध अदालतमा मुद्दा दर्ता भएको छ। बेलायत फरार रहेको हुँदा उनीविरुद्ध रेड कर्नर नोटिससमेत जारी भएको छ,' उनले भने।

प्रतिवेदनअनुसार उनले सबैभन्दा धेरै रकम सुमेरु अस्पतालका नाममा अपचलन गरेका छन्। यसका लागि उनले सहकारीबाट नौ अर्ब ४३ करोड ७९ लाख ४३ हजार ३६९ रुपैयाँ ऋण लिएका थिए। उक्त रकम उनले निजी प्रयोजनमा खर्च गरेका थिए। त्यस्तै, उनले सुमेरु सिटी अस्पतालका नाममा पनि सहकारीको रकम अपचलन गरेका छन्। उक्त अस्पतालका नाममा उनले सहकारीबाट ९० करोड ७१ लाख ७७ हजार ४२१ रुपैयाँ ऋण निकालेका थिए। उक्त रकम पनि उनले अपचलन गरेका थिए।

त्यस्तै, महर्जनले एसियन कलेजका नाममा ५७ करोड ५३ लाख २९ हजार ७५०, सुमेरु हाउजिङका नाममा २४ करोड ४५ लाख १५ हजार ७५३, सुमेरु किड्नी अस्पतालका नाममा सात करोड ९३ लाख ७९ हजार १६९, सुमेरु डाइग्नोस्टिकका नाममा एक लाख ९९ हजार ८९२, पिए नेपालका नाममा तीन करोड ४२ लाख ७६ हजार २२९, सुमेरु मेडिकल कलेजका नाममा चार लाख र सातदोबाटो चोक कन्स्ट्रक्सनका नाममा पाँच करोड १३ लाख ६२ हजार ५६६ रुपैयाँ अपचलन गरेका थिए।

त्यसबाहेक उनले हुँदै नभएको व्यक्तिको नाममा समेत ऋण निकाली रकमको दुरुपयोग गरेका थिए। जस्तै- विवेक मानन्धरका नाममा ५२ करोड ९३ लाख २६ हजार ०१९, अमितराज उपाध्यायका नाममा ६ करोड ६ लाख २६ हजार ६६९ र विश्वास भट्टराईका नाममा एक करोड ३६ लाख ८४ हजार ११२ रुपैयाँ ऋण झिकेर अपचलन गरेका थिए।

सहकारीको नाममा छैमलेमा रहेको एक रोपनी १२ आना जग्गासमेत आफ्नो नाममा नामसारी गरेका थिए। त्यसबाहेक उनले नेपाल राष्ट्र बैंकको विनास्वीकृति सुमेरु सब रेमिट एन्ड इन्भेस्टमेन्ट, सुमेरु इन्भेस्टमेन्ट एन्ड रेमिटेन्स र सुमेरु इन्टरनेसनल रेमिट पनि सञ्चालन गर्दै आएका थिए।

सूर्य थापा नेतृत्वको उच्चस्तरीय छानबिन समितिको प्रतिवेदनअनुसार सुमेरु सहकारीमा अहिले ३७ हजारभन्दा धेरै बचतकर्ताको नौ अर्ब २० करोड ९५ लाख २५ हजार ८७९ रुपैयाँ जोखिममा छ। महर्जनले सहकारीको रकम अपचलन गरेर श्रीमती राजमायाको नाममा धापाखेलमा दुई रोपनी दुई आना दुई पैसा जग्गा खरिद गरिदिएका थिए । छोरा सचिन र छोरी सरलाका नाममा टौदहस्थित सुमेरु रिसोर्टको जग्गा नामसारी गरिदिएका थिए। सहकारीमा समस्या आउने संकेत पाएपछि उनले सम्पत्ति जोगाउन अदालत पुगेर श्रीमतीसँग सम्बन्धविच्छेद गरेका थिए। त्यो कागजी सम्बन्धविच्छेद मात्रै थियो भन्ने त्यतिवेला पुष्टि भयो जब बेलायत जानुअघि उनले राजमायासँगै पुनः विवाह गरे।

काठमाडौंमाथि दबाब...

पृष्ठ १ बाट क्रमशः

दलहरूले बनाएका छुट्टाछुट्टै कार्यदलमा जसपा नेपालबाट उपाध्यक्ष राजकिशोर यादव, जसपाबाट उपाध्यक्ष रेणु यादव र महासचिव इस्तियाक राई, लोसपाबाट उपाध्यक्ष जितेन्द्र सोनल र महासचिव सुरेन्द्र झा, जनमतबाट सहअध्यक्ष अब्दुल खान र प्रवक्ता शरद यादव, जनप्रगतिशीलबाट उपाध्यक्ष शिवजी यादव, राष्ट्रिय मुक्ति पार्टीबाट नेता केशव झा र तमलोपाबाट अध्यक्ष वृषेशचन्द लाल छन्।

मधेशकेन्द्रित दल र स्वतन्त्र गरी प्रतिनिधिसभामा हाल २८ सांसद छन्। जसपा सात, जनमत सात, जसपा नेपाल पाँच, लोसपा चार, नागरिक उन्मुक्ति चार, आम जनता पार्टी एक र स्वतन्त्र सांसद अमरेशकुमार सिंह छन्। आम जनता पार्टीबाहेक सबैले प्रधानमन्त्री केपी ओलीलाई विश्वासको मत दिएका छन्। जसपा र लोसपा सरकारमै सहभागी छन्।

जनमतबाहेक आम जनता पार्टी र सिंहबाहेक अन्य दल र नेता विगतमा एउटै दलमा आबद्ध भएर काम गरेका छन्। 'कार्यगत एकता गर्दै जाऔँ भनेर प्रारम्भिक चरणमा छलफल चल्दै छ। जनमत पार्टी नयाँ शक्तिको रूपमा आएको छ। उसको कार्यशैली जसपा र लोसपासँग मेल खाँदैन। संसदबाहिर पनि चार/पाँचवटा पार्टी छन्,' लोसपा महासचिव झाले भने।

विगतमा मधेशका सबै दल मिलेर अगाडि बढ्ने प्रयास सफल नहुनुको कारण पनि खोजी हुने भएको छ। विगतमा टुटफुट भएकाले त्यसको वस्तुगत समीक्षा गर्दै कमजोरी सच्याएर अगाडि बढ्न सकिने झाको बुझाइ छ। 'नेपालको राजनीति सग्लो छैन। क्षेत्रीय पार्टी पनि टुटफुट भए। अब वस्तुगत समीक्षा हुनुपर्छ। कमी-कमजोरी हटाउनुपर्छ,' उनले भने, ' हामीले हिजो लिएका राजनीतिक उद्देश्य धेरै प्राप्त भएका छन्। कतिपय प्राप्त हुन बाँकी छन्। कतिपय असान्दर्भिक पनि भएका छन्। अध्ययन, अनुसन्धान र सिंहावलोकन तथ्यपरक रूपमा हुनुपर्छ। हामी त्यही चरणमा छौँ। संवादको थालनीबाट कार्यगत एकता हुन सक्छ र साझा धारणा निर्माण गर्न सकिन्छ भन्ने हो।'

संविधान संशोधन र निर्वाचन कानुनमार्फत थ्रेसहोल्ड बढाउने गृहकार्य सरकारले गरेपछि मधेशकेन्द्रित दलहरूले कार्यगत एकतामा जोड दिएका हुन्। संविधान संशोधन, थ्रेस होल्डलगायतका विषयमा सरकारलाई दबाब दिन तत्काल 'लुज फोरम' गठन गरेर अघि बढ्ने जनमतका सहअध्यक्ष खानले बताए। 'संविधान संशोधनको विषय सत्तारूढ दलले अघि सारेका छन्। थ्रेसहोल्डको विषय पनि छ। साझा विषयमा साझा धारणा बनाएर साझा संघर्ष गरौँ भन्ने हो,' खानले भने। तत्काल 'लुज फोरम' बनाएर अघि बढ्ने र आन्दोलनमा जानुपर्दा मोर्चा वा गठबन्धन हुन सक्ने उनले बताए। छलफलबाट कुन मोडालिटीमा जाने टुंगो लाग्ने उनले बताए।

संविधान निर्माण प्रक्रिया र विषयवस्तु दुवै त्रुटिपूर्ण रहेको तराई मधेशकेन्द्रित दलहरूको ठम्याइ छ। उनीहरूले संविधान निर्माण र जारी गर्ने प्रक्रिया बहिष्कार गरेका थिए। 'यो संविधान जारी हुँदा नै त्रुटिपूर्ण थियो। 'फास्ट ट्र्याक'का नाममा अपनाइएको प्रक्रिया र विषयवस्तु दुवै त्रुटिपूर्ण रहे। सीमांकन र अधिकारको बाँडफाँट पनि मिलेको छैन,' राष्ट्रिय मुक्ति पार्टीका नेता केशव झाले भने, 'नागरिकताका प्रावधानमा पनि विभेदकारी नीति अपनाइएको छ। अब यी सबै त्रुटि मिलाउन संशोधन वा पुनर्लेखन गर्नुपर्छ।'

कार्यदल तहको छलफलको निष्कर्ष शीर्ष नेताहरूलाई बुझाउने र थप रणनीतिसहित अगाडि बढ्ने नेताहरूले बताएका छन्। मधेशी, थारू, मुस्लिमसहित उपेक्षित, उत्पीडित समुदायको अधिकार अझै सुरक्षित नभएकाले संयुक्त दबाबको आवश्यकता परेको उनीहरूको दाबी छ।

बिआरआई सहकार्य...

पृष्ठ १ बाट क्रमशः

बेइजिङ गइसकेपछि आफैँ अग्रसरता लिएर सम्झौता गर्नुले आशंका जन्माएको बताए। नेपालले ऋण धान्न सक्छ ? उनीहरूले प्रश्न गरे।

'चीन भ्रमणअगाडि अनुदानबाहेक अरू सम्झौता नगर्ने प्रधानमन्त्रीको कुरा थियो। त्यसका बाबजुद पनि अन्तिम समयमा आएर प्रधानमन्त्रीकै अग्रसरतामा सम्झौता भएको भन्ने आएको छ। यो के भएको हो ?' कांग्रेस सांसद निधिले सोधे। निधिले यो सम्झौताको विषयमा प्रधानमन्त्रीलाई बोलाएर छुट्टै छलफल गर्नुपर्ने धारणासमेत राखे। 'उहाँ समितिको पदेन सदस्य पनि हो। प्रधानमन्त्रीजीकै तहबाट सम्झौता भएकाले प्रधानमन्त्रीजीकै तहबाट बोलाएर सुनौँ। सबैका लागि आधिकारिक हुन्छ। चीन भ्रमणबारे अनुकूल समयमा बोलाएर छलफल गरौँ। बिआरआईको विषय र अरू विषयमा छलफल गरौँ,' उनले भने।

निधिले पोखरा विमानस्थलको ऋण मिनाहा सम्बन्धमा पनि जिज्ञासा राखे। 'भ्रमणअगाडि पोखरा विमानस्थलको ऋण मिनाहामा चिनियाँ अधिकारी सकारात्मक छन् भन्ने आएको थियो, अनुरोध गर्छौं भन्ने आएको थियो। भ्रमणका क्रममा अनुदानमा परिणत गर्न अनुरोध भयो कि भएन ? प्रमले हिम्मत गर्नुभएन कि वा रुचि राख्नुभएन ?' उनले सोधे।

सांसद गौचनले बिआरआई फ्रेमवर्कमार्फत नेपालले चीनबाट ऋण लिने बाटो खुला गरेको हो भनेर प्रश्न गरे। 'नेपालले हालसालै गरेको बिआरआई सम्झौतामा ग्रान्ट एसिस्टेन्सको ठाउँमा एड एसिस्टेन्स बनाइएको छ। यो क्लजले ऋण लिने बाटो खुला गरेको हो ?' उनले सोधे, 'यदि त्यसो हो भने नेपालले थेग्न सक्ने मात्र ऋण लिन सक्ने कुराको सुनिश्चित गर्न सरकारले के तयारी गरेको छ ?'

गौचनले नेपालमा ऋणको पैसा तलबभत्ता र दैनिक प्रशासनिक खर्चका लागि अनुत्पादक क्षेत्रमा प्रयोग भइरहेको, पुँजीगत वा विकासे आयोजनाहरूमा लगानी नभइरहेको अवस्थामा ऋण थप्नु कति न्यायोचित हुन्छ भनेर प्रश्न पनि गरे। गौचनले चीनका राष्ट्रपति नेपाल भ्रमणमा आउँदा प्रतिबद्धता गरेको सहयोगको कार्यान्वयन अवस्था के छ भनेर पनि जिज्ञासा राखेका थिए।

राप्रपा सांसद जबराले ऋण लिने सम्झौता किन गरियो भनेर प्रश्न राखे। 'बेल्ट एन्ड रोडमा ऋण पनि लिन सक्ने भनेर सही गरेका छौँ। ऋणको तितो अनुभव श्रीलंका र पाकिस्तानले भोगिसकेका छन्। यो सन्दर्भमा ऋण लिन सक्ने गरी किन सम्झौता गरियो ?' उनले सोधे।

सांसदहरूबाट बिआरआईबारे जिज्ञासा आएपछि परराष्ट्रमन्त्री राणाले सम्झौतामा ऋण कतै नरहेको स्पष्ट पारिन्। उनले चीन भ्रमणमा ऋण सम्झौता नभएको दोहोऱ्याइन्। भ्रमणको मुख्य उद्देश्य द्विपक्षीय सहकार्य मजबुत बनाउनु रहेको उनको दाबी थियो। उनले समितिले यो विषयमा प्रधानमन्त्रीसँग नै थप छलफल गरेर स्पष्ट हुन सक्ने पनि बताइन्।

'बिआरआई २० हजारपटक अध्ययन गरेर तयार पारेको डकुमेन्ट हो। पहिलाको डकुमेन्टभन्दा धेरै नै परिमार्जित छ। लोन भन्ने शब्द त्यो डकुमेन्टमा जसरी पढ्दा पनि छैन। ग्रान्ट र एड भनेको शब्द अहिले पनि गुगल गर्दा केही फरक छैन। सम्झौतामा लोन भन्ने शब्द कहीँ पनि उल्लेख छैन,' उनले भनिन्।

बिआरआई सम्झौतालाई श्रीलंकाको हम्बनटोटा बन्दरगाहसँग तुलना गरेकोमा पनि राणाले असन्तुष्टि जनाइन्। 'श्रीलंकाको हम्बनटोटा बन्दरगाह बिआरआईअन्तर्गत होइन। फरक परिवेशमा हस्ताक्षर गरिएको कुरा हो,' उनले भनिन्, 'जुन यो बिआरआईमा साइन गर्नेबित्तिकै लोन लिनुपर्छ भन्ने कुरा हामी आफैँ पनि व्यावहारिक रूपमा सोचौँ। लोन भनेको माग्नेले मागेपछि मात्र दिनेले दिने हो। लोनको टर्म अफ रिफ्रेन्स दुवै पक्षको सहमति नभईकन हुँदैन।'

एड भनेको ऋण हो कि सहयोग भनेर आफूले दसौँपटक डिक्सनरी हेरेको पनि सुनाइन्। 'यसमा लोन कतै उल्लेख छैन। एड भनेको ऋण हो भन्ने आएपछि मैले १० पटक डिक्सनरी हेरेँ। कतै पनि भेटिनँ, फिर्ता नहुने सहयोग भन्ने अर्थ रहेछ,' उनले भनिन्।

नेपालले ऋण लिन नसक्ने भनेर आफूले चिनियाँ राष्ट्रपतिलाई स्पष्ट भनेको पनि उनले समितिमा सुनाइन्। 'भ्रमणको पूर्वतयारीमा जाँदा मैले चिनियाँ राष्ट्रपतिलाई हाम्रोमा ४१ प्रतिशत ऋण छ, हामी ऋण लिने अवस्थामा छैनौँ, तपाईं छिमेकी भएकाले एड मात्रै, ग्रान्ट मात्रै अपेक्षा राखेका छौँ भनेर निर्धक्कसँग राखेकी थिएँ। अहिले सम्झौतामा समावेश भएका सबै परियोजना एड फाइनान्सिङ नै आउने हो। सम्झौतामा सरकारी परियोजनामा एड फाइनान्सिङ भनेको हो,' उनले भनिन्।

मन्त्री राणाले राष्ट्रपति सी भ्रमणमा आउँदा भएको प्रतिबद्धताको विषय उठाएको सुनाइन्। 'उहाँहरूले जति पनि परियोजना सम्झौता भएका छन्, त्यसमार्फत हिसाब गरेर दिने भनेको छ। हामी विश्वस्त छौँ,' उनले भनिन्।

परराष्ट्रमन्त्री राणाले पोखरा विमानस्थलको ऋण मिनाहा सम्बन्धमा चिनियाँ पक्षसँग कुराकानी नभएको पनि स्पष्ट पारिन्। 'यो कुरामा एजेन्डामै प्रवेश गरेनौँ,' उनले भनिन्, 'बरु वाङ यीजीले वी विल हेल्प यू टू रन पोखरा एयरपोर्ट एन्ड मेक यू भायबल भन्नुभयो।'

सांसदहरूले हमासको कब्जामा रहेका विपिन जोशीको यथाशीघ्र सकुशल रिहाइका लागि सरकारको कूटनीतिक पहल नपुगेको गुनासो गरेका थिए। मन्त्री राणाले विपिन जोशीको लागि सकेसम्मको पहल गरिरहेको बताइन्। 'विपिन जोशी सकुशल हुनुहुन्छ भन्ने जानकारीमा छ। कतार, इजिप्ट, अमेरिकामा रहेका हाम्रा राजदूतले पहल गरिरहेका छन्। त्यहाँ लडाइँ चलिरहेको छ, गएर रेस्क्यु गर्नुपर्ने अवस्था छैन,' उनले भनिन्।

मन्त्री राणाले नेपालले चाहेर मात्र सार्क सम्मेलन गराउन सक्ने अवस्था नरहेको बताइन्। यद्यपि, विभिन्न बहुपक्षीय फोरममा कुरा उठाइरहेको पनि बताइन्। यही विषयमा आफू भारत भ्रमणमा जाँदा भारतीय विदेशमन्त्री एस जयशंकरसँग कुरा भएको र पाकिस्तानसँगको तिक्तताकै कुरा गरेर असहमति जनाएको सुनाइन्। मन्त्री राणाले सगरमाथा संवादको तयारी भइरहेको पनि जानकारी दिइन्।

मन्त्री राणाले सार्वजनिक खरिद नियमावली संशोधन गरेर भए पनि राहदानी छपाइ पारदर्शी र गुणस्तरीय बनाइने प्रतिबद्धता जनाइन्। परराष्ट्र सेवामा ९८ जना कर्मचारी आवश्यकता भएरै थपिएको र डायस्पोराबाट माग भएबमोजिम विभिन्न नियोगमा खटाउने योजना सुनाइन्। उनले मन्त्रालयभित्र अर्काइभ, आइटी सर्भिस डिपार्ट, आर्थिक डिप्लोमेसी र डायस्पोराको छुट्टै विभाग बनाउने तयारी रहेको बताइन्।

बलात्कार मुद्दा...

पृष्ठ १ बाट क्रमशः

भएर बसेको बी एन्ड सी अस्पताल पुग्यो। त्यति मात्र होइन, उनी अदालत हाजिर हुन पनि प्रहरीविना आफ्नै निजी कारमा पुगे। नयाँ पत्रिकालाई प्राप्त भिडियोमा उनी हतकडी र प्रहरीविना नै अदालत पुगेको देखिन्छ। यसको कारण उनी सत्तानजिक हुनु नै हो। एमाले जिल्लास्तरीय नेता सिवाकोटी प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष केपी ओलीसँग सीधा पहुँच राख्ने नेता हुन्।

बलात्कार आरोपमा सिवाकोटी २४ मंसिरमा पक्राउ परेका थिए। आफ्नै घरमा काम गर्ने किशोरीलाई तीन वर्षदेखि पटकपटक बलात्कार गर्दै आएको प्रहरीलाई दिएको जाहेरीमा उल्लेख छ। पटक-पटक बलात्कृत भएपछि असैह्य भएकी उनी भागेर भारतको आसमस्थित आफन्तकहाँ जान निस्किएकी थिइन्। तर, सीमानाका काँकडभिट्टास्थित महिला उद्धारमा खटिएको एक संस्थाले शंकास्पद लागेर उनीसँग सोधपुछ गरेपछि सबै घटना सुनाएकी थिइन्। त्यसपछि उक्त संस्थाले प्रहरीलाई खबर गरेर उद्धार गरेको थियो।

ती किशोरी बिर्तामोडको एक क्याम्पसमा प्राविधिक विषय अध्ययन गर्छिन्। उनी कलेजकै पोसाकमा नाका पुगेकी थिइन्। उनी काँकडभिट्टा हुँदै भारत गएको थाहा पाएपछि फर्काउन गएका पूर्वमेयर सिवाकोटीलाई प्रहरीले काँकडभिट्टाबाटै पक्राउ गरेको थियो। आर्थिक अवस्था कमजोर भएकी उनी आफन्तको शरणमा बसेकी थिइन्। सोही क्रममा सिवाकोटीले घरमा काम गर्ने र पढाउने भन्दै आफ्नो घरमा राखेका थिए।

बलात्कार अभियोगमा पक्राउपछि सिवाकोटी सीधै अस्पताल गएका थिए। उनले सरकारी वकिलको कार्यालयमा दिएको बयानअनुसार उनी २३ वर्षदेखि प्रेसर र ३७ वर्षदेखि सुगरको बिरामी छन्। यस्तै, मेरुदण्डसम्बन्धी समस्या भएकाले बेडरेस्टमा रहेको बताएका छन्। प्रहरीले पनि यही कारण देखाउँदै हिरासतमा राखेन भने पुर्पक्षका लागि कारागार चलान भएपछि पनि यही कारण देखाउँदै जिल्ला कारागार झापा प्रशासनले पनि कारागारमा राखेको छैन।

'अदालतको आदेशबमोजिम उहाँलाई धुनामा पठाइएको थियो। अदालतले नै स्वास्थ्य उपचारको उचित व्यवस्था गर्न आदेश पनि दिएको छ,' जिल्ला कारागार झापाका जेलर रेवन्त भट्टराईले भने, 'अहिले उहाँ उपचारका क्रममा बी एन्ड सी अस्पतालमा हुनुहुन्छ। उहाँको सुरक्षाका लागि कारागारबाट सुरक्षागार्ड पनि पठाएका छौँ।'

पहुँच भएका अभियुक्त हिरासत बस्नुपर्छ भनेर अचानक बिरामीको बहाना गरी अस्पताल भर्ना हुने चलन व्याप्त छ। त्यही परिपाटीलाई अभियुक्त सिवाकोटीले पनि अपनाएका छन्। प्रहरीले ढाडको पुरानो समस्या बल्झिएपछि उनी अस्पताल भर्ना हुनुपर्ने अवस्था बनेको दाबी गरेको छ। तर, पीडित किशोरीका आफन्तले भने सिवाकोटी सत्ता र शक्तिको आडमा हिरासत र कारागार नबसी अस्पतालमै बसिरहेको आरोप लगाएका छन्। काँकडभिट्टामा किशोरीलाई फर्काउन आफैँ सवारी चलाएर आएका उनी पक्राउलगत्तै बिरामी भएको नाटक गरेको पीडितका काकाले बताए।

'सुरुदेखि नै अस्पतालको अस्पताल छन्। उनी न त हिरासत नै गए न त कारागार नै गएका छन्। नानीलाई फर्काउन गाडी कुदाएर आएका मान्छे कसरी एकैपटक यति सिरियस बिरामी भए ? उनी नाटकीय ढंगले बिरामी भए,' उनी भन्छन्, 'केपी ओलीको नजिक भएकाले सरकारकै योजनामा उनले बिरामी भएको बहाना बनाएका हुन्।' सिवाकोटीका छोरीहरू आएर अनावश्यक दबाब दिने गरेको पनि उनले बताए। 'उनका छोरीहरू घरमै आउँछन्। नानीलाई भेट्छौँ भनेर दबाब दिइरहन्छन्,' उनले भने, 'शनिबार त म घरमा थिइनँ। मेरी आमा नै जाहेरवाला हो। उहाँलाई अनावश्यक दबाब दिएछन्।'

बलात्कार आरोपीलाई राज्यले बारम्बार संरक्षण गरेपछि पीडित परिवारले राष्ट्रिय मानव अधिकार आयोगमा समेत उजुरी दिएको छ। आयोगले अनुसन्धान भइरहेको जानकारी दिएको किशोरीका काका शिव पाठकले जानकारी दिए। राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयका मानव अधिकार अधिकृत डिल्लीराम लम्सालले पीडित परिवारबाट उजुरी आएको बताए। उनले यो घटनाबारे मानव अधिकार आयोगले अध्ययन गरिरहेको बताए। अहिले अध्ययनकै प्रक्रियामा रहेको उनको भनाइ छ।

मानव अधिकारकर्मी प्रा.डा. विष्णु पाठकले सिवाकोटीले मानव अधिकारको गम्भीर उल्लंघन गरेको बताए। सरकारको नजिक भएकै कारण उनलाई हिरासत र कारागार बस्नबाट जोगाइएको उनको भनाइ छ। 'किशोरी बलात्कार गरेकोजस्तो गम्भीर अपराधमा पनि हिरासतमा राखिएन। पुर्पक्षका लागि कारागार पठाउने आदेश हुँदा पनि अस्पतालमै राखियो। यो त सरकारसँग नजिक हुनेलाई कानुनले नछुने र विमति राख्नेलाई कानुन लाग्ने अवस्था आयो। यो मानव अधिकारको गम्भीर उल्लंघन हो। यसमा मानव अधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन आकर्षित हुन्छ,' उनले भने, 'यो त सरकारको आशीर्वाद हुनेलाई फरक र सरकारको आलोचना गर्नेलाई फरक कानुन हुनेजस्तो व्यवहार भयो। अदालतको निर्णय पनि कार्यान्वयन भएन। प्रधानमन्त्रीको नजिक हुँदा उनले छुट पाए।'

थुनुवाको स्वास्थ्य उपचार पाउने हक संविधानप्रदत्त मौलिक अधिकार हो। तर, यसको अर्थ कानुनी प्रक्रियाबाट पूर्ण छुट भने होइन। अस्पताल भर्ना गर्नुपर्ने अवस्था छ भने सम्बन्धित कारागारले सरकारी अस्पतालमा भर्ना गर्न सक्ने र त्यसको जानकारी अदालतलाई गराउनुपर्ने प्रावधान छ। गम्भीर प्रकृतिको रोग भएको दाबी गरिएको अवस्थामा सरकारी चिकित्सकहरूको बोर्डबाट जाँच गराई प्रमाणित गर्नुपर्ने हुन्छ। तर, सिवाकोटीले ढाड दुख्यो भनेकै आधारमा अस्पतालमा बस्न दिनु जायज नभएको अधिवक्ता पाठक बताउँछन्।

सरकारका ६ महिना : उपलब्धिभन्दा विवाद धेरै

संविधान संशोधनको मुद्दादेखि सुशासन कायम गर्ने प्रमुख एजेन्डामै विवादमा तानिए प्रधानमन्त्री ओली



सरकार काममा भन्दा कुरामा अगाडि देखियो



■ **कृष्ण पोखरेल**, राजनीतिक विश्लेषक

काग्रेस र एमालेको भन्डै दुईतिहाइको सरकारले के-के न गर्छ भन्ने जनअपेक्षा थियो । उनीहरू स्वयंले पनि अपेक्षा बढाए, तर खासगरी सेवा प्रवाहको सवालमा आहा भन्न सकिने परिस्थिति बनेन । यसैबिचमा द्वन्द्वपीडितहरूको समस्या समाधानका लागि आयोग बनाउने कानुनमा ब्रेकथ्रु, बिआरआई फ्रेमवर्क कार्यान्वयन सम्झौता भयो । सत्यनिरूपण, मेलमिलाप र बेपत्ता छानबिन आयोगसम्बन्धी कानुन त बन्यो, तर भागबन्डा नमिलेर आयोगका पदाधिकारी नियुक्त हुन सकेनन् । चीनसँग राम्रै सम्झौता भयो, तर दक्षिणसँगको सम्बन्धमा मौनता छ । अहिले ल्याइएका विभिन्न अध्यादेशको उद्देश्य राम्रै हुन सक्ला, तर त्यसबाट सरकारले गर्ने काममा छिटो छरितो भएपछि मात्र आहा भन्न सकिएला । उद्देश्य राम्रै देखिए पनि सुविधाजनक स्थिति भएकाले संसदीय प्रक्रियाबाटै बरु फास्ट ट्र्याकबाट ऐन संशोधन गर्ने गरी सदनमै ल्याएको भए सरकार आलोचनामा पर्दैनथ्यो ।

शुरोजंग पाण्डे, सुवास भट्ट र कमलराज भट्ट

राजनीतिक स्थिरता, सुशासन, संविधान संशोधन र अर्थतन्त्रमा सुधारको प्रतिबद्धतालाई प्रमुख एजेन्डा बनाएर बनेको केपी ओली नेतृत्वको सरकारले मंगलबार ६ महिना पूरा गरेको छ । तर, सरकार गठनको आधार मानिएको सातबुँदे सहमतिमा उल्लेखित संविधान संशोधनको मुद्दादेखि सुशासन कायम गर्ने प्रमुख एजेन्डामै प्रधानमन्त्री ओली विवादमा तानिएका छन् ।

ओली नेतृत्वको सरकारको ६ महिने कार्यकाल जनअपेक्षाअनुसार काम गर्नमा भन्दा पनि विवाद निम्त्याउने कदम र निर्णयमा बितेका छन् । संसद्का प्रमुख दुई ठुला दल मिलेर बनेको सरकार अंकगणितको हिसाबले सुविधाजनक ठाउँमा रहे पनि सेवा प्रवाह, लगानी र व्यावसायिक वातावरण निर्माणमा चुकेको छ । विकास निर्माणका काम सुस्त गतिमा अघि बढेका छन्, जसले जनतामा निराशा पैदा गरेको छ ।

पूर्वमुख्यसचिव विमल कोइराला सेवाप्रवाह चुस्त बनाउने र नागरिकलाई सास्ती कम गराउने हिसाबमा सरकारले काम गरेकोजस्तो नदेखिएको बताउँछन् । 'सेवाप्रवाह चुस्त बनाउने र नागरिकलाई सास्ती कम गराउने हिसाबमा सरकारले काम गरेकोजस्तो देखिन्न । प्रधानमन्त्री र मन्त्री खालि निर्देशन दिने मात्र भए । सेवाप्रवाहलाई प्रभावकारी बनाउन ऐन, कानुन र निर्देशिकालाई सरलीकृत गर्ने तथा नागरिककेन्द्रित गर्ने सवालमा काम भएको देखिएन,' उनले भने, 'अहिले कर्मचारी पनि निर्णय गर्न हिच्किचाउने देखिए । नागरिकसँग जोडिने साना कुरामा पनि सरकार चुक्दै गएको देखिन्छ । नागरिकले परिवर्तनको अनुभूति गर्न पाएका छैनन् ।'

काग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले ६ महिनामा अपेक्षाकृत काम नभए पनि गन्तव्यमा पुग्न सकिन्छ भन्ने विश्वास निर्माण भएको बताए । 'सरकारले काम गर्दै छ भन्ने जनतालाई अनुभूति हुने गरी नै कार्यशैलीमा सुधार गरेर काम भइरहेको छ । खासगरी सरकारको काम परिणाममुखी बनाउन आन्तरिक रूपमा धेरै सुधार भएका छन् । सरकारको कार्यसम्पादन क्षमता नदेखिनुको कारण पत्ता लगाई आवश्यक विभिन्न अध्यादेश ल्याएर काम अगाडि बढिसकेको छ । अब जनताले साँच्चै बिस्तारै सरकारले राम्रो काम गरेको अनुभूति गर्न सक्नेछन्,' उनले भने, 'राजनीतिक संयन्त्रअन्तर्गत विभिन्न कार्यदलमार्फत काम भइरहेको छ । ६ महिनामा अपेक्षाअनुसार लक्ष्य प्राप्त नभएको महसुस छ ।'

प्रमुख प्रतिपक्षी दल माओवादीले भने सरकारले जनअपेक्षाअनुसार काम नगरेको, बरु अघिल्लो सरकारले चालेका सुशासन, समृद्धि र सामाजिक न्यायका काम रोकेको टिप्पणी गरेको छ । '६ महिनाअघि मध्यरातमा सुशासन रोक्न यो सरकार बनेको थियो भन्ने हाम्रो भनाइ पुष्टि भयो । प्रचण्ड नेतृत्वको सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायको पक्षमा काम गर्दै थियो । अघिल्लो सरकारले भ्रष्टाचारविरुद्ध सशक्त अभियान सञ्चालन गर्दै थियो, त्यो रोक्न यो सरकार बनेको भन्ने घटनाक्रमले नै पुष्टि गरेको छ,' माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले भने, 'जनजीविका, सुशासन र समृद्धिका पक्षमा सरकारले केही पनि गर्न सकेन । सरकार संसद् छलेर अध्यादेशबाट चल्न खोज्दै छ ।'

■ संसद् बाइपास र अध्यादेशको प्रयोग

संसद्को विधेयक अधिवेशन बोलाउन छाडेर सरकारले एकपछि अर्को अध्यादेशको विकल्प रोजेको छ, जसलाई विपक्षी र नागरिक समाजले अलोकतान्त्रिक कदमका रूपमा व्याख्या गरेका छन् । सोमबार मात्रै सरकारको सिफारिसमा राष्ट्रपतिले चार अध्यादेश जारी गरेका छन् । अघिल्लो कार्यकालमा दुई-दुईपटक संसद् विघटन गरेका प्रधानमन्त्री ओलीमाथि संसद्प्रति अनुदार नेताको आरोप लाग्दै आएको छ । यसपटक पनि प्रधानमन्त्रीले अध्यादेश ल्याउन मध्यराति मन्त्रिपरिषद् बैठक आह्वान गरेका थिए । सुशासन र सेवा प्रवाह प्रभावकारी बनाउन, लगानीको क्षेत्र फराकिलो पार्न र विकास निर्माणमा बाधक देखिएका कानुन संशोधन गर्न अध्यादेश ल्याउनुपरेको सरकारको दाबी छ । तर, संसद्लाई बाइपास गरेर अध्यादेश ल्याएको भन्दै विरोध भएको छ ।

■ सहकारी रकम हिनामिना प्रकरणको छानबिनमा राजनीतिक पूर्वाग्रह

सहकारी रकम हिनामिना प्रकरणमा सत्तापक्ष र प्रतिपक्ष हेरेर विभेदपूर्ण अनुसन्धान र अभियोजन गरेको सरकारमाथि आरोप लागेको छ । प्रहरी अनुसन्धानमा भेदभावपूर्ण रबैया अपनाएर सरकारले पूर्वाग्रह साधेको विपक्षीहरूको आरोप छ । रास्वपा अध्यक्ष रवि लामिछानेलाई एउटै मुद्दामा जिल्ला अदालतपिच्छे फरक-फरक मुद्दा लगाउने, तर काग्रेस र एमालेका नेता जोगाउने पूर्वाग्रही काम गरेको ओलीमाथि आरोप छ । संसदीय छानबिन विशेष समितिले ४० सहकारीबाट ८७ अर्ब ८९ करोड अपचलन भएको प्रतिवेदन सरकारलाई बुझाएपछि सहकारी ठगीको आरोपमा रास्वपा सभापति लामिछानेलाई पक्राउ गरेर विभिन्न मुद्दा लगाइएको छ । तर, सरकार पीडितहरूका वास्तविक समस्याप्रति केन्द्रित हुनेभन्दा पनि राजनीतिक हिसाबमा रविमाथि पूर्वाग्रही देखिएको छ । ठगी प्रकरणमा जोडिएका काग्रेस उपसभापति धनराज गुरुङ, काग्रेस सांसद माया राई, एमाले प्रदेश सांसद ज्ञानबहादुर तामाङ, एमाले नेता राजीव पहारी र एमाले सांसद तथा सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइरालालाई हिरासतमै नलिई अदालतमा मात्र उपस्थित गराउने र प्रहरी कार्यालयमा बोलाएर बयान मात्र लिने कामको विरोध भएको छ ।

■ संविधान संशोधनमा सत्तासहकार्यको 'अस्त्र' मात्र

संविधान संशोधनजस्तो महत्त्वपूर्ण मुद्दामा सरकार स्पष्ट योजनाविना अगाडि बढेको प्रधानमन्त्रीकै अभिव्यक्तिले देखाएको छ । गठबन्धनभित्रको सहमतिविपरीत प्रधानमन्त्री ओलीले संविधान संशोधन तत्काल सम्भव नरहेको भनी दिएको अभिव्यक्तिमा काग्रेस नेताहरूकै असन्तुष्टि आएको छ । संविधान संशोधनसहितका मुद्दालाई छलफल गर्दै अगाडि बढाउन काग्रेस र एमाले सम्मिलित ३/३ जनाको कार्यदल बनिरहेकै बिचमा प्रधानमन्त्री ओलीले तत्काल सम्भव नहुने आशयको अभिव्यक्ति दिएका थिए । यस्तो अभिव्यक्तिले गठबन्धनको औचित्यमाथि प्रश्न उठाएको काग्रेस नेताहरूको प्रतिक्रिया छ ।



■ भ्रष्टाचारका पुराना फाइल गुपचुप

अघिल्लो सरकारले अगाडि बढाएका भ्रष्टाचारविरोधी काम र फाइल रोकेको सरकारमाथि आरोप छ । काग्रेसबाट गृहमन्त्री भएको केही दिनमै रमेश लेखकले सिआइबीका तत्कालीन प्रमुख श्यामलाल ज्ञवालीलाई हटाए । उनको नेतृत्वमा बालमन्दिर, बाँसबारी र टीकापुर जग्गा हिनामिनालगायत ठुला मुद्दाको अनुसन्धान भइरहेको थियो । नयाँ सरकार आएपछि टीकापुरको विस्तृत अनुसन्धान नै नगरी मुद्दा दायर गरियो भने अन्य दुईमा संलग्नमाथि मुद्दा नचलाउने गरी सिआइबीले 'उन्मुक्ति'को प्रयास गरिरहेको छ । अघिल्लो सरकारले शरणार्थी प्रकरणका मुख्य बिचौलिया मानिएका बेचन झालाई भारतबाट पक्राउ गरी ल्यायो । तर, गृहमन्त्रीमा लेखक आएपछि उनीमाथि विस्तृत अनुसन्धान नै नगरी मुद्दा दायर भयो ।

■ मीनबहादुरसँगै अर्बौंको जग्गा दान

प्रधानमन्त्री ओलीले ललितानिवासको सरकारी जग्गा किर्ते गरी आफ्नो नाममा ल्याएको अभियोग लागेका व्यापारी मीनबहादुर गुरुङबाट अर्बौं रुपैयाँबराबरको सम्पत्ति दानस्वरूप लिए, जसले सरकारको पारदर्शिता र सुशासनमाथि गम्भीर प्रश्न उठाएको छ । यो विषयमा प्रश्न उठाउने पार्टीनेतालाई ओलीले कारबाही नै गरे ।

■ कुलमान हटाउन अनेक प्रयास

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उद्योगहरूले नतिरेको अर्बौं बक्यौता उठाउने प्रयास गर्दा सरकारको समर्थन नपाएको र उल्टै प्रधानमन्त्री र विभागीय मन्त्रीबाट उनलाई हटाउने प्रयास भएको छ । लोडसेडिङ अन्त्यको जस लिएका घिसिङ हटाउने प्रयासलगायतमा प्रधानमन्त्री विवादमा तानिएका छन् र यसले उनको ऊर्जा क्षेत्रप्रतिको प्रतिबद्धतामाथि शंका उत्पन्न गरेको छ ।

■ असन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध

बिआरआई फ्रेमवर्कमा प्रमुख दलहरूबिच सहमति जुटाउन र भारत भ्रमण तय गर्न नसक्नुले सरकारको कूटनीतिक प्रयास कमजोर देखिएको छ । हालैको चीन भ्रमणमा भएको बिआरआई फ्रेमवर्क सहमतिमा सत्तारूढ दल काग्रेसकै असन्तुष्टि देखिएको छ । अर्कोतर्फ पटक-पटक प्रयास गर्दा पनि प्रधानमन्त्री ओलीको भारत भ्रमण तय हुन सकेको छैन । अन्तर्राष्ट्रिय सन्तुलित सम्बन्ध कायम राख्न पनि सरकार चुकेको छ ।

■ सार्वजनिक संस्थानलाई धराशयी बनाउने कदम

सरकारले थप नौ सार्वजनिक संस्थानलाई निजीकरण गर्ने निर्णय गरेर सार्वजनिक संस्थानलाई धराशयी बनाएर निजीकरण गरिएको ०५० र ०६० को दशकको 'नियति' दोहोऱ्याउने बाटो लिएको छ । निजीकरण समितिको बैठकले विराटनगर जुट मिल, बुटवल धागो कारखाना, गोरखकाली रबर उद्योग, उदयपुर सिमेन्ट, जनकपुर चुरोट कारखाना, नेपाल मेटल कम्पनी, हेटौंडा कपडा उद्योग, हेटौंडा सिमेन्ट र नेपाल ओरियन्ट म्याग्नेसाइट प्रालिलाई विभिन्न सर्तमा निजीकरण गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने निर्णय गरेको हो ।

■ कमजोर विपत् व्यवस्थापनमा

गत असार-साउनको विपत् व्यवस्थापनमा कमजोरी देखिएको छ । प्राकृतिक प्रकोपका समयमा सरकारको तयारी र प्रतिक्रिया प्रभावकारी नभएको भन्दै आलोचना भएको छ । १० देखि १२ असोजको बाढीपहिरोमा सरकारको चरम लापरबाही देखियो । काठमाडौंमै समेत घरको छतमा बसेका व्यक्तिले समयमै उद्धार नपाएर ज्यान गुमाउनु पऱ्यो ।

■ सिंहदरबारमै त्रिवि सभा

त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा गर्नुपर्ने त्रिविवि सभाको कार्यक्रम प्रधानमन्त्री कार्यालय सिंहदरबारमै डाकिएको प्रसंगमा प्रधानमन्त्री ओली विवादित बने । पहिलोपटक उपकुलपति खुला प्रतिस्पर्धाबाट छनोट गरिएको थियो । तर, प्रधानमन्त्रीले फेरि हस्तक्षेप सुरु गरे । १५ साउनमा त्रिवि सभामार्फत आउनुपर्ने ०८१/८२ को नीति तथा कार्यक्रम कुलपतिका हैसियतमा ओलीले रोकिदिए । कार्यक्रमविनैको बजेट पास भएपछि चौतर्फी आलोचना भयो ।

■ प्रशासनमा देखिएन सुधारको संकेत

गठनको सुरुवातदेखि नै सरकारले प्रशासनिक बेथिति न्यूनीकरण गर्ने, सेवाप्रवाह सुधार्ने र प्रक्रियालाई सरल बनाउने प्रतिबद्धता जनाए पनि कार्यान्वयनका तहमा ती निर्णय अपेक्षाकृत प्रभावकारी देखिएका छैनन् । भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रवर्द्धन, प्रशासनिक सुधार र सेवाप्रवाहका क्षेत्रमा सरकारको प्रभावकारिता कमजोर देखिएको छ । सोमबार मात्रै राष्ट्रपति रामचन्द्र पौडेलले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवाप्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ जारी गरेका छन् । अध्यादेशमा जिम्मेवारीप्राप्त सरकारी अधिकारीले कुनै पनि सरकारी फाइल सात दिनभित्र अनिवार्य निर्णय गर्नैपर्ने र अड्काउने कर्मचारीलाई कारबाही हुने व्यवस्था गरिएको छ । यसबिचमा सरकारले प्रशासनिक सुधारका केही प्रयास गरेको छ । कर्मचारीलाई कार्यसम्पादनमा कडाइ गर्ने काम सरकारले गरेको छ । सेवाप्रवाहलाई सहज र सरल बनाउन बिदाको दिनमा पनि अत्यावश्यक सेवाप्रवाह गर्ने, सेवाप्रवाहलाई प्रविधिसँग जोड्ने प्रयास पनि भइरहेका छन् । सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवाप्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ जारी गरेर सरकारले निर्णय गर्न बाध्य पार्न खोजेको छ ।


धरौटी वा जमानत दिन नसके ६ महिनापछि कैदबाहिरै बसेर पुनरावेदन गर्न पाउने

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतले धरौटी वा जमानत दिन नसके ६ महिनापछि कैदबाहिरै बसेर पुनरावेदन गर्न पाउने व्याख्या गरेको छ । यसअघि धरौटी वा जमानत राख्न नसक्दा थुनाभित्रै रहनुपर्ने कानुनी व्यवस्था थियो । सर्वोच्चको बृहत् पूर्ण इजलासले भ्रष्टाचारका मुद्दामा व्याख्या गर्दै अब त्यो अवधि ६ महिना मात्र हुनुपर्ने व्याख्या गरेको छ ।

भ्रष्टाचार मुद्दाका केही प्रतिवादीहरूले सर्वोच्चमा आफूहरूले कानुनबमोजिमको सुविधा पाउनुपर्ने तथा पुनरावेदनमा रहेको मुद्दा ६ महिनाभित्र फैसला नभएकाले थुनामुक्त हुनुपर्ने मागसहित रिट दर्ता गरेका थिए । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत तथा न्यायाधीशहरू विनोद शर्मा, अब्दुल अजिज मुसलमान, सुनीलकुमार पोखरेल र नृपध्वज निरौलाको गत शुक्रबारको इजलासले यस्तो व्याख्या गरेको हो ।

यस आदेशले ठुला मुद्दाका प्रतिवादीहरू पनि कैदबाहिरै बसेर पुनरावेदन गर्न पाउने बाटो खुलेको छ । कर फर्स्योट आयोगमा भएको भ्रष्टाचारका विषयमा अध्यक्ष लुम्बध्वज महत तथा सदस्यहरू चूडामणि शर्मा र उमेशप्रसाद ढकाल हाल कैदमै छन् । धरौटी बुझाउन नसकेपछि उनीहरू यसै वर्ष साउन तेस्रो सातादेखि कैदमै रहेका हुन् । यो आदेश उनीहरूका हकमा पनि आकर्षित हुने देखिएको छ ।



सर्वोच्चको आदेशले ठुला मुद्दाका प्रतिवादीहरूलाई कैदबाहिरै बसेर पुनरावेदन गर्न पाउने बाटो खुल्यो

पुनरावेदन गर्ने कानुनी हकको विषयमा शिवराज उपाध्याय निवेदक रहेको निवेदनमाथिको आदेशमा भनिएको छ, 'मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(२)ले धरौट जमानत स्वीकार गर्ने नगर्ने कुरा अदालतको स्वविवेकको विषय बनाएको देखिन्छ । तर, माग गरिएको धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन गरेकोमा सो मितिले ६ महिनाभित्र फैसला हुन नसकेमा तारिखमा रही मुद्दाको पुर्पक्ष गर्ने पक्षको अधिकार सिर्जना हुन पुग्दछ । जहाँ कानुन स्पष्ट छ, त्यहाँ थप व्याख्या गर्न जरुरी हुँदैन ।'

रुद्रप्रसाद दाहाल, सुरेश अधिकारी र शिवराज उपाध्यायसमेतले सर्वोच्चमा विचाराधीन मुद्दासँगै उक्त सुविधा पाउनुपर्ने भनी एउटै मागसहितको निवेदन पेस गरेका थिए । त्यसमाथि इजलासले मागबमोजिम हुने आदेश गरेको हो ।

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३७ मा पुनरावेदन दिँदा कैदमा बस्नुपर्ने व्यवस्था तथा त्यस्तो अवस्थाबारे उल्लेख छ । जसमा जन्मकैदको सजाय भएमा, १० वर्षभन्दा बढी कैदसजाय सुनाइएमा, विशेष किसिमका कसुरमा तीन वा सोभन्दा बढी वर्षको कैद तोकिएमा, पुर्पक्षका लागि थुनामा बसेर कसुरदार कायम भएको, नेपालभित्र स्थायी बसोवास नभएका व्यक्तिहरू कैदमा बस्नुपर्ने व्यवस्था छ । तर, सोही दफाले कतिपय अवस्थामा पुनरावेदन सुन्ने अदालतले धरौट वा जमानत लिई पुनरावेदन गरिदिन सक्ने प्रावधान राखेको छ ।

तर, कानुनले धरौट लिएर पुनरावेदन गर्न सक्ने अवस्था हुँदाहुँदै धरौट वा जमानत बुझाउन नसकेकाहरू भने कैदबाटै पुनरावेदन गर्नुपर्ने हुन्छ । त्यस्ता व्यक्तिको मुद्दा ६ महिनाभित्र किनारा लाग्नुपर्ने व्यवस्थासमेत संहितामा छ । दफा १३७(६) मा भनिएको छ, 'धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन दिने व्यक्तिको पुनरावेदनउपर त्यस्तो पुनरावेदन दर्ता भएको मितिले ६ महिनाभित्र फैसला हुन नसकेमा सम्बन्धित पुनरावेदन सुन्ने अदालतले निजलाई त्यस्तो अवधिपछि कैदबाट छाडी तारिखमा राखी पुर्पक्ष गर्नुपर्नेछ ।' निवेदकहरू यही सुविधा पाउनुपर्ने मागसहित सर्वोच्च पुगेका थिए ।

यसअघि सर्वोच्चको बृहत् पूर्ण इजलासबाटै बैंकिङ कसुरको एक मुद्दामा तारिखमा राखी पुर्पक्ष गर्न कानुनले नरोकेको आदेश भएको थियो । गत भदौमा भएको आदेशमा कानुनले नै ६ महिनाभित्र किनारा गर्नू भनेकोमा त्यसो गर्न नसक्नु अदालतको जिम्मेवारी रहेको र त्यसो गर्न असमर्थ हुँदा वैयक्तिक स्वतन्त्रतामा आघात पार्न नहुने उल्लेख थियो । त्यस आदेशलाई समेत आधार मान्दै सर्वोच्चले भनेको छ, 'कानुनले कुनै कुरामा रोक लगाउँदैन वा निषेध गर्दैन भने अदालतले व्याख्यामार्फत वा विभिन्न अप्रासांगिक कानुनको सहारा लिई त्यस्तो निषेध नगरिएको कुरामा रोक लगाउने, त्यस्तो कानुनी व्यवहारलाई खुम्च्याउने वा प्रयोगहीन तुल्याउने कार्य न्यायिक मान्यताअनुकूल हुँदैन । धरौटी तारिखमा राखी पुनरावेदन गर्ने सुविधा दिँदा समान मुद्दाका प्रतिवादीहरूबिच संविधान प्रतिकूल असमान व्यवहार हुन पुग्दछ ।'

यस्ता निवेदन दिएकामध्ये उपाध्यायले सरकारी रकम हिनामिना गरेको अभियोग छ । उनी विशेष अदालतबाट भ्रष्टाचार दोषी ठहर भइसकेका हुन् । अधिकारीमाथि राजस्व रकम हिनामिना तथा गैरकानुनी सम्पत्ति आर्जनको मुद्दा विचाराधीन छ । यसैगरी, रुद्रप्रसाद दाहालमाथि पनि राजस्व रकम हिनामिना गरेको अभियोग छ । उपाध्यायले विशेष अदालतको फैसलाविरुद्ध गत वर्ष पुस तेस्रो साता सर्वोच्चमा पुनरावेदन गरेका थिए । अधिकारीले गत वर्ष १७ माघमा सर्वोच्चमा पुनरावेदन गरेका थिए भने दाहालको पुनरावेदन पनि सोही दिन परेको छ । विशेष अदालतले तोकेको जरिवानाअनुसार धरौट राख्न नसक्दा उनीहरू कैदमै बसेर मुद्दामा पुनरावेदन गरिरहेका थिए । कैदमा बसेको ६ महिना पुगे पनि सर्वोच्चबाट मुद्दामा फैसला आएकाले उनीहरूले यसै वर्ष २६ कात्तिकमा ऐनअनुसार सुविधा पाउनुपर्ने मागसहित निवेदन दर्ता गरेका थिए ।

प्रधानमन्त्रीलाई पत्रकार महासंघको सातबुँदे ध्यानाकर्षणपत्र

काठमाडौं/ नेपाल पत्रकार महासंघले प्रधानमन्त्री केपी ओलीलाई पत्रकार र सञ्चार क्षेत्रले भोगिरहेका समस्या समाधानका लागि सोमबार सातबुँदे ध्यानाकर्षणपत्र बुझाएको छ । महासंघकी अध्यक्ष निर्मला शर्मा नेतृत्वको टोलीले बालुवाटारस्थित सरकारीनिवासमा प्रधानमन्त्रीलाई भेटेर सञ्चारसम्बद्ध कानुनको कार्यान्वयन, तिनको सुधार र नयाँ कानुन निर्माणका सबै प्रक्रियामा महासंघसहित सरोकारवाला पक्षसँग संवाद, समन्वय र सहमतिको वातावरण निर्माण गर्न माग गरेको हो ।

'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्ड, संवैधानिक प्रावधान र अभ्यासविपरीत कानुनी प्रबन्ध नहोस् भन्नेमा महासंघ सचेत रहेको अवगत गराउँदछौं,' महासचिव रामप्रसाद दाहालद्वारा जारी ध्यानाकर्षणपत्रमा भनिएको छ, 'सञ्चार क्षेत्रसँग सम्बद्ध स्थायी र अस्थायी संरचनामा महासंघको अनिवार्य प्रतिनिधित्वको नीतिगत व्यवस्थाका लागि ध्यानाकर्षण गराउँछौं ।' त्यस्तै, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हननका घटनामा संलग्न राज्य र गैरराज्य पक्षलाई कानुनी कारबाहीको माग गरिएको छ ।

> पत्रकारको पारिश्रमिक वृद्धि र सञ्चारगृहलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध गराउन पहल चाल्न सुझाव

महासंघले स्वायत्त, स्वतन्त्र र शक्तिशाली प्रेस रजिस्ट्रारको कार्यालय स्थापना गर्न माग गरेको छ भने समयसापेक्ष र न्यायोचित पारिश्रमिक वृद्धिका लागि ध्यानाकर्षण गराएको छ । 'श्रमजीवी पत्रकार ऐन जारी भएको तीन दशक हुँदासमेत ऐन तथा नियमावलीले तोकेका सेवासुविधा प्राप्तिका लागि महासंघ निरन्तर आन्दोलित हुनु परिरहेको छ,' महासंघले भनेको छ, 'समयसापेक्ष र न्यायोचित पारिश्रमिक वृद्धिका साथै सबै सञ्चारगृहलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य रूपमा आबद्ध गराउन सरकारको पहलकदमीको अपेक्षा महासंघ गर्दछ । न्यूनतम पारिश्रमिक निर्धारण समितिलाई अनुगमनको समेत जिम्मेवारी दिँदै अझ बलियो र प्रभावकारी बनाउन पनि प्रस्ताव गर्दछौं ।'

महासंघले पत्रकारको निःशुल्क उपचारको व्यवस्था, महासंघको कार्यालय भवनको मर्मत-सम्भार, अशक्त पत्रकारको जीविकोपार्जनको व्यवस्था आदि सुनिश्चित गर्न पनि आग्रह गरेको छ । पत्रकारको दक्षता अभिवृद्धिका लागि तत्काल आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठन गर्न सरकारसँग महासंघले माग गरेको छ ।

मधेश प्रदेशको बजेट वक्तव्य संशोधनका लागि संसद्मा संकल्प प्रस्ताव दर्ता

जनकपुरधाम/ मधेश प्रदेशको चालू आर्थिक वर्ष ०८१/८२ को बजेट वक्तव्य संशोधनको माग गर्दै प्रदेश सभा सचिवालयमा संकल्प प्रस्ताव दर्ता भएको छ । लोसपा सांसद रुपा यादवले सोमबार संकल्प प्रस्ताव दर्ता गरेकी हुन् । मधेश प्रदेश सभा सचिवालय सचिव वासुदेव कोइरालाले संकल्प प्रस्ताव दर्ता भएको बताए । सचिवालयमा दर्ता संकल्प प्रस्ताव ३ माघमा बस्ने सभा बैठकमा पेस गरिने भएको छ । चालू आवको बजेट वक्तव्यको बुँदा नम्बर १४७ मा प्रदेश सरकारले विकास निर्माण कार्य खुला प्रतिस्पर्धा तथा टेन्डरका आधारमा गर्नुपर्ने उल्लेख छ । सोही बुँदालाई संशोधन गरी उपभोक्ता समितिमार्फत विकास निर्माण कार्य सक्ने व्यवस्था राख्नुपर्ने मागसहित संकल्प प्रस्ताव दर्ता गरेको सांसद यादवले बताइन् ।

उत्पादन र मूल्यको नक्कली लेबल लगाएर 'न्युट्रास्युटिकल' बिक्री

विराटनगरका व्यापारीको गोदाममा राजस्वको छापा

विराटनगरमा **गणेश लम्साल**

म्याद गुज्रेका खाद्यपूरक सामग्रीमा नक्कली लेबल लगाएर बिक्री गर्दै आएका विराटनगरका एक थोक व्यापारीको गोदाममा राजस्व अनुसन्धान कार्यालयले छापा मारेको छ । बिरामीको स्वास्थ्य अवस्थामा खेलबाड गर्दै म्याद सकिएको खाद्यपूरक (न्युट्रास्युटिकल) सामग्रीमा उत्पादन र म्याद गुज्रिएको मिति मेटाई नक्कली मितिको लेबल राखेर बिक्री-वितरण गरेको आरोपमा विराटनगरका व्यापारी विपिन झाको गोदाममा आइतबार साँझ छापा मारेर अवैध सामग्री बरामद गरेको हो ।

व्यापारी झाले विराटनगर महानगरपालिका- ६ मा रहेको तीन तलाको आफ्नै घरमा तीनवटा कोठालाई गोदाम बनाएर खाद्यपूरक सामग्रीको थोक व्यापार गर्दै आएका थिए । आयातकर्तासमेत रहेका झा 'न्युट्रास्युटिकल' एसोसिएसन मोरङका अध्यक्षसमेत हुन् । छापा मार्दा अवैध खाद्यपूरक सामग्री भेटिएपछि गोदाम सिल गरेर राजस्व अनुसन्धान एकाइ इटहरीले तीन दिनभित्र झालाई कार्यालयमा हाजिर हुन आउन भनी परिपत्र गरेको छ ।

मोरङ प्रहरी प्रवक्ता डिएसपी वेदप्रकाश जोशीका अनुसार झाले म्याद सकिएको न्युट्रास्युटिकलको लेबल मेटाएर पुनः नयाँ उत्पादन मिति राखेर बिक्रीका लागि बजारमा पठाउने तयारी गर्दैगर्दा प्रहरीले बरामद गरेको थियो । राजस्व अनुसन्धान र प्रहरीको टोलीले म्याद सकिएका खाद्यपूरक सामग्रीमा छाप लगाउने ४० वटा स्टाम्पसमेत बरामद गरेको छ । राजस्व कार्यालय इटहरीका अनुसन्धान अधिकृत रामप्रसाद लुइँटेलका अनुसार झाले नक्कली कागजातप्रयोग गरेर अवैध रूपमा अनुमति नै नभएको खाद्यपूरक सामग्री आयात गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ ।

न्युट्रास्युटिकल (खाद्यपूरक) सामग्री एकप्रकारको भिटामिन हो । यसलाई चिकित्सकहरूले बिरामीका लागि प्रेस्क्राइभ गर्ने गरेका छन् । यो झोल, क्याप्सुल र ट्याब्लेट सबै आकारमा प्राप्त हुन्छ । लामो समय एन्टिबायोटिक खाने र औषधि खाँदा शरीर कमजोर नहोस् भनेर विदेशमा बिरामीले चिकित्सकहरूको निगरानीमा खाद्यपूरक सामग्री खाने गर्छन् । औषधि विभागमा दर्ता पनि नहुने र औषधि पनि नभएकाले फार्मेसीले खाद्यपूरक सामग्री बिक्री गर्न पाउँदैनन् । तर, अनुमगन नहुँदा प्रायः सबै औषधि पसलले खुलेआम खाद्यपूरक सामग्री बिक्री गर्दै आएका छन् ।


सूक्ष्म वनस्पतिको विशाल सम्भावना

'डकविड' अर्थात् सूक्ष्म झार पछिल्ला दिनमा दिगो, सुलभ एवं वातावरणमैत्री नवीन औद्योगिक बालीका रूपमा स्थापित हुँदै गइरहेको छ



● रमेश बस्नेत

अग्रलेख



प्रकृति आफैंमा विचित्र र रहस्यमय छ। प्रकृतिका नियम बुझी आफ्नो सुख, शान्ति र कल्याणबाट सभ्यतालाई थप उचाइमा पुऱ्याउन मानव जाति तल्लीन छ। वास्तवमा समस्त मानव, जीवजन्तु र चराचुरुंगीको बाँच्ने मूल आधार पानी र वानस्पतिक स्रोत हुन्। वानस्पतिक विविधतामा फूल नफुल्ने सूक्ष्म लेउदेखि फूल फुल्ने विशाल वृक्षसम्मको अस्तित्व छ। लेउ र झ्याउजस्तो देखिने, पानीमा उत्रेको अवस्थामा पाइने, तीव्र गतिमा बढ्ने, फूल फुल्ने सूक्ष्म वनस्पति हो हंसझार (डकविड)। यो पृथ्वीकै सबैभन्दा सानो फूल फुल्ने वनस्पति हो, जुन 'लेम्नासी' वानस्पतिक परिवारभित्र पर्छ। यो वनस्पति मरुभूमि र हिउँले छोपिने क्षेत्रबाहेक पृथ्वीको सबै स्थानमा पाइन्छ। सिमसार, धान खेत, ताल-तलैया, पोखरी, कुण्ड, घोल, बिस्तारै बग्ने नहर डकविडका प्रमुख वासस्थान हुन्।

विश्वमा डकविडका पाँच जाति (स्पाइरोडेला, ल्यान्डोल्सिया, लेम्ना, वोल्फाइला र वुल्फिया) र ३६ प्रजाति पाइन्छन्। नेपालमा हालसम्म वोल्फाइलाबाहेकका चारवटा जाति पाइन्छन्। यिनको आकार ०.५ मिमिदेखि १.५ सेमिसम्म लम्बाइको हुन्छ। दुई जाति वोल्फाइला र वुल्फियामा भने जरा नै हुँदैन। यही सूक्ष्मता र सरल संरचनामा रहेको जीवनको कुतूहल मेटाउन वैज्ञानिक जगत्मा यसलाई 'मोडेल रिसर्च प्लान्ट'का रूपमा उपयोग गरिएको छ। तसर्थ, फिजियोलोजी, मोलिकुलर बायोलोजी, बायोटेक्नोलोजी, जिनोमिक्स, फाइटोरिमिडेसन, इकोलोजी र इभोलुसनजस्ता आधारभूत विज्ञानको खोजमा यो वनस्पतिको उपयोगिता बढ्दो छ। यही सूक्ष्मतामा रहेका विभिन्न जैविक प्रक्रियाको अध्ययनबाट प्राप्त ज्ञान र बुझाइबाट वस्तुको उत्पादन तथा वितरण भई मानव कल्याणमा उपयोगी देखिएका छन्।

डकविड केवल अध्ययन, अनुसन्धान र प्रकाशनमा मात्र सीमित छैन, यसका कैयौं व्यावहारिक उपयोगका पक्षलाई उजागर गरी जलवायु परिवर्तनका चुनौतीलाई सामना गर्न सक्ने सामर्थ्य देखिन्छ। यसको उपयोग सिमसारको शुद्धीकरणदेखि घरेलु, कृषिजन्य तथा डेरीजन्य फोहोर पानीको शुद्धीकरण र त्यसबाट उपलब्ध हुने बायोमासको विविध प्रयोग (प्रांगारिक मल, जैविक इन्धन)मा समेत हुने गर्छ। प्रोटिन मात्र होइन, स्टार्चको मात्रा बढी, तर 'लिगनिन'को मात्रा कम भएकाले दिगो जैविक इन्धन बाली (सस्टेनेबल इनर्जी क्रप)का रूपमा यसको परीक्षण र प्रयोग भइरहेको छ। यसबाट जलवायु परिवर्तनको एक कारकका रूपमा रहेका हरितगृह ग्यासको उत्सर्जन घटाउनलाई सहयोगसमेत पुग्नेछ। विश्वका प्रमुख सभ्यताहरूमा डकविडको वर्णन गरिएको पाइन्छ। खासगरी ईश्वरसँग पुग्ने माध्यम तथा ज्वरो र सुन्निएको औषधिका रूपमा पनि यसको नाम उल्लेख गरिएको छ। परम्परागत रूपमा दक्षिण-पूर्वी एसिया खासगरी थाइल्यान्ड, लाओस, म्यानमार र भियतनाममा 'खाई नाम' अर्थात् (पानीमा पाइने सुलभ अन्डा)का रूपमा यसको उपयोग गरिन्छ। यसमा औसत स्टार्च ३०४०, प्रोटिन १०४५, बोसो ४९, फाइबर ८१० र खरानी १४१७ प्रतिशत रहने गर्छ। यसका अतिरिक्त ओमेगा ३, फ्याटी एसिड, आइरनलगायत अन्य खनिज तथा फाइटोकेमिकल्स (लुटिन, बिटा क्यारोटिन, जियाज्यान्थिन) आदि पनि पाइन्छन्। यी तत्त्वको मात्रा वनस्पतिको अनुवंश, उमेर, हुर्किएको वातावरण (प्रकाश, सिजन, पानीको गहिराइ र बहाव), नाइट्रोजन, फस्फोरसलगायत पोषण तत्त्वको उपलब्धता, अन्य वनस्पति र सूक्ष्मजीवीय अन्तर्क्रिया), संकलन गर्ने र सारतत्त्व निकाल्ने विधिमा भर पर्छ। भियतनाम, भारत, बंगलादेश, फिलिपिन्सलगायत देशमा यसको प्रयोग दाना तथा मलमा भइरहेको छ। चीनमा धानखेती गर्दा डकविड, धान र हाँसपालनको एकीकृत एवं वातावरणमैत्री अभ्यास गरिन्छ, जुन दिगो कृषि प्रणालीको नमुना पनि हो।

विश्व खाद्य संगठनले सन् २०१९ लाई 'ग्रिनिङ द ब्लु' अर्थात् पानीमा कृषि हरियाली अभियान अघि साऱ्यो। यसको मूल उद्देश्य कृषि भूमिका लागि वन विनाशबाट जोगाउनु थियो। उदाहरणका लागि भटमास र मकै उत्पादनका लागि हजारौं हेक्टर वन फँडानी तथा रासायनिक मल प्रयोग हुने गरेका छन्, दुवै कार्यबाट वातावरणीय समस्या निम्तिएका छन्। उक्त मकै र भटमास उत्पादनको ठुलो अंश मासु उत्पादनका लागि दाना र जैविक इन्धनमा प्रयोग हुने गर्छ। यसबाट विश्वमा बढ्दो जनसंख्यामा दिगो खाद्य तथा पोषण सुरक्षामा जोखिम बढेको छ। तर, डकविड (हंसझार)ले पशुपक्षी तथा माछाको दानाका रूपमा प्रयोग हुने भटमास, गहुँजस्ता अन्नबालीलाई कम्तीमा १० प्रतिशत मात्र प्रतिस्थापन गर्दा मासु उत्पादनमा कम लागत पर्नुका साथै वातावरणमैत्री उत्पादनसमेत हुने सम्भावना छ। अर्थात्, वनस्पतिमा आधारित वैकल्पिक प्रोटिन स्रोत बन्न पुगेको छ, डकविड। साथै, डकविडले उत्पादनका लागि अन्य बालीसँग भूमिका लागि प्रतिस्पर्धा गर्दैन। बरु सीमान्तकृत जलकुण्ड र सिमसारहरूबाट नाइट्रोजन, फस्फोरसजस्ता तत्त्वलाई सोसेर पानीको शुद्धीकरण, प्रोटिन सुपरफुड र जैविक इन्धनको विकल्पका रूपमा योगदान दिएको छ।

> डकविड स्पेस फुड, खाद्य सुरक्षा, पानी शुद्धीकरण, औषधि (एन्टिमाइक्रोबिएल तथा एन्टिअक्सिडेन्ट), लामखुट्टे भगाउने धुप, जैविक इन्धन, माछा तथा पशुपक्षीको दानाको दिगो विकल्प बनेर आएको छ

यद्यपि, यसको प्रयोग गर्नुअघि प्रयोगशालाबाट सुरक्षा, गुणस्तरीयता र प्रभावकारिताको परीक्षण गर्नु भने जरुरी छ। यसलाई जिएम (जेनिटिकल्ली मोडिफाइड) फ्री र कमप्लिट प्रोटिन (सबै एमिनो एसिड उपलब्ध) भएको ब्रान्डेड प्रडक्टका रूपमा अमेरिका, इजरायल, जर्मनीले खाद्य कम्पनी स्थापना गरेका छन्। यहाँ उत्पादन भने नियन्त्रित वातावरणमा हुने गर्छ। हाल पश्चिमी मुलुकमा शाकाहारी र वातावरण संवेदनशील हुने लहर पनि चलेकाले यसको उत्पादन (पाउडर, जुस, मिट सब्स्टच्युट)ले राम्रो बजार पाएको छ। उत्पादन लाभ र लागतको तुलना गर्दा प्रतिकेजी मासु उत्पादन गर्न लाग्ने दाना, घाँस, पानी र हरित ग्यास उत्सर्जनभन्दा डकविडको लागत झन्डै ११ गुना कम पर्न जान्छ।

डकविड स्पेस फुड, खाद्य सुरक्षा, पानी शुद्धीकरण, औषधि (एन्टिमाइक्रोबिएल तथा एन्टिअक्सिडेन्ट), लामखुट्टे भगाउने धुप, जैविक इन्धन, माछा तथा पशुपक्षीको दानाको दिगो विकल्प बनेर आएको छ। आजकल भर्टिकल फार्मिङ, अक्वारियम तथा इन्डोर डेकोरेसनमा पनि यसको प्रयोग बढ्दो छ। मुख्य ध्यान दिनुपर्ने विषय भने सहरी तथा औद्योगिक हानिकारक फोहोर पानीको उपचार गरेको डकविडले गह्रौं धातु (हेभी मेटल)लगायत अन्य विषयुक्त रसायन पनि सोस्ने हुनाले खानका लागि उपयुक्त हुँदैन। तसर्थ, उद्देश्यअनुसार यसको संकलन, खेती तथा प्रयोग गर्नुपर्छ। यसै सन्दर्भमा सन् २०१० पछि डकविडको अध्ययन-अनुसन्धान तथा ज्ञान र अनुभवको आदान-प्रदान गर्न अन्तर्राष्ट्रिय रूपमा संगठित प्रयास सुरु भएको छ। इन्टरनेसनल कन्फेरेन्स अन डकविड रिसर्च एन्ड एप्लिकेसनले हरेक दुई वर्षमा सम्मेलन गर्दै आएको छ। त्यसअनुरूप चीन (२०११), अमेरिका (२०१३), जापान (२०१५), भारत (२०१७), इजरायल (२०१९), जर्मनी (२०२२) र थाइल्यान्ड (२०२४) नोभेम्बरमा सम्मेलन सम्पन्न भइसकेको छ।

नेपालको वर्तमान अवस्थामा डकविडको स्पाइरोडेला र लेम्ना जाति सहजै पाइने र चिन्न सकिने खालका छन्। यी दुवैलाई प्राज्ञिक र व्यावहारिक प्रयोगमा ल्याउन सकिन्छ। करिब १५० देखि १५ सय मिटरको उचाइसम्म यसको राम्रो सम्भावना देखिन्छ। घरेलु तथा पशुपालन, दुधडेरी उद्योगबाट निष्कासन हुने फोहोर पानीको उपचार गर्दा राम्रो फाइदा लिन सकिन्छ। खासगरी मत्स्यपालनसँग एकीकृत रूपमा डकविडको खेती प्रवर्द्धन गर्दा बाह्रै महिना अधिकतम लाभ लिन सकिन्छ। दाना राख्दा पोखरीको पानीमा न्युट्रियन्ट्स (पोषण तत्त्वहरूबाट) हुने प्रदूषणलाई शुद्धीकरण गरी स्वस्थ माछा उत्पादन हुने र बायोमासलाई सजिलै संकलन गर्न सकिने दानाको प्रतिस्थापक (पूर्ण भने होइन)का रूपमा प्रयोग गर्दा कृषकको दानामा हुने लगानी बचत गर्न सकिन्छ। यस किसिमका क्रियाकलापबाट केही मात्रामा भए पनि राष्ट्रिय मत्स्य विकास नीति, २०७९ का उद्देश्यअनुरूप रोजगारी, खाद्य तथा पोषण सुरक्षा, प्रतिस्पर्धी र वातावरणमैत्री मत्स्य क्षेत्र बनाउन योगदान पुग्ने देखिन्छ। यसका लागि सरकार (संघ, प्रदेश र स्थानीय तह), वनस्पति विभाग, नेपाल कृषि अनुसन्धान परिषद्, विश्वविद्यालयहरू, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, औद्योगिक निजी एवं बैंकिङ क्षेत्रबिच सहकार्य र समन्वय जरुरी छ। साथै, साना कृषक समूह, मझौला तथा ठुला कृषि उद्यमीलाई शिक्षा, तालिम र अध्ययन भ्रमणबाट क्षमता विकास गर्नु आवश्यक छ। यसपछि मात्र एक्सन रिसर्च (क्रियागत अध्ययन), अनुसन्धान गरी हरित बजार र रोजगारी सिर्जना गर्न सकिन्छ।

वास्तवमा डकविड (हंसझार)मा जलीय वासस्थान, बाह्रै महिना पानी शुद्धीकरण गर्दै तीव्र गतिमा बायोमास वृद्धि हुने, कार्बनडाइअक्साइड सोस्ने र अक्सिजन दिने गुण छ। त्यो बायोमास प्रोटिन, स्टार्च र खनिजमा प्रचुरता भएकाले अन्तरिक्ष (स्पेस क्राफ्ट)मा मल्टिफंसनल लाइफ सपोर्ट सिस्टमका स्पेस फुडदेखि मानव खाना, पशुपक्षी र माछाको दाना अनि जैविक इन्धनदेखि प्रांगारिक मलसम्म बहुआयामिक उपयोग गरी आय-आर्जन गर्न सक्ने सम्भावना छ। तसर्थ, डकविड (हंसझार)ले खाद्य सुरक्षा, वातावरणीय र आर्थिक पक्षमा वैकल्पिक स्रोतका रूपमा योगदान दिई समग्र मानव कल्याणका लागि विशाल सम्भावना बोकेको छ। अनि एक दिगो, सुलभ एवं वातावरणमैत्री नवीन औद्योगिक बालीका रूपमा स्थापित हुँदै गइरहेको छ।

(बस्नेत वन तथा वातावरण मन्त्रालयका वरिष्ठ वैज्ञानिक अधिकृत हुन्)

३ प्रश्न

बेरुजु फर्स्योट समितिका अध्यक्ष **अच्युतप्रसाद मैनाली**लाई



बेरुजु फर्स्योट समितिले कसरी काम गरिरहेको छ ?

सरकारले हामीलाई महालेखा परीक्षकले औंल्याएका २०६१ देखि ०६५ सम्मका बेरुजुलाई नियमित, असुलउपर र मिनाहा गर्ने अधिकार दिएको छ। समितिले हाल कार्यविधि तय गरेको छ। अहिलेसम्म तीनवटा बैठक बसे। अर्थ मन्त्रालयसँग समन्वय गरेर समितिलाई आवश्यक कर्मचारी मागेका छौं। भरसक स्थायी कर्मचारीबाटै काम गर्ने हाम्रो अवधारणा छ। अनुभवी कर्मचारी लिएर छिटो, छरितो र व्यवस्थित ढंगले अघि बढ्छौं।

हाम्रो देशमा बेरुजुको मूल समस्या के रहेछ ?

हाम्रो देशमा २०१८ सालदेखिकै बेरुजु फर्स्योट हुन बाँकी रहेछ। विगतमा समितिहरू बनेर केही काम भए पनि बेरुजु फर्स्योटतर्फ सम्बन्धित निकायको ध्यान नगएको देखियो। खर्च गर्ने एउटा र विनियोजन गर्ने अर्को निकाय हुन्छ। महालेखा परीक्षकले निरन्तर आवाज उठाउँदै आएको छ, तर बेरुजुको अवस्था झन्-झन् बढेको देखियो। छोटो अवधिमा कर्मचारी सरुवा हुने, पहुँचका भरमा बजेट विनियोजन हुने, सम्बन्धित निकायहरू जिम्मेवार नहुने र वित्तीय अनुशासन पालना नगर्ने प्रवृत्ति नै बेरुजुका मुख्य समस्या देखिए। पुरस्कार र दण्डको व्यवस्था पनि देखिएन। बेरुजु गर्नेलाई कारबाहीको सिस्टम छैन। केही स्वार्थका कारण पनि बेरुजु फर्स्योट हुन नसकेको देखियो।

फर्स्योटको काम कत्तिको चुनौतीपूर्ण देख्नुभएको छ ?

फर्स्योटको काम निकै चुनौतीपूर्ण नै छ। यो अपजसको काम पनि हो। हामीले एउटा विधि तय गरेर काम गर्छौं। समितिमा अनुभवी र उच्च तहका प्रशासक सदस्य हुनुहुन्छ। जटिल विषय भयो भने विज्ञहरू बोलाएर पनि निर्णय गर्छौं। विवादरहित ढंगबाट कसैलाई पनि काखापाखा नगरी राज्यको ठुलो मात्रामा रहेको बेरुजुलाई निराकरण गर्ने दायित्व पूरा गर्नेछौं।

प्रेरक प्रसंग

गान्धी र साइकल

महात्मा गान्धी समयको पालनामा निकै इमानदार थिए। उनी आफू पनि समयको पालना गर्थे भने अरूबाट पनि त्यस्तै अपेक्षा गर्थे। उनी जहाँ-जहाँ जान्थे, तोकिएको समयमै पुग्थे। उनको आश्रमको दैनिकी पनि समयतालिकाअनुसार नै चलिरहेको हुन्थ्यो। त्यसमा कत्ति पनि तलमाथि हुँदैनथ्यो। उनका कार्यक्रम यति नियमित हुन्थे कि तिनैलाई हेरेर आश्रमका कर्मचारी या सहयोगीले ठिक-ठिक समय बताउन सक्थे। यतिसम्म कि उनीहरू गान्धीको कार्यक्रम र उनको उपस्थितिलाई हेरेर आआफ्नो घडीको समयसमेत मिलाउने गर्थे।



गान्धी आश्रममा साँझबिहान नियमित प्रार्थना हुने गर्थ्यो। हरेक प्रार्थनामा गान्धी ठिक समयमै अनिवार्य उपस्थित हुन्थे। उनी जहाँ बस्थे, त्यहीं प्रार्थना हुन्थ्यो र गान्धी त्यहाँ उपस्थित हुन्थे। यो उनको दैनिकी नै थियो। एक दिन दिउँसोको समयमा गान्धी गुजरात विद्यापीठमा आयोजित एक कार्यक्रममा सहभागी भए। कार्यक्रम केही लम्बिएकाले उनले त्यहाँ बढी समय बिताउनुपऱ्यो। जसले गर्दा उनलाई साँझको प्रार्थना सभामा पुग्न ढिलो भयो। प्रार्थना गर्ने समय सुरु हुने लागिसकेको थियो। उनी त्यहाँ समयमै पुग्न कठिन थियो। उनीसित कुनै साधन पनि थिएन। त्यसैले उनी बडो समस्यामा परे।

गान्धीले यसो यताउता हेर्दा नजिकै एउटा साइकल लडिरहेको देखे। त्यसैलाई उठाएर तीव्र गतिमा चलाउँदै उनी ठिक समयमै प्रार्थना स्थलमा पुगे। आश्रम पुगेपछि उनले एक सहयोगीलाई साइकल विद्यापीठमा पुऱ्याउन लगाए र आफूचाहिँ प्रार्थना सभामा सहभागी भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

वृत्तिविकासमा 'जाम' किन ?

नेपाल प्रहरीका जुनियर अधिकृतले ३० वर्ष सेवा गर्दा पनि मात्र एक तह पदोन्नतिमा चित्त बुझाएर घर फर्किन बाध्य हुनुपर्ने अवस्था रहेको समाचार पढियो। कोही ३० वर्ष नपुग्दै संगठनको माथिल्लो नेतृत्वमा पुग्ने र कोहीचाहिँ ३० वर्षमा एक तह मात्र पदोन्नति हुने अवस्था आउनु भनेको संगठन हाँक्ने प्रहरी नेतृत्व र गृह प्रशासनका राजनीतिक तथा प्रशासनिक नेतृत्वकर्ताको गम्भीर कमजोरी हो। उनीहरूले जुनियर अधिकृतको वृत्तिविकासबारे कत्ति पनि चासो नदिनुको परिणाम हो यो। वृत्ति विकासमा यसरी जाम हुँदा पनि प्रहरी नेतृत्व किन मौन छ ?

● **वन्दना मगर**, चपली, काठमाडौं

अनुदानमा हुने चलखेल रोक

सरकारले कृषकलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरेको छ। कृषिकर्ममा लागेका किसानलाई उनीहरूको कामअनुसार अनुदान दिने राज्यले निकै ठुलो रकम खर्च गर्दै आएको छ। पछिल्लो पाँच वर्षमा कृषकका नाममा सरकारले एक खर्ब सात अर्ब अनुदान वितरण गरिसकेको छ। तर, यसबाट न कृषि क्षेत्रको वृद्धिदर उच्च हुन सकेको छ, न कृषिउपजको आयात नै घटेको छ। यसको अर्थ यो अनुदानमा चलखेल भइरहेको छ। यसलाई रोक।

● **गोविन्द चटौत**
झौखेल, भक्तपुर

कहिले बन्छ त कानुन ?

कृषिमन्त्री रामनाथ अधिकारीले कानुनमै व्यवस्था गरी कृषिमा अनुदान लिने र दिने दुवै पक्षलाई जवाफदेही बनाउने बताएका रहेछन्। उनको भनाइ सुन्दा खुसी लाग्यो। खासगरी कृषि क्षेत्रमा लागेका किसानलाई दिइने अनुदान वास्तविक किसानसम्म पुगेकै छैन। यसमा राजनीतिक दलका अनुचरहरू र बिचौलियाको मात्र रजगज चलिरहेको छ। त्यसैले, मन्त्री अधिकारीले भनेजस्तै तत्काल कानुन निर्माण गरी अनुदान दिने र लिने देवैलाई कडाइसाथ जिम्मेवार बनाउन ढिलो गर्नुहुँदैन।

● **स्वर्णिम रजक**
विदुर, नुवाकोट

नीतिविनाको राजनीति के काम ?

पछिल्लो समय हाम्रो देशको राजनीति 'लाजनीति'मा परिणत हुँदै गएको छ। नीति-निर्माण र योजना बनाउनुपर्ने संसद् नै लामो समयदेखि बन्द छ। सरकार अध्यादेशबाट देश चलाउने सोचमा देखिन्छ। सरकार तानाशाह बन्ने बाटामा अग्रसर भएको छ। कांग्रेसभित्रबाटै सरकारको कार्यशैलीको विरोध भएको छ। एमालेमा बोल्न नपाउने भएर मात्र कसैले नबोलेका हुन्, बोल्न पाउने हो भने एमालेभित्रबाटै पनि सरकारको कार्यशैलीको विरोध हुने थियो। एमाले, कांग्रेसलगायत दल मिलेर बनेको सरकारको अवधि लगभग ६ महिना पुग्न लाग्यो। झन्डै दुईतिहाइको सरकारले जनताको हितमा के काम गऱ्यो ? सातबुँदे सहमति गरेर गत असारमा गठित सरकारले ठुला भ्रष्टाचारीका फाइल बन्द गर्नेबाहेक केही गरेजस्तो लाग्दैन। सायद तिनै फाइल बन्द गर्न सरकार बनाएका हुन् एमाले र कांग्रेसले ?

नीति बलियो भयो भने राजनीति आफैंमा बलियो बन्छ। होइन भने जति मन्त्री फेरिए पनि, जति प्रधानमन्त्री फेरिए पनि केही हुँदैन। देश नीति र प्रणालीले चलाउने हो, नेताले होइन। अर्को कुरा, देश चलाउने नीति-नियम, कानुनले हो, नेताको लहडले होइन। अरूलाई दोष लगाउने एमालेका अध्यक्ष अहिलेको सरकार प्रमुख छन्। खोइ उनले के गरे त ? खाली भाषणबाजी गरेर मात्र देश बन्छ ? नेताज्यू, बोलेर होइने, गरेर देखाउनुहोस्, जनताले आफैं देख्नेछन्। भन्ने वेलामा आफूलाई लोकतन्त्रवादी नेता भन्ने, तर व्यवहरमा एकतन्त्रीय शासन देखाउने यस्तो चरित्र बन्द गर्नुहोस्।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

देवत्वकरणले ओझेलमा परेको मनमोहनकालको त्रासदी

अबका इतिहासकारले भारतमा नागरिकका अधिकार निर्दयतापूर्वक कुल्चिने प्रक्रियाका लागि मनमोहन सिंहलाई पनि आंशिक रूपमा दोष दिन सक्छन्



देश/विदेश

● अजाज अम्रफ

पत्रकार, पूर्वअधिकारी र बुद्धिजीवीबाट लेखिएको 'इतिहासको पहिलो खाकाको मस्यौदा' प्रकाशित गर्ने सञ्चारमाध्यम दिवंगत प्रधानमन्त्री मनमोहन सिंहको विरासतको मूल्यांकनमा अत्यन्तै उदार देखिएका छन्। सिंहको कार्यकाल (सन् २००४ देखि २०१४) लाई दोषमुक्त देखाउने गरी उनको प्रशंसा गरिएको छ। सम्भवतः दिवंगत व्यक्तिको आलोचना नगर्ने भारतीय प्रचलनका कारण यस्तो गरिएको होला वा अहिलेका प्रधानमन्त्रीभन्दा मनमोहनकालको राष्ट्रिय दैनिकी आनन्ददायी रहेको भन्ने अतीतप्रेम (नोस्टाल्जिया) हो वा ती पत्रकारको कृतज्ञताबाट सम्भव भयो, जसले कुनै वेला खुलेरै आलोचना गर्दा पनि राज्यको तारो बन्नुपरेको थिएन।

भविष्यमा आधुनिक भारतीय राज्यको अधिनायकवादी शक्ति बन्ने प्रक्रियालाई अध्ययन गर्ने इतिहासकारले नागरिकका अधिकार निर्दयतापूर्वक कुल्चिने प्रक्रियाका लागि मनमोहन सिंहलाई पनि आंशिक रूपमा दोष दिन सक्छन्। सिंहले सन् २००४ मा पदभार ग्रहण गरेपछि आतंकवाद निरोधक ऐन, २००२ खारेज गरे भने त्यही वर्ष गैरकानुनी क्रियाकलाप (निवारण) ऐन १९६७ (युएपिए)मा संशोधन गरेका थिए। र, यी इतिहासकार फरक मत एवं असहमतिलाई दमन गर्न राज्यलाई युएपिए नामक खतरनाक संयन्त्र उपलब्ध गराए भनेर प्रश्न उठाउन सक्छन्। यिनै इतिहासकारले सन् २००५ मा सिंहले माओवादीलाई 'भारतको सबैभन्दा ठुलो आन्तरिक सुरक्षा खतरा' भनेर दिएको बयानले कसरी देशव्यापी दमनको माहोल सिर्जना गऱ्यो भन्ने तथ्य पनि उजागर गर्नेछन्। सामाजिक अभियन्ता अरुण फेरेराले आफ्नो पुस्तक 'कलर्स अफ द केज'मा मनमोहन सिंहको माओवादीसम्बन्धी भनाइले राज्यलाई अम्बेडकरवादी र वामपन्थी कार्यकर्तालाई तारो बनाउन संकेत दिएको बताएका छन्। फेरेराले पुस्तकमा युएपिएअन्तर्गत पाँच वर्षको जेल सजायका क्रममा भोगेको यातनाबारे वर्णन गरेका छन्। यसैअन्तर्गत भर्नन गन्साल्भेस, सुधीर धवले, रमेश गैचोर र सागर गोरखे पनि जेल परेका थिए। र, यिनैलाई पछि सन् २०१८ को भीमा कोरेगांव घटनामा युएपिएअन्तर्गत फेरि गिरफ्तार गरिएको थियो। यो ऐनका कठोर प्रावधानलाई २००४, २००८ र २०१३ मा सिंहको सरकारले थप सशक्त पारेको थियो। युएपिए संशोधनले आतंकवादको परिभाषा विस्तार गर्दै यसमा 'आतंक फैलाउन सक्ने' कार्यलाई पनि समेट्यो, जसले प्रदर्शन वा हडताललाई समेत आतंकवादका रूपमा वर्गीकृत गर्न सकिने बनायो। संशोधनले आरोपपत्र दर्ता गर्ने समयसीमा ९० दिनबाट एक सय ८० दिन पुऱ्यायो, जसका कारण आरोपी लामो समयसम्म जेलमै बस्न बाध्य भए। सन् २००८ पछि केही परिस्थितिमा आरोपी निर्दोष मानिने अवधारणालाई हटाइयो र अदालतले प्रमाण परीक्षण वा साक्षीसँग प्रतिप्रश्न नगरी आरोप 'प्रथम दृष्टिमा सत्य' देखिएमा धरौटी अस्वीकार गर्न सक्ने प्रावधान राख्यो।

सिंह सरकार पनि छत्तीसगढ सरकारले दन्तेवाडा जिल्लामा माओवादीविरुद्ध सुरु गरेको सतर्कता आन्दोलन सल्वा जुडुमको हिस्सा थियो। आत्मसमर्पण गरेका माओवादी, अशिक्षित आदिवासी र नाबालिगलाई विशेष प्रहरी अधिकारीका रूपमा नियुक्त गरी विद्रोहविरोधी कारबाहीमा प्रयोग गरिएको थियो। सन् २००५ देखि २००७ सम्म यी दस्ताले आतंक मच्चाएका थिए र गाउँ जलाएर बासिन्दालाई सरकारी शिविरमा बसालिएको थियो। यस क्रममा सयौं मानिस मारिएका थिए र धेरै महिलामाथि बलात्कार भएको थियो। प्राध्यापक नन्दिनी सुन्दर र अन्यले दायर गरेको याचिकामाथि फैसला गर्दै सर्वोच्च अदालतले सल्वा



तस्बिर : पिटिआई

जुडुमलाई अवैध घोषणा गर्दै जोसेफ कन्ल्याडको उपन्यास 'हार्ट अफ डार्कनेस'मा वर्णित दुराचारको फैलावट छत्तीसगढमा लागू भएको टिप्पणी गरेको थियो। न्यायाधीशहरूले सिंह सरकारको सल्वा जुडुमका भूमिका रहेको देखेर 'गहिरो निराशा' व्यक्त गर्दै सिंह सरकारको भागीदारीलाई लिएर खेद व्यक्त गरेका थिए। न्यायाधीशहरूको टिप्पणीले केन्द्रीय सरकारले सल्वा जुडुमको दोष छत्तीसगढमाथि थोपर्न गरेको प्रयास केवल धोका मात्र भएको पुष्टि गरेको थियो।

त्यसपछि सन् २०११-२०१२ मा सिंहले तमिलनाडु सरकारको कुदानकुलम आणविक ऊर्जा परियोजनाविरोधी आन्दोलको दमनलाई मौन समर्थन दिएका थिए। शान्तिपूर्ण विरोध प्रदर्शनलाई दमन गर्नुबाहेक प्रहरीले इदिन्थाकराई र नजिकका कुदानकुलम गाउँमा आठ हजार नौ सय ५६ जनालाई विद्रोहको आरोपमा मुद्दा दर्ता गरेको थियो। यी दण्डात्मक उपायविरुद्धको असन्तोष बढ्दै गएका वेला सिंहले अमेरिका आधारित एक गैरसरकारी संस्था (एनजिओ)लाई विरोध प्रदर्शन भड्काउन वित्तीय सहयोग दिने गरेको आरोप लगाएका थिए। विदेश अनुदान विनियमन ऐनअन्तर्गत तीन एनजिओका अनुमतिपत्र खारेज गरिए र यो त्यही ढंगले गरिएको थियो, जसरी मोदी सरकारले नागरिक समाजको ठुलो हिस्सालाई निष्क्रिय बनाउन प्रयोग गर्दै आएको छ।

जब सन् २००७ मा छत्तीसगढ प्रहरीले नागरिक अधिकार अभियन्ता विनायक सेनलाई माओवादीसँग संलग्न रहेको आरोपमा पक्राउ गऱ्यो। उनले मनमोहन युगमा व्यहोरेको अवस्थालाई अहिलेको उमर खालिदले व्यहोरेको यातनासँग तुलना गर्न सकिन्छ। केन्द्रीय एजेन्सीको दबाबमा पक्राउ परेको विश्वास गर्दै मानवअधिकार अभियन्ताले सिंह सरकारलाई सेनको पक्षमा हस्तक्षेप गर्न गरेको आग्रह निरर्थक साबित भयो। धेरैले तत्कालीन गृहमन्त्री पी. चिदम्बरमलाई राज्यलाई असाधारण अधिकार दिएर त्यसलाई एक खतरनाक शक्ति बनाएकामा दोषी ठान्छन्। तर, वास्तविक प्रश्न सिंहतर्फ सोझिनुपर्ने हो अर्थात् 'ती कस्ता प्रधानमन्त्री हुन्, जो नागरिकका अधिकार संकटमा पर्दा मौन रहन्छन् र आफ्ना गृहमन्त्रीको क्रियाकलापलाई नियन्त्रण गर्न सक्दैनन् ?' भन्ने हुनुपर्ने हो। सिंहको नेतृत्वमा निश्चय नै राज्यको शक्ति सुदृढ भएको थियो र त्यसवेलाकै आक्रामक प्रवृत्तिले अझै असहमतिलाई भयमा राख्ने र चोट पुऱ्याउने काम गर्दै छ।

(अम्रफ वरिष्ठ पत्रकार एवं लेखक हुन्)
मिड डेबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

तालिबानसँग किन नजिकिँदै छ भारत ?

भारतले लामो समयदेखि अफगानिस्तानलाई रणनीतिक महत्त्वको देश मान्दै आएको छ, पछिल्लो समयमा दुवै देशले सम्बन्ध सुधारको पहल गरिरहेका छन्



● रुचि कुमार

स्वतन्त्र पत्रकार रुचि कुमार भारत र अफगानिस्तानका द्वन्द्व, राजनीति र विकासका मुद्दाबारे कलम चलाउँछिन्



अफगानिस्तानका कार्यवाहक विदेश मामिलामन्त्री अमिर खान मुत्ताकी (दायाँ) भारतका विदेश सचिव विक्रम मिश्रीसँग

> भारतले विगत २० वर्षमा अफगानिस्तानको सहायता र पुनर्निर्माण कार्यमा तीन अर्ब डलरभन्दा बढी लगानी गरेको छ। दुई देशका प्रतिनिधिबिच दुबईमा भएको भेटवार्तापछि भारतले अफगानिस्तानभित्र क्षेत्रीय विकास, व्यापार र मानवीय सहयोगलगायतका विकास परियोजना पुनः सुरु गर्ने सहमति जनाएको छ।

जनवरी ८ मा भारतका विदेशसचिव विक्रम मिश्री र तालिबानका कार्यवाहक विदेशमन्त्री अमिर खान मुत्ताकीबिच दुबईमा भेट भयो। यस भेटवार्ताले भारत अफगान नेतृत्वसँग सम्बन्ध विस्तारमा इच्छुक रहेको पुष्टि गरेको विश्लेषक बताउँछन्। विगत २० वर्षको अवधिमा भारतले सतर्कतापूर्वक तालिबानसँग सम्बन्ध राखेको थियो। दुबई बैठक तालिबान र भारतको सस्थापनबिच पहिलो उच्चस्तरीय भेटवार्ताका रूपमा आयो।

भारतले विगत २० वर्षमा अफगानिस्तानको सहायता र पुनर्निर्माण कार्यमा तीन अर्ब डलरभन्दा बढी लगानी गरेको छ। पछिल्लो वार्तापछि भारतको विदेश मन्त्रालयले जारी गरेको वक्तव्यमा अफगानिस्तानभित्र क्षेत्रीय विकास, व्यापार र मानवीय सहयोगलगायत विकास परियोजना सुचारु गर्ने र स्वास्थ्य क्षेत्र तथा शरणार्थी सहायता कार्यक्रममा आफू संलग्न हुने बताएको छ। वक्तव्यमा नभएको, तर बैठकको समय र एजेन्डाले स्पष्ट संकेत गर्ने विषय पनि छन्, जसले यस भेगका भूराजनीतिक वास्तविकतामा परिवर्तनको संकेत गर्छ।

पहिलो, दुबई बैठक अफगानिस्तानमाथि जारी पाकिस्तानी हवाई आक्रमणको भारतले निन्दा गरेको केही दिनपछि भएको थियो। पाकिस्तानी हवाई आक्रमणमा गत महिना कम्तीमा ४६ जना अफगान नागरिकको मृत्यु भएको बताइएको छ। त्यस्तै, बैठक गत नोभेम्बरमा मुम्बईस्थित अफगान वाणिज्य दूतावासमा तालिबानले कार्यवाहक वाणिज्यदूतको नियुक्ति गरेको परिप्रेक्ष्यमा भएको पनि ख्याल गर्नुपर्छ। भारत सरकारले नियुक्तिका बारेमा कुनै टिप्पणी नगरे पनि भारतीय विदेश मन्त्रालयका सहसचिवको काबुल भ्रमण गरेको समयमा सो नियुक्ति भएको थियो। तालिबानले भारतमा पढेर पछि तालिबान कूटनीतिज्ञ भएका इक्रामुद्दिन कामिललाई मुम्बईका वाणिज्य दूतावासमा नियुक्त गरेको छ। भारतमा तालिबान दूत नियुक्त भएसँगै ऊ तालिबानलाई अफगान दूतावास सञ्चालन गर्न अनुमति दिने मुलुकहरू रुस, चीन, टर्किए, इरान र उज्बेकिस्तानको लहरमा उभिएको छ। यसअघि सन् २०२२ मै भारतले काबुलस्थित भारतीय दूतावास आंशिक रूपमा खोल्न एउटा सानो प्राविधिक टोली पनि पठाएको थियो।

■ रणनीतिक परिवर्तन

पछिल्ला घटनाक्रमले नयाँदिल्ली र काबुलबिचको सम्बन्ध सुधिएको संकेत गरेको पर्यवेक्षकहरू बताउँछन्। तथापि, यी कदम रणनीतिक परिवर्तन नभएको भारतीय थिंकट्यांक अब्जर्भर रिसर्च फाउन्डेसनका उपनिर्देशक तथा फेलो कबिर तनेजा बताउँछन्। 'यो सन् २०२१ मा तालिबानको फिर्तीसँगै भारतले अपनाएको सतर्कतापूर्ण र लामो दृष्टिकोणको स्वाभाविक विकासक्रम मात्र हो,' उनले भने, 'अन्य छिमेकीहरू जस्तै, भारतलाई पनि अब तालिबान एक वास्तविकता हो। तालिबानलाई बेवास्ता गर्ने नाममा अफगानिस्तान र अफगान जनतालाई बेवास्ता गर्नु उचित विकल्प होइन।'

नयाँदिल्लीस्थित 'जिन्दल स्कुल अफ इन्टरनेसनल अफेयर्स'का सहप्राध्यापक राघव शर्मा पनि तनेजाको विश्लेषणमा सहमति जनाउँछन्। 'मेरो विचारमा पछिल्लो विकासक्रम भारतको तालिबानसँग छलफलमा रहने तर त्यसको गहिराइ नस्विकार्ने विगतको नीतिकै निरन्तरता हो,' शर्मा भन्छन्। उनका अनुसार यस्ता संवादले नीति परिवर्तन गर्ने सम्भावना कमै रहन्छ।

'तालिबानसँगको कूटनीतिक संलग्नताका सन्दर्भमा हामी अझै किनारामै छौं,' शर्माले अमेरिकी थिंकट्यांक 'वासिङ्टन इन्स्टिच्युट'को अध्ययनलाई उल्लेख गर्दै भने। त्यस अध्ययनले तालिबानसँग अन्तर्राष्ट्रिय संलग्नता बढाउने मुलुकहरूमा कतार, चीन र टर्किएले अग्रणी देखाएको छ। प्रभावको हिसाबले पाकिस्तान पाँचौं स्थानमा छ। भारत सूचीमै नरहेको शर्माले बताए। भारतले लामो समयदेखि अफगानिस्तानलाई रणनीतिक महत्त्वको देश मान्दै आएको छ। दुई देशबिच ऐतिहासिक सम्बन्ध पनि छ। तर, गणतान्त्रिक सरकारको पतनपछि भारतले अफगानिस्तानलाई न्यून प्राथमिकतामा राख्यो। अहिले दुई देशको सम्बन्ध आवश्यक पर्दा मात्र सम्पर्कमा रहनेजस्तो भएको शर्माले औंल्याए।

■ सम्बन्धप्रति भारतमा अझै अनिच्छा बाँकी

पछिल्लो भेटवार्ताको एउटा सकारात्मक विकास अफगान नागरिकले भारतको भिसा पाउने सम्भावना बढेको तनेजाले बताए। मिश्री र मुत्ताकीबिचको भेटवार्तापछि अब भारत अफगान नागरिकहरूका लागि भिसा सुचारु गर्ने मनसायनजिक पुगेको उनको ठम्याइ छ। विशेषगरी व्यापार, स्वास्थ्य पर्यटन र शिक्षामा दिइने भिसा बढ्नेछ। सन् २०२१ मा तालिबान सत्तामा फर्किएपछि भारतले चिकित्सा र विद्यार्थी भिसासहित सम्पूर्ण अफगान भिसा निलम्बन गरेको थियो। उक्त कदमका लागि भारतको आलोचनासमेत भएको थियो। 'नयाँदिल्लीले भिसा खुलाएपछि उच्च शिक्षा, चिकित्सा सेवा आदि प्राप्त गर्न भारत आउन चाहने धेरै अफगानी नागरिकहरूले राहत महसुस गर्नेछन्,' उपनिर्देशक तनेजाले भने। सुरक्षा चिन्ताका कारण भिसा धेरै खुकुलो हुनेमा भने आशंका कायम छ। 'अन्ततः, तालिबान एक वैचारिक आन्दोलन हो। तिनको पुनरुत्थानले कट्टरपन्थीलाई प्रोत्साहित गरेको छ, जुन एक चुनौती हो,' तनेजाले भने। खासमा अहिले भारतलाई भन्दा बढी तालिबानलाई भारतसँगको सम्बन्ध बढी महत्त्वपूर्ण रहेको सहप्राध्यापक शर्माको विश्लेषण छ। तालिबान र उसको पूर्वसहयोगी मुलुक पाकिस्तानबिच सम्बन्ध तिक्त बनेर सैन्य झडपको स्थितिमा पुगेको छ। यस्तोमा पाकिस्तानलाई आफूसँग विकल्प उपलब्ध रहेको देखाउन चाहन्छ।

■ सावधानीपूर्वक सम्बन्ध बढाउन चाहन्छ भारत

भारत तालिबानसँगको सम्बन्धमा धेरै अगाडि बढ्न अनिच्छुक हुनाका अन्य कारण पनि छन्। बढी घनिष्टताले 'विश्वको सबैभन्दा ठुलो लोकतन्त्र'लाई नैतिक संकटमा पार्ने विश्लेषकहरू बताउँछन्। भारतले विगतमा अफगानिस्तानमा बलियो उपस्थिति कायम राखेको थियो। सन् २००१ मा तालिबानको पतनपछि काबुलमा कूटनीतिक मिसन पठाउने प्रारम्भिक देशहरूमध्ये भारत पनि एक थियो। तर, यस भेगमा महत्त्वपूर्ण चासो रहे पनि भारतसँग अफगानिस्तानप्रति सुसंगत नीतिको अभाव छ। 'भारतले विगत लामो समयदेखि अफगानिस्तानमा कुनै चाल चाल्दा सधैं अन्य स्वार्थ मिल्ने अन्य शक्तिसँग मिलेर अघि बढेको इतिहास छ। विगतमा उसले इरान र रुससँग मिलेर चाल चालेको थियो भने अहिले तिनको ठाउँ अमेरिकाले लिएको छ,' सहप्राध्यापक शर्माले भने। अमेरिका समर्थित गणतान्त्रिक सरकारको पतनपछि, भारत अहिले नयाँ परिस्थितिमा अन्योलमा फसेको छ। विश्वका धेरै देशहरू नयाँ वास्तविकतामा छिट्टै समायोजन हुन थाले पनि भारतले अफगानिस्तानलाई लामो समय बेवास्ता गरेको शर्माको ठम्याइ छ। अमेरिकासमेत अफगानिस्तानभित्र सक्रिय आइएसको क्षेत्रीय शाखा (खोरासान प्रोभिन्स)विरुद्ध आतंकवादविरोधी अभियान सञ्चालन गर्न तालिबानसँग काम गरिरहेको छ। सुरुमा तालिबानको उग्र आलोचक देखिएको ताजकिस्तान सरकारले समेत तिनलाई आतिथ्य दिन थालेको छ।

■ सबै पक्षसँग अन्तर्क्रिया आवश्यक

यस क्षेत्रका सरोकारवालाहरू अहिले अमेरिकाका नवनिर्वाचित राष्ट्रपति ट्रम्पले शासन सम्हालेपछि तालिबानमाथि कस्तो प्रभाव पार्ला भनेर मूल्यांकन गरिरहेका छन्। 'अफगानिस्तान अहिले वासिङ्टन, डिसीका लागि पहिलेजस्तो महत्त्वपूर्ण देश होइन। सुरक्षा मोर्चामा अझै पनि यो देश चासोमा रहला, तर अब गाजा, इरान र युक्रेनजस्ता तत्कालिक मुद्दा अमेरिकाको प्राथमिकतामा पर्नेछन्,' तनेजाले भने। तथापि, ट्रम्पको प्रशासनबारे यकिनका साथ भन्न गाह्रो हुने तनेजाले थपे। 'ट्रम्पको रणनीतिको भविष्यवाणी गर्नु मौसमको भविष्यवाणी गर्नुजस्तै हो। तथापि, तालिबानविरोधी शक्तिहरूले ट्रम्पको नेतृत्वमा बाइडेनको समयमा भन्दा बढी प्राथमिकता पाउन सक्छन्,' तनेजाले भने।

दक्षिण एसियाको सबैभन्दा बलियो शक्ति भएर पनि भारत भने अफगानिस्तानका सबै पक्षसँग संलग्न हुन असफल देखिएको छ। 'सुरुमा, हामीले सम्पूर्ण ध्यान हमिद करजाईमाथि र त्यसपछि असरफ घानीलाई दिएर गल्ती गर्यौं। बंगलादेशमा पनि सेख हसिनालाई मात्र समर्थन गरेर त्यही गल्ती गरेका थियौं,' तनेजाले भने।

सहप्राध्यापक राघव शर्मा पनि अफगान समाजप्रतिको भारतको बुझाइको कमजोरी हुँदा अहिलेको गल्ती भएको स्विकार्छन् र यसमा सुधार हुन समय लाग्ने मान्छन्। 'राजनीतिकस्तरमा सम्बन्ध विकास गर्ने कुरा मात्र होइन, निश्चित सामाजिक-राजनीतिक अवस्थिति कसरी सञ्चालन हुन्छन् भन्नेबारे बुझाइसँग पनि यो जोडिएको छ। भारत अफगानिस्तानसँग भौगोलिक तथा सांस्कृतिक रूपमा नजिक भएर पनि हामीले त्यस्तो बुझाइ राखेजस्तो लाग्दैन। यो समस्या समाज बुझ्ने प्रयासमा लगानी नगरेको परिणाम उत्पन्न भएको हो,' शर्माले भने। तनेजाका अनुसार भारतले फेरि सबै ध्यान तालिबानमाथि लगाएर पहिलेकै गल्ती दोहोऱ्याउन लागेको छ। अफगानिस्तानको राजनीतिक वातावरण सधैं अस्थिर रहेकाले यस्तो रणनीति खतरनाक हुने उनले चेतवानी दिए।

- अल जजिराबाट

विश्व संक्षेप

क्यालिफोर्नियाको डढेलोमा मृत्यु हुने २४ पुगे



क्यालिफोर्निया/ लस एन्जलसमा डढेलोका कारण मृत्यु हुनेको संख्या २४ पुगेको छ। गत मंगलबारदेखि लागेको डढेलोमा केही घाइते भएका छन्। हावाको वेग बढ्दै गएकाले डढेलो थप विस्तार भएको छ। डढेलोले समुदायलाई तहसनहस पारेको छ भने हजारौं दमकलकर्मीहरू र क्यालिफोर्नियाका लाखौं बासिन्दाको साहसको परीक्षा लिइरहेको छ। हवाई कर्मचारीहरूबाट आगो निभाउने प्रयास जारी राखे पनि डढेलो पूर्वमा गेट्टी सेन्टर कला संग्रहालय र उत्तरमा घना जनसंख्या भएको सान फर्नान्डो उपत्यकातर्फ फैलिँदै छ। मानिसहरूलाई सहरमा फैलिएको बाक्लो धुवाँका विषाक्त कणबाट बच्न मास्क लगाउन सुझाव दिइएको छ। डढेलोका कारण १२ हजारभन्दा बढी संरचना जलेको छ। वस्ती खाली भएकाले लुटपाटका घटना पनि देखिएका छन्।

चीन र रुसबिच अहिलेसम्मकै उच्च व्यापार

बेइजिङ/ चीन र रुसबिच गत वर्ष अहिलेसम्मकै उच्च व्यापार भएको छ। सोमबार सार्वजनिक भएको आधिकारिक तथ्यांकले उक्त जानकारी दिएको हो। यसले मस्कोमाथि पश्चिमा देशहरूको प्रतिबन्ध हुँदाहुँदै पनि दुई देशबिचको बलियो आर्थिक सम्बन्धलाई प्रतिबिम्बित गर्दछ। चीनको भन्सार प्रशासन महाशाखाले प्रकाशित गरेको तथ्यांकअनुसार सन् २०२४ मा रुससँगको कुल आयात र निर्यात दुई खर्ब ४४ अर्ब ८० करोड डलर पुगेको छ। यो सन् २०२३ को दुई खर्ब ४० अर्ब १० करोड डलरको तुलनामा केही बढी हो। गत वर्षको वृद्धिले ठुला छिमेकी देशहरूबिचको व्यापारलाई ऐतिहासिक उच्च विन्दुमा पुऱ्यायो। यद्यपि, यो अघिल्लो वर्ष रेकर्ड गरिएको २६ दशमलव तीन प्रतिशतको वार्षिक वृद्धिभन्दा निकै कम थियो। सन् २०२२ को सुरुमा रुसले युक्रेनमा आक्रमण गरेपछि बेइजिङ र मस्कोबिचको राजनीतिक र आर्थिक सम्बन्ध गहिरो छ। उक्त सम्बन्धलाई अमेरिका र अन्य पश्चिमी राष्ट्रले आलोचना गरेका छन्। चीनले संकटमा आफूलाई तटस्थ पक्षको रूपमा राख्न खोजेको छ र मस्कोको आक्रमणको निन्दा गर्न बारम्बार अस्वीकार गरेको छ। चिनियाँ राष्ट्रपति सी जिनपिङले हालै रुसी समकक्षी भ्लादिमिर पुटिनलाई नयाँ वर्षको सन्देशमा दुवै मुलुक 'गुटनिरपेक्षताको सही मार्गमा निरन्तर हात मिलाएर अगाडि बढेको,' बताएका थिए।

जापानमा ६.८ म्याग्निच्युडको भूकम्प

टोकियो/ जापानको दक्षिण-पश्चिमी क्षेत्रमा ६.८ म्याग्निच्युडको भूकम्प गएको छ। भूकम्पपछि अधिकारीहरूले सुनामीको चेतावनी जारी गरेका छन्। जापान मौसम विज्ञान एजेन्सी (जेएमए)ले क्युसु क्षेत्रको मियाजाकी प्रिफेक्चरनजिकै भूकम्प गएपछि राति एक मिटर (तीन फिट) सम्मको सुनामी छाल आउन सक्ने चेतावनी दिएको छ। जेएमएले जनतालाई तटीय पानीबाट टाढा रहन आग्रह गरेको छ। एजेन्सीले एक्समा भनेको छ, 'सुनामी बारम्बार आउन सक्छ। कृपया समुद्रमा नजानुहोस् वा तटीय क्षेत्रनजिक नजानुहोस्।' जापानमा बारम्बार भूकम्प जाने गर्छ।

सिरियाबारे वार्ता गर्न अरब र इयूका कूटनीतिज्ञ साउदी अरबमा



दमास्कस/ मध्यपूर्व र युरोपका उच्च कूटनीतिज्ञहरू सिरियाबारे छलफल गर्न आइतबार साउदी अरबको राजधानी रियाद पुगेका छन्। बसर अल असदको पतनपछि विश्व शक्तिराष्ट्रहरूले स्थिरताका लागि जोड दिइरहेका वेला सिरियाबारे छलफल गर्न कूटनीतिज्ञहरू रियाद पुगेका हुन्। मध्यपूर्वको सबैभन्दा ठुलो अर्थतन्त्र साउदी अरबले गत महिना इस्लामिक नेतृत्वको विद्रोहीले असदलाई सत्ताच्युत गरेपछि सिरियामा आफ्नो प्रभाव बढाउन खोजेको विश्लेषकहरूले बताएका छन्। 'वार्ता दुई सत्रमा आयोजना हुँदै छ। पहिलो सत्रमा अरब अधिकारीहरूबिचको छलफल हुनेछ भने टर्की, फ्रान्स, युरोपेली संघ र संयुक्तराष्ट्र संघसहित व्यापक सहभागितामा अर्को छलफल हुनेछ। असदलाई सत्ताच्युत गर्ने गठबन्धनमा मुख्य विद्रोही समूहको नेतृत्व गरेका सिरियाका नयाँ नेता अहमद अल सराले प्रतिबन्ध फुकुवाका लागि दबाब दिइरहेका बेला कूटनीतिज्ञहरूको बैठक चलेको हो।

इतिहासमा आज

जनवरी १४



सन् २०११ : ट्युनिसियाका राष्ट्रपति जिने अल अबिदिने बेन अलीले पदबाट राजीनामा दिए। गरिबी, बेरोजगारी, राजनीतिक दमनको विरोधमा उत्रिएको सर्वसाधारणको आमप्रदर्शनसामु उनी धुँडा टेक्न बाध्य भए।

सन् १५५९ : एलिजावेथ प्रथम बेलायतकी महारानी घोषित भइन्। भर्जिन क्विनसमेत नामले चिनिने उनी एन्नी बोलियान र राजा हेनरी आठौंकी छोरी हुन्।

सन् १९४३ : दोस्रो विश्वयुद्धको रणनीति तय गर्न बेलायतका प्रधानमन्त्री विन्स्टन चर्चिल, अमेरिकाका तत्कालीन राष्ट्रपति फ्रयांकलिन डी रुजवेल्ट र फ्रान्सका तत्कालीन राष्ट्रपति चाल्स डी गाउलीबिच सन् १९४३ को १४ जनवरीमा एउटा भेट गरे।

सन् १९५३ : तत्कालीन तानाशाह जोसिफ ब्रोज टिटो युगोस्लाभियाको राष्ट्रपतिमा निर्वाचित भए। तानाशाह र सर्वसत्ताका बाबजुद उनी युगोस्लाभियामा एकताका नायकको रूपमा परिचित थिए। टिटोलाई अझै पनि उनको महत्त्वपूर्ण योगदानका कारण धेरैले चिन्छन्।

Invitation for Bids

Construction of Birgunj Building at Birgunj, Madhesh Province

Date of First Publication: 14th January, 2025

Citizens Bank International Limited invites sealed bids from eligible bidders for following works:

S.N	Tender No.	Description of Works	Price of Bidding Document (Non-refundable (NRs.)	Bid security amount (NRs.)	Last Date and Time of Purchase	Last Date and Time of Submission
1	CBIL/GSD/ TENDER/81-82/18	Construction of Birgunj Building at Birgunj, Parsa	10,000.00	5% of Bid Amount	28th January 2025-Before 11:00PM	28th January 2025 -Before 5:00PM

1. Bidding documents may be purchased from the Head Office, Citizens Bank International Limited, Narayanhiti Path, Durbar Marg, Kathmandu by interested Bidders.
2. While submitting the bidding documents, bidders should include the copy of attested ***Company/Firm registration certificate, PAN/VAT certificate, Tax Clearance certificate for fiscal year 2080/81 with audit reports and Self declaration letter of not being ineligible up to the submission date.***
3. Bids must be submitted in two separate envelopes for financial proposal and technical Proposal. Financial Proposal must contain complete filled BOQ, Rate analysis for major items quoted and Bid Security from 'A' Class Commercial Bank. Technical Proposal should contain all other documents stated in (ITB) Instruction to Bidder establishing qualification of the bidder.
4. Sealed bids must be submitted to M/s Citizens Bank International Limited, Corporate Office, Narayanhiti Path, Durbar Marg, Kathmandu. Documents received after submission deadline shall not be accepted.
5. Bids shall be opened on 11 AM 31st January 2025 at Corporate Office; in the presence of Bidder's representatives who choose to attend on the opening date at M/s Citizens Bank International Limited, Corporate Office, Narayanhiti Path, Durbar Marg, Kathmandu. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amount given in above table, which shall be valid for minimum 30 days beyond the bid validity period (i.e. Total 120 days from the day of bid opening).
6. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Bids should comply in all respects with the ITB included in the Bid Document. Non-compliance with these instructions shall result in disqualification.
8. The Bid, as well as all correspondence and documents relating to the bid submitted by the Bidder shall be written in the English language.
9. M/s Citizens Bank International Limited, reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
10. Only eligible bidders (JV not allowed) with the following key qualifications should participate in this bidding:
    i. Bidders should have minimum experience of 6 years in the commercial building construction field.
    ii. Bidders should have minimum NPR 80 Million average Turnover in last 3 Financial Years
    iii. Bidders should have at least 1 nos of 5 Storey R.C Structure Building costing minimum NRs 50 million each.
    iv. Bidders should have completed at least 1 commercial building with at least 12,000 sq.ft total built up area.
11. In case of discrepancy or error in Tender notice, bid document and other document in Construction of Office Building Project, Bank reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper.
12. Interested Bidders may obtain further information and inspect about the bidding documents at the Office.

Citizens Bank

General Service Department (GSD)
P.O.Box 19681
Narayanhiti Path, Kathmandu, Nepal
Telephone : +977-01-5970068/01-4527044
Fax 977-01-4527044, Email: gsd@ctznbank.com

www.ctznbank.com

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग

सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा

बोलपत्र स्विकृत गर्ने आशय सम्बन्धी सूचना

प्रकाशन मिति : २०८१/१०/०१

यस आयोजनाको बोलपत्र आह्वानको सूचना अनुसार तपसिलको निर्माण कार्यको लागि प्राप्त बोलपत्रहरू मध्ये न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही निम्न बोलपत्रदाताहरूको बोलपत्र स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशन गरिएको छ।

सि. नं.	योजनाको नाम, ठेक्का नं.	निर्माण व्यवसायीको नाम, ठेगाना	कबोल अंक (मु.अ.कर र प्रोभिजनल सम सहित)
1	Construction and Upgradation works of Road Connecting Chaite Bhawan- Juka Tipne Bhir-Chyandada, Myanglung-6 Terathum District PUDBC/DKT/NCB/WORKS/30/081/082	Bijal Construction Pvt. Ltd., Kathmandu	66,94,278.66
2	Construction of Ring Road in Phedap Rural Municipality, Terathum PUDBC/DKT/NCB/WORKS/31/081/082	Lion Construction, Sunsari	79,34,207.39

आयोजना प्रमुख

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १ माघ ०८१

■ सहकारीलाई नियमन गर्ने मापदण्डको मस्यौदा तयार

अब ऋण असुली नभएमा शतप्रतिशतसम्म 'प्रोभिजनिङ'

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न नेपाल राष्ट्र बैंकले 'निर्देशन तथा मापदण्ड'को प्रारम्भिक मस्यौदा तयार गरेको छ। राष्ट्र बैंकले उक्त मस्यौदा राय सुझावका लागि सोमबार सार्वजनिक गरेको छ। माघ मसान्तसम्म राय प्राप्त सुझावका आधारमा राष्ट्र बैंकले 'निर्देशन र मापदण्ड'लाई अन्तिम रूप दिएर कार्यान्वयनका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई बुझाउनेछ।

पछिल्लो संशोधनमार्फत नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ को उपदफा १ मा च (१) थप गरी 'बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धमा निर्देशन तथा मापदण्ड जारी गर्ने' व्यवस्था गरिएको छ। यसैगरी सहकारी ऐन, २०७४ ऐनको दफा १५१ को उपदफा (१ क)मा 'बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धमा नेपाल राष्ट्र बैंकले मापदण्ड बनाई जारी गर्नेछ,' भन्ने व्यवस्था छ। निर्देशन र मापदण्ड राष्ट्र बैंकले बनाए पनि लागू गर्ने अधिकार भने प्राधिकरणलाई नै हुनेछ।

राष्ट्र बैंकले निर्देशन र मापदण्ड मात्रै बनाउने कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले बताए। 'सहकारी ऐन र राष्ट्र बैंक ऐनको संशोधित व्यवस्थाले दिएको अधिकारअनुसार हामीले मापदण्ड र निर्देशन मात्रै बनाउने हो। त्यसमा पनि एकपटक सरोकारवालाको सुझावका लागि मस्यौदा सार्वजनिक गरेका हौं,' उनले भने, 'सरोकारवालाबाट राय-सुझाव आएपछि यसलाई अन्तिम रूप दिएर प्राधिकरणलाई दिनेछौं। त्यसपछि उक्त निकायले त्यो लागू गर्न सक्नेछ।'

यद्यपि, प्राधिकरणले अनुरोध गरेको अवस्थामा ठुला सहकारीको नियमन राष्ट्र बैंकले गर्न सक्ने उनको भनाइ छ। 'राष्ट्र बैंक ऐनमा ५० करोडभन्दा बढी सेयर पुँजी भएको वा सो रकमबराबरको वार्षिक कारोबार गर्ने सहकारी संस्थाको वित्तीय सुशासन तथा जोखिमका आधारमा विभाग (हाल प्राधिकरण)को अनुरोधमा राष्ट्र बैंकले नियमन गर्न सक्नेछ। त्योअनुसार प्राधिकरणबाट अनुरोध आएमा हामीले सम्बन्धित सहकारी संस्थाहरूको नियमन भने गर्न सक्छौं,' उनले भने। प्रस्तावित मापदण्डअनुसार यस्ता सहकारीले सदस्यहरूबाट मात्रै बचत संकलन गर्नुपर्नेछ। त्यसमा पनि प्राथमिक पुँजीको १५ गुणासम्म बचत संकलन गर्न पाउने प्रस्ताव गरिएको छ।

यद्यपि, बैंकबाट ऋण लिन भने पाउनेछन्। तर, त्यसमा कुल सम्पत्तिको ५ प्रतिशतसम्म वा पुँजी कोषको बढीमा शतप्रतिशतसम्म ऋण लिन सकिने मस्यौदामा उल्लेख छ।

यसैगरी, व्यक्तिगत बचतमा सीमा पनि तोकिएको छ। एउटा जिल्लामा कार्य क्षेत्र भएका सहकारीले प्रतिव्यक्ति १० लाखसम्म मात्रै बचत संकलन गर्न पाउनेछन्। एकभन्दा बढी जिल्ला (एक प्रदेश)मा कार्य क्षेत्र भएका सहकारीले भने प्रतिव्यक्ति २५ लाख र एक प्रदेशभन्दा बढी कार्य क्षेत्र भएका सहकारीले भने प्रतिव्यक्ति ५० लाखसम्म बचत संकलन गर्न पाउने मस्यौदामा उल्लेख छ। प्रतिव्यक्ति १० लाखभन्दा बढीको बचत राख्दा अनिवार्य रूपमा स्रोत खुलाउनुपर्ने व्यवस्था गरिएको छ।

मस्यौदाअनुसार सदस्यता लिएको तीन महिना पूरा भएका सदस्यलाई मात्रै ऋण दिनुपर्नेछ। एकजनालाई बढीमा पुँजीकोषको १५ प्रतिशतसम्मको रकम ऋण दिन पाइनेछ। नियमित बचतकर्तालाई भने बचत रकमको पाँच गुणा वा बढीमा तीन लाखमध्ये जुन कम हुन्छ, सोबराबरको रकम मात्र विनाधितो ऋण दिन सकिनेछ। यसैगरी, सहकारी सञ्चालकलाई पनि ऋण लिन कडाइ गरिएको छ। सञ्चालकले आफ्नो बचतको सुरक्षणमा प्राप्त हुने ऋणबाहेक थप ऋण लिन नपाउने प्रस्ताव मस्यौदामा छ।

मस्यौदाअनुसार यस्ता सहकारीले अब सहकारी बैंक, साना किसान लघुवित्त संस्थाको सेयर र नेपाल सरकारले जारी गरेको ऋणपत्रमा मात्रै लगानी गर्न पाउनेछन्।

यद्यपि, कार्यालय प्रयोजनका लागि जग्गा र भवन खरिद गर्न पनि तीन वर्षदेखि निरन्तर खुद मुनाफामा सञ्चालनमा भएको हुनुपर्ने सर्त राखिएको छ।

राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल भन्छन्-



जथाभावी बचत स्वीकार गर्ने, जथाभावी कर्जा दिने, जहाँ पायो त्यहीं कार्य क्षेत्र बनाउँदा पनि सहकारीमा समस्या आएको हो। तसर्थ, पहिला यी तीन पक्षमै सुधार गर्न आवश्यक थियो। सोहीअनुसार नियमनको मापदण्ड प्रस्ताव गरेका छौं। योअनुसार काम भयो भने बेथिति आउँदैन। वास्तविक सहकारीकर्मी र सदस्यलाई यो मापदण्डले कुनै समस्या बनाउँदैन।

मस्यौदामा रहेका मुख्य बुँदा

- १० लाख रुपैयाँदेखि माथिको बचतमा अनिवार्य स्रोत खुलाउनुपर्ने
- विनाधितो तीन लाख मात्रै कर्जा प्रवाह गर्नुपर्ने
- सञ्चालकलाई ऋण लिन रोक
- बचतको ९० प्रतिशतसम्म मात्रै कर्जा प्रवाह गर्न पाइने
- बचतमा प्रतिव्यक्ति १० देखि ५० लाखसम्मको सीमा
- एकजनालाई प्राथमिक पुँजीको १५ गुणासम्म मात्रै ऋण दिन पाइने



ठुलो कारोबार गर्ने संस्थाले कुल ऋणको न्यूनतम ५० प्रतिशत रकम कृषि, उद्योग र व्यवसाय सञ्चालन-विस्तारलगायत उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्नुपर्ने प्रस्ताव गरिएको छ। मस्यौदाअनुसार सहकारीहरूले बचतको बढीमा ९० प्रतिशतसम्मको मात्रै ऋण प्रवाह गर्न सकिनेछ।

अचल सम्पत्तिको धितोमा ऋण प्रवाह गर्दा महा-उपमहानगरपालिकामा रहेको धितो मूल्यांकनमा बढीमा ५० प्रतिशतसम्म कर्जा प्रवाह गर्नुपर्नेछ। नगर-गाउँपालिकामा रहेको धितोको हकमा बढीमा ६० प्रतिशतसम्म ऋण प्रदान गर्न सकिने बताइएको छ।

यसैगरी, सहकारीले ऋणी सदस्य स्वयंको वा निजको एकाघर परिवारको धितोमा मात्र ऋण प्रवाह गर्नुपर्नेछ। सहकारीले आफ्ना सदस्यहरूको सदस्यताबापतको सेयरको धितोमा ऋण प्रवाह गर्न नपाउने प्रस्ताव गरिएको छ।

यसैगरी, अब सहकारीले ऋणलाई पनि सक्रिय र निष्क्रिय भनेर वर्गीकरण गर्नुपर्ने प्रस्ताव गरिएको छ। भाका ननाघेको वा भाका नाघे पनि तीन महिना व्यतीत नभएको र सदस्यको बचतको सुरक्षणमा प्रवाह गरेको ऋणलाई सक्रिय ऋणमा राख्नुपर्नेछ। अन्य अवस्थामा ऋणलाई निष्क्रिय कर्जामा वर्गीकरण गर्नुपर्ने प्रस्ताव गरिएको छ। त्यसमा तीनदेखि ६ महिनासम्म भाका नाघेकालाई कमसल, ६ देखि १२ महिनासम्म भाका नाघेकालाई शंकास्पद र १२ महिनाभन्दा बढी भाका नाघेकालाई खराब कर्जामा वर्गीकरण गर्नुपर्छ। पुनर्तालिकीकरण तथा पुनर्संरचना गरिएका ऋणलाई पनि निष्क्रिय कर्जामा राख्नुपर्ने प्रस्ताव गरिएको छ।

यसैगरी, ऋण प्रवाह गर्दा नोक्सानी व्यवस्था (प्रोभिजनिङ) राख्नुपर्ने प्रस्ताव पनि गरिएको छ। त्यसमा असल वर्गको कर्जामा पनि १ प्रतिशत प्रोभिजनिङ राख्नुपर्ने प्रस्ताव गरिएको छ। यसैगरी, कमसल ऋणमा २५ प्रतिशत, शंकास्पद ऋणमा ५० प्रतिशत र खराब ऋणमा शतप्रतिशत प्रोभिजनिङ राख्नुपर्ने प्रस्ताव गरिएको छ।

राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले मस्यौदाअनुसार सहकारीको नियमन भएमा आगामी दिनमा थप समस्या नआउने बताए।

पुनर्निर्माणका लागि चालू आवमै साढे ३० अर्ब चाहिने, कहाँबाट जुट्छ स्रोत ?

निजी आवास र पूर्वाधारसहित एक लाख २० हजार संरचना बनाउन एक खर्ब एक अर्ब लागत अनुमान

यम बम/नयाँ पत्रिका

सरकार स्रोतको दबाबमा रहेका वेला भूकम्प र बाढीपहिरोपछिको पुनर्निर्माणका लागि चालू आव ०८१/८२ को ६ महिनामै साढे ३० अर्ब आवश्यक पर्ने भएको छ।

निजी आवास र पूर्वाधारसहित एक लाख २० हजार सात सय ३२ संरचना बनाउन एक खर्ब एक अर्ब १२ करोड लागत आकलन गरिएको छ। चालू आवमै ३० अर्ब ५७ करोड आवश्यक पर्ने देखिन्छ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण व्यवस्थापनले तयार पारेको प्रारम्भिक आकलनअनुसार आव ०८१/८२ मा ३० प्रतिशत, आगामी आव ०८२/८३ मा ४० प्रतिशत र ८३/८४ मा ३० प्रतिशत रकम विनियोजन गरेर पुनर्निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ। विपत् जोखिम व्यवस्थापन राष्ट्रिय परिषद्को आइतबार बसेको १६औं बैठकले भूकम्प र बाढीपहिरोपछि ०८४ असारभित्र सक्ने गरी पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि योजना स्वीकृत गरेको छ। जसअनुसार निजी आवास विपत् व्यवस्थापन प्राधिकरण र भौतिक पूर्वाधारसहित सरकारी निर्माण भने विषयगत निकायबाट हुने निर्क्योल गरिएको छ। तर, आवको मध्यावधि समीक्षाको चरणमा पुगेको र सरकारको ढुकुटीमा पनि चाप रहेका वेला अर्थ मन्त्रालयलाई स्रोत सुनिश्चिततामा भार परेको छ। चालू आवको २८ पुससम्म पाँच खर्ब ३४ अर्ब ९५ करोड राजस्व मात्र संकलन भएको छ, जबकि वार्षिक लक्ष्य १२ खर्ब ६० करोड छ।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले विपत्पछिको पुनर्निर्माणका लागि उच्च प्राथमिकतामा राखेर स्रोत सुनिश्चितता हुने र सोहीअनुसार काम भइरहेको बताए। 'एक आवभन्दा बढी अवधिमा पुनर्निर्माण हुने खालका पूर्वाधार बहुवर्षीय खरिद प्रणालीमार्फत अगाडि बढ्नेछ,' उनले भने।

सरकारले अध्यादेशमार्फत कानुन संशोधन गर्दै विपत् व्यवस्थापनमा खर्च गर्न तत्काल स्रोत व्यवस्था गर्नुपर्ने भएमा कुल वार्षिक बजेटको सीमाभित्र रही सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायको स्वीकृत कार्यक्रममा थप कार्यक्रम वा क्रियाकलाप समावेश गरी रकमान्तर, स्रोतान्तर वा थप निकासा गर्न सक्ने प्रावधान राखेको छ। यसबाट सरकारले पुनर्निर्माणका लागि छनोट भएका आयोजनामा रकमान्तरको बाटो खोलेको छ।

निजी आवासपछि सबैभन्दा क्षति भएको सडक, पुल तथा यातायाततर्फ मात्र चालू आवमा आठ अर्ब ४४ करोड बजेटको आकलन गरिएको छ। कुल तीन सय ८१ भौतिक संरचना निर्माण गर्न भने २८ अर्ब १६ करोडको आकलन गरिएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले भौतिकतर्फका धेरै आयोजनाको काम बहुवर्षीय ठेक्काबाट हुने बताए। 'यो आवमा हामीलाई चार अर्बको स्रोत उपलब्ध भयो भने पुनर्निर्माणको काम थाल्छौं,' शर्माले भने, 'आगामी आवबाट सम्बन्धित निकाय-मन्त्रालयले नै पुनर्निर्माणका लागि छनोट भएका आयोजनाका लागि बजेट प्रस्ताव गर्ने निर्क्योल भएको छ, हामी पनि त्यसरी नै अघि बढ्छौं।'



■ पुनर्निर्माण र पुनर्स्थापनाका लागि अनुमानित लागत

क्रस	क्षेत्र	क्षति संरचना (संख्यामा)	पुनर्निर्माण लागत
१	सडक, पुल तथा यातायात	३८१	२८ अर्ब १६ करोड
२	सरकारी भवन तथा सहरी पूर्वाधार	१७६	२ अर्ब ३१ करोड
३	विद्युत्, वैकल्पिक ऊर्जा र सिँचाइ	२११९	१७ अर्ब ३५ करोड
४	निजी आवास	११५५५८	३९ अर्ब ९९ करोड
५	शैक्षिक संरचना	१५६२	५ अर्ब ९३ करोड
६	स्वास्थ्य संरचना	९०	७० करोड ७९ लाख
७	खानेपानी, सरसफाइ र स्वच्छता	८१३	६ अर्ब ४८ करोड ६६ लाख
८	पुरातात्त्विक संरचना	३३	२४ करोड ९४ लाख
	जम्मा	१२०७३२	१ खर्ब १ अर्ब १२ करोड

स्रोत : विपत् जोखिम व्यवस्थापन प्राधिकरण

राष्ट्रिय विपत् जोखिम व्यवस्थापन प्राधिकरणका सहसचिव भीष्मकुमार भुसालले पनि आगामी आवबाट संघ सरकारले प्रदेश र स्थानीय तहलाई ससर्त अनुदान पठाउँदा पुनर्निर्माणका लागि छनोट भएका आयोजनालाई किटान गरेरसमेत राखिने गरी परिषद्बाट निर्णय भएको बताए।

■ अब पुनर्निर्माण हुने निजी आवास एकैखाले नहुने, विपत् र भूकम्प प्रतिरोधी भए पुग्ने

०७२ मा गोरखा केन्द्रविन्दु भएर गएको भूकम्पपछि तत्कालीन पुनर्निर्माण प्राधिकरणले उपलब्ध गराएको डिजाइनमा रहेर धेरैजसोले दुईकोठे घर बनाए। तीमध्ये धेरै घर प्रयोगविहीन रहेको भन्दै सरकारको आलोचना हुने गरेको छ।

अब सरकारले भूकम्प र बाढीपहिरो प्रभावितका लागि कम्तीमा एक लाख १५ हजार पाँच सय ५८ निजी आवास पुनर्निर्माण-प्रबलीकरण गर्नुपर्ने आँकडा विपत् जोखिम व्यवस्थापन प्राधिकरणले निकालेको छ। प्राधिकरणका सहसचिव भीष्मकुमार भुसालका अनुसार यसपटक भने सरकारले निजी आवासका लागि एकैखाले डिजाइन उपलब्ध गराउनेछैन। 'निजी आवास बनाउन पालिकामार्फत किस्ता जान्छ, कस्तो र कत्रो घर चाहिन्छ, घरधनीले भनेअनुसार इन्जिनियरले नक्सा बनाइदिनेछन्, राज्यले उपलब्ध गराउने अनुदानमा रकम थपेर जति ठुलो घर बनाए पनि हुन्छ, सिमेन्ट, इँटा नै प्रयोग हुनुपर्छ भन्ने छैन,' भुसालले भने, 'तर, स्थानीय सामग्री वा सिमेन्ट, इँटाबाट घर बनोस्, हाम्रो सरोकार भूकम्प प्रतिरोधी हुनुपर्छ भन्नेमा हुनेछ।'

राष्ट्रिय परिषद्को बैठकले निजी आवास पुनर्निर्माणका लागि तराईमा तीन, पहाडमा चार र हिमालमा पाँच लाख तीन किस्तामा उपलब्ध गराउने र प्रबलीकरणका लागि ५० हजारदेखि एक लाखसम्म अनुदान दिने निर्णय गरिसकेको छ। '०७९ को डोटी भूकम्पबाहेक भूकम्प र बाढीपहिरोबाट क्षतिको विस्तृत आकलन गरेर पुनर्निर्माण थालिने भुसालले बताए। 'डोटी भूकम्पको हकमा २ माघबाट पुनर्निर्माणको काम थाल्ने गरी किस्ता पठाउन सुरु गर्छौं,' उनले भने। ०७९ मा डोटी केन्द्रविन्दु भएर गएको भूकम्पबाट पाँच जिल्ला डोटी, बझाङ, बाजुरा, डडेलधुरा र अछाममा नौ हजार ६ सय २८ निजी आवास पुनर्निर्माण गर्नुपर्नेछ, यसको विस्तृत क्षति मूल्यांकनसमेत भइसकेको छ।

त्यस्तै, ०८० कात्तिकमा जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पबाट १२ जिल्लामा ९१ हजार आठ सय ६२ घर भत्किएका थिए। जाजरकोट, रुकुम पश्चिम, सल्यान, बझाङ, बाजुरा, जुम्ला, रुकुम पूर्व, रोल्पा, बैतडी, कालीकोट, प्युठान र दाङमा पुनर्निर्माण गर्न विस्तृत क्षति आकलन गर्न बाँकी छ। त्यस्तै, ०८१ को मनसुनबाट मात्र २० जिल्लामा १९ हजार सात सय ७१ घर भत्किएका छन्। सबैभन्दा बढी प्रभावित काभ्रेमा मात्र नौ हजार चार सय १४ घर पुनर्निर्माण-प्रबलीकरण गर्नुपर्ने देखिन्छ। त्यसबाहेक इलाम, उदयपुर, ओखलढुंगा, खोटाङ, चितवन, दोलखा, धादिङ, पाँचथर, मकवानपुर, महोत्तरी, रामेछाप, रौतहट, ललितपुर, सप्तरी, सर्लाही, सिन्धुपाल्चोक, सिन्धुली, सिराहा र सोलुखुम्बुमा पुनर्निर्माण गर्नुपर्ने प्राधिकरणले जनाएको छ।

'ओभरलोड' कडाइ गर्न मन्त्री दाहालको निर्देशन

काठमाडौं/ भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले सवारीसाधनमा अधिक भारवहनलाई कडाइका साथ नियन्त्रण गर्न निर्देशन दिएका छन्। सोमबार मन्त्रालयमा नेपाल ट्रक यातायात व्यवसायी महासंघको ध्यानाकर्षण टोलीसँग भएको छलफलका उनले अधिक भारका कारण पूर्वाधारमा क्षति पुग्ने तथा दुर्घटनाको जोखिम पनि हुने भन्दै यातायात व्यवस्था विभागलाई अधिक भार बोकेका सवारी नियन्त्रण गर्न निर्देशन दिएका हुन्।

हालै ७४ चक्के भारतीय ट्रकका कारण पूर्व-पश्चिम राजमार्गको दुम्कीबासमा पुल भाँचिएको छ। 'ओभरलोडका गाडीले सडक, पुललगायतका संरचनामा जोखिम बढेको छ,' उनले भने, 'तर, यो संरचनामा क्षति पुऱ्याउने विषय मात्रै होइन, अधिक भारकै कारण हुने दुर्घटनाले मानवीय क्षतिको जोखिमसमेत बढाउने भएकाले यसलाई तुरुन्तै कडाइका साथ नियन्त्रण गर्नुहोला।'

छलफलमा मन्त्रालयका सचिव केशवकुमार शर्माले क्षमता र मापदण्डभन्दा बढी भार बोकेको पाइए बढी भएको भार खन्याएर मात्र गाडी छुटाउनुपर्ने बताए। प्रहरी, प्रशासन तथा सम्बद्ध निकायहरूसँग समन्वय गरी 'ओभरलोड'का सवारीसाधन सञ्चालन हुने क्रम तुरुन्त रोक्न विभागलाई निर्देशन दिए। यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलले मालवाहक सवारीसाधनको भारवहन नियमनसम्बन्धी निर्देशिका, २०७४ लाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने बताए।

एक महिनापछि भैरहवामा फ्लाई दुबईको नियमित उडान सुरु

नयाँ पत्रिका

भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (जिबिआइए)मा फ्लाई दुबईले पुनः नियमित उडान सुरु गरेको छ। एक महिनापछि फ्लाई दुबईको जहाज सोमबार दिउँसो दुई बजे भैरहवा विमानस्थलमा अवतरण गरेको हो।

फ्लाई दुबईको सोमबारको उडानमा काठमाडौंमा भन्दा भैरहवा झर्ने यात्रुहरू धेरै रहेको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का सहप्रवक्ता ज्ञानेन्द्र भुलले बताए। जहाजमा सवार कुल एक सय ५६ यात्रुमध्ये बिजनेस क्लासका ६ सहित ८९ यात्रु भैरहवा झरेका थिए भने काठमाडौंमा बिजनेस क्लासका चारसहित ६७ यात्रु थिए। तर, भैरहवाबाट दुबई जाने यात्रु भने १५ जना मात्र रहेको बताइएको छ।

एक महिनापछि भएको पहिलो उडानमै भैरहवा झर्ने यात्रुहरू धेरै हुँदा उत्साह थपिएको भैरहवाका व्यवसायीले बताएका छन्। २५ कात्तिकदेखि फ्लाई दुबईले भैरहवामा दैनिक एउटा उडान गर्दै आएको छ। खराब मौसमका कारण बिचमा रोकिएको उडान पुनः सुचारु भएपछि स्थानीय व्यवसायी पनि उत्साहित भएका छन्।

अहिले पनि नेपाल वायुसेवा निगमले काठमाडौं-भैरहवा-दुबई-काठमाडौं रुटमा सातामा चार उडान गर्दै आइरहेको छ। यस्तै, काठमाडौं-मलेसिया-भैरहवा-काठमाडौं रुटमा दैनिक एउटा उडान गर्छ। जजिराले ३१ जनवरीदेखि र एयर एसियाले फेब्रुअरी फर्स्टदेखि नियमित उडान सुचारु गर्ने तयारी गरेको सहप्रवक्ता भुलले बताए।

यसअघि थाई एयर एसियाले बैंकक-भैरहवा-बैंकक सातामा दुई उडान गर्दै आएको थियो। जजिराले कुवेत-भैरहवा-कुवेत सातामा तीन उडान सुरु गरेको थियो। एयर एसिया र जजिराले सोही तालिकाअनुसार भैरहवा उडान सुचारु गर्ने तयारीमा रहेको बताइएको छ। कतार एयरले अझै भैरहवा उडान नियमित गर्ने प्रस्ताव पेस गरेको छैन।

एसजेवीएन अरूण-३ पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-३ जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

एसएपीडीसी SAPDC

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible Individuals/ Taxi operators/ Vehicle service provider/Tour & Travel agencies/firms of Nepal, as per the following details:

Contract No.	Description of Work	Publishing date on websites	Last date for Submission/ Opening of bid Proposals
PPR-198/2025	Hiring of one nos.(01) Land cruiser Prado or equivalent Vehicle of Model Year 2020 onward, for SAPDC at Kathmandu, for a period of Two (02) Years.	13.01.2025	**Submission:** at (Tumlingtar Office) 02.02.2025 upto 1530 Hrs. **Opening:** at (Tumlingtar Office) 02.02.2025 at 1600 Hrs.

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at **Tumlingtar,** Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sapdc.com.np & http://sjvn.nic.in/tender.htm**

Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
Arun-3 HEP,Tumlingtar.
Tel.: +977-29-575154
e-mail: **pnc.sapdc@sjvn.nic.in**

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशन मिति : २०८१/१०/०१

यस आयोजनाबाट प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपशिलका निर्माण कार्यको लागि e-GP मार्फत दर्ता हुन आएका बोलपत्रहरू मध्ये निम्न अनुसारका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सफल भएको हुँदा सफल बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८१/१०/०८ गतेका दिन विहानको ११:०० बजे यस आयोजना कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ५ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

सि.नं.	योजनाको विवरण	बोलपत्रदाताहरूको नाम
1	Construction and Upgradation of Road connecting Okhre-Pandhare-Khawa-Timma-Suntale-Bhojpur in Bhojpur District PUDBC/DKT/NCB/WORKS/28/081/82	1. Makalu/East/Fine J.V., Sunsari 2. Jagadamba/Siptung J.V., Bhojpur 3. Awai/Makalu J.V., Bhojpur
2	Upgradation of Road Connecting Dawa-Dhalkebar-Timma-Pangkhang in Bhojpur District PUDBC/DKT/NCB/WORKS/29/081/082	1. Marseli/Siptung/Light J.V., Bhojpur 2. Namlak Nirman Sewa, Panchthar 3. UD/Koshili J.V., Bhojpur 4. RR/Mukul J.V., Rasuwa 5. Awai/Makalu J.V., Bhojpur 6. Sujal/Chandeshwori J.V., Solukhumbu 7. East BN/Lion J.V., Dhankuta

आयोजना प्रमुख

राष्ट्रिय वाणिज्य बैंकको १९औँ वार्षिक साधारणसभा



काठमाडौं/ आर्थिक वर्ष ०८०/८१ को वार्षिक प्रतिवेदन र विभिन्न प्रस्ताव पारित गर्दै राष्ट्रिय वाणिज्य बैंकको १९औँ वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ।

साधारणसभामा बैंक सञ्चालक समितिका अध्यक्ष दिलीपकुमार ढुंगानाले बैंकले आफ्ना सेवा-सुविधामा समयसापेक्ष परिमार्जन गर्दै प्रविधिमा आधारित विभिन्न सेवाहरूको माध्यमबाट ग्राहकसमक्ष आफ्ना गुणस्तरीय सेवाहरू प्रवाह गर्नुपर्ने आवश्यकतालाई प्राथमिकतामा राखी कार्य गर्दै आइरहेको बताए। उनका अनुसार बैंकले आफ्नो प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्दै आन्तरिक नीति-नियम, निर्देशिका तथा कार्यविधिहरूमा समयसापेक्ष परिमार्जन गर्दै आएको छ।

साधारणसभामा बैंक सञ्चालक समितिका सदस्य महेश भट्टराई, सुशील घिमिरे, प्रा.डा. रामप्रसाद ज्ञवाली, स्वतन्त्र सञ्चालक लक्ष्मण घिमिरे तथा बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, नायब प्रमुख कार्यकारी अधिकृतहरू सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, उपकार्यकारी अधिकृतहरू विमल डंगोल, पवन रेग्मी, विनयरमण पौडेल, दुर्गाकुमारी कँडेल, रामकुमार थापाको उपस्थिति रहेको थियो। सेयरधनीले राखेको जिज्ञासाबारे अध्यक्ष ढुंगानाले जवाफ दिएका थिए।

शिवम् सिमेन्टले ९ प्रतिशत लाभांश वितरण गर्ने



काठमाडौं/ शिवम् सिमेन्ट्सले गत आर्थिक वर्षको मुनाफाबाट सेयरधनीलाई ९ प्रतिशत लाभांश दिने भएको छ। कम्पनीको नवौँ वार्षिक साधारणसभाले हाल कायम चुक्ता पुँजी पाँच अर्ब दुई करोड ७० लाखको ८.५५ प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि ०.४५ प्रतिशत नगद गरी कुल ९ प्रतिशत लाभांश दिने प्रस्ताव पारित गरेको छ।

कम्पनीका सञ्चालक अध्यक्ष गौरव गोयलको अध्यक्षतामा बसेको साधारणसभाले गत आर्थिक वर्षको वार्षिक प्रगति प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदनसहितका विवरण पारित गर्नुका साथै चालू आवका लागि लेखा परीक्षक नियुक्त गर्नेलगायतका प्रस्ताव पनि पारित गरेको छ। साथै, बोनस सेयर वितरणपश्चात् कम्पनीको चुक्ता र जारी पुँजीसमेत वृद्धि भई कम्पनीको जारी तथा चुक्ता पुँजी पाँच अर्ब ४५ करोड ६८ लाख आठ हजार पाँच सय रुपैयाँ कायम गर्नेसमेतका विशेष प्रस्ताव पनि पारित भएको कम्पनीले जनाएको छ।

राष्ट्रिय कृषि कम्पनीको आइपिओ बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटल



काठमाडौं/ राष्ट्रिय कृषि कम्पनी नेपाल लिमिटेडले सर्वसाधारणलाई प्राथमिक सेयर आइपिओ (निष्कासन) गर्ने भएको छ। आइपिओ निष्कासन तथा बिक्री प्रबन्धक कार्यका लागि कम्पनीले ग्लोबल आइएमई क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ।

सेयर निष्कासन गर्नेबारे दुवै पक्षबिच सम्झौतासमेत भइसकेको छ। सम्झौतापत्रमा राष्ट्रिय कृषि कम्पनी नेपालका कार्यकारी अध्यक्ष विशाल हुमागाईं र ग्लोबल आइएमई क्यापिटलका प्रमुख कार्यकारी अधिकृत मन्दीप लुइँटेलले हस्ताक्षर गरेका हुन्।

'माटोदेखि सफलतासम्म' भन्ने यसको मूल नाराका साथ २७ वैशाख ०८१ मा यो कम्पनी स्थापना गरिएको थियो। कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र कृषक सशक्तीकरण गर्ने लक्ष्यका साथ काम भइरहेको कम्पनीको भनाइ छ।

कम्पनीले कृषिको इ-कमर्स र मार्केटप्लेस स्थापना गरी कृषक र उपभोक्तालाई प्रत्यक्ष जोड्ने लक्ष्य लिएको छ। साथै, कम्पनीले कृषि बजार सञ्चालन, शीतभण्डार सञ्चालन, डल्ले च्याउ उत्पादन, कम्पोस्ट उत्पादन र क्यानिङ उद्योग स्थापनाजस्ता महत्त्वपूर्ण कार्यहरू तथा कृषि पर्यटनको अवधारणालाई समेत अघि बढाउँदै, कृषिको क्षेत्रलाई नेपालको आर्थिक समृद्धिको मेरुदण्ड बनाउने बताइएको छ।

कृषि विकास बैंकको १०.५३ प्रतिशत लाभांश पारित



काठमाडौं/ कृषि विकास बैंकको १८औँ वार्षिक साधारणसभाबाट लाभांश पारित भएको छ। बैंकका अध्यक्ष रामशरण पुडासैनीको अध्यक्षतामा सोमबार सम्पन्न सभाले चुक्ता पुँजीको ३ प्रतिशत बोनस सेयर र करसहित ७.५३ प्रतिशत नगद लाभांश वितरणको प्रस्ताव पारित गरेको छ।

साथै, अविमोच्य असञ्चित अग्राधिकार सेयरधनीलाई ६ प्रतिशत नगद लाभांश वितरण प्रस्ताव पनि सभाले पारित गरेको बैंकले जनाएको छ। त्यस्तै, सभाबाट गत आर्थिक वर्षको वित्तीय विवरण छलफल गरी पारित गरेको छ भने चालू आवका लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पनि पारित भएको छ।

उक्त साधरणसभामा सेयरधनीले राखेका जिज्ञासाबारे अध्यक्ष पुडासैनीले स्पष्ट पारेका थिए। साथै, सेयरधनीबाट प्राप्त सुझावलाई नियमानुसार कार्यान्वयन गर्दै जाने प्रतिबद्धतासमेत उनले व्यक्त गरे।

हिमालयन बैंकको आम्दानी एक अर्ब दुई करोड

काठमाडौं/ हिमालय बैंकको वार्षिक साधारणसभा सम्पन्न भएको छ। बैंक सञ्चालक समितिका अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त साधारणसभाले बैंक तथा यसका सहायक कम्पनीहरूसहितको आव ०८०/८१ को एकीकृत वित्तीय विवरण पारित गरेको छ।

त्यस्तै, अध्यक्ष श्रेष्ठले आर्थिक वर्ष ०८०/८१ को प्रतिवेदन प्रस्तुत गर्दै वर्तमान संकुचित आर्थिक परिवेशको अवस्थामा पनि बैंकको खुद मुनाफा एक अर्ब २३ करोड ८३ लाख तीन हजार रुपैयाँ रहेको र अन्य विस्तृत आम्दानी गणना गर्दा बैंकको खुद आम्दानी एक अर्ब दुई करोड ३९ लाख एक हजार रहेको जानकारी दिए।

सभामा अध्यक्ष श्रेष्ठले सेयरधनीलाई बैंकको दरबारमार्गस्थित आफ्नै जग्गामा भवन निर्माण गरी उक्त शाखालाई स्थानान्तरण गरी सोही आर्थिक वर्षबाट हिटी दरबार शाखाको नामबाट बैंकिङ सेवा सञ्चालनमा ल्याइसकेको जानकारी गराए। साथै, बैंकले नयाँसडकमा पनि बैंकले आफ्नै जग्गामा शाखा कार्यालयका लागि भवन निर्माण कार्य प्रारम्भ गरिसकेको पनि श्रेष्ठले सबै सेयरधनीलाई जानकारी गराएका थिए।

मञ्जुश्री फाइनान्सको लाभांश पारित



काठमाडौं/ मञ्जुश्री फाइनान्सको १७औँ वार्षिक साधारणसभाबाट लाभांश पारित भएको छ। फाइनान्सको आइतबार बसेको साधारणसभाले गत आवको मुनाफबाट सेयरधनीलाई करसहित ६.३५ प्रतिशत नगद लाभांश दिने प्रस्ताव पारित गरेको हो।

त्यसैगरी, साधारणसभाबाट फाइनान्सको सञ्चालक समितिमा संस्थापक समूहका सेयरधनीको तर्फबाट याद अधिकारी, रामहरि शर्भा र सुमनप्रसाद अधिकारी तथा सर्वसाधारण समूहका तर्फबाट सतिश गौतम गरी कुल चारजना सञ्चालक आगामी चार वर्षका लागि निर्विरोध निर्वाचित भए।

साथै, सभाबाट वित्तीय संस्थाको रजिस्टर्ड (केन्द्रीय) कार्यालयलाई काठमाडौं- १० बाट ठाउँ सारी गरी वडा नं ११ स्थित आफ्नै भवनमा राख्ने प्रबन्धपत्र संशोधनको निर्णय पनि अनुमोदन भएको छ। फाइनान्सले मंसिर २१ सम्म २१ अर्ब संकलन साथै १७.५ अर्ब कर्जा प्रवाह गरेको छ।

माछापुच्छ्रे बैंकले गऱ्यो साधारणसभा



काठमाडौं/ माछापुच्छ्रे बैंक लिमिटेडको २६औँ वार्षिक साधारणसभा पोखरामा सम्पन्न भएको छ। सभाले बैंकको आर्थिक वर्ष ०८०/८१ को वार्षिक प्रतिवेदन पारितसँगै तीनजना सञ्चालन सदस्य नियुक्त गरेको छ।

बैंकका अध्यक्ष रोशन केसीले सभामा पेस गरेको वार्षिक प्रतिवेदन सभाले पारित गरेको हो। सभामा बैंकका अध्यक्ष केसीले बैंकले कर्जाको गुणस्तरमा सुधार गर्दै कृषि, नवीकरणीय ऊर्जा, साना तथा मझौला उद्योगलगायतका क्षेत्रमा आफ्नो लगानी विस्तारलाई प्राथमिकतामा राखेर अघि बढेको बताएका थिए। बैंकले प्रविधिको विकास सँगसँगै यसमा देखा परेका चुनौतीलाई कम गर्दै ग्राहकलाई जोखिमरहित सेवा प्रदान गर्न नयाँ-नयाँ प्रविधिलाई आत्मसात् गर्दै आएको समेत बताएका थिए।

बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले बैंकले मुनाफा कमाउनभन्दा पनि दिगो बैंकिङमा जोड दिइरहेको दाबी गरे।

उनले ग्राहकको आवश्यकतालाई मध्यनजर गर्दै अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय सेवा प्रदान गर्न बैंक निरन्तर लागिरहेको बताए।

लक्ष्मी सस्टेनेबल इनर्जीको वार्षिक प्रतिवेदन पारित

काठमाडौं/ लक्ष्मी सस्टेनेबल इनर्जीको पहिलो वार्षिक साधारणसभा सकिएको छ। लक्ष्मी सनराइज बैंक प्रायोजक र लक्ष्मी सनराइज क्यापिटल कोष व्यवस्थापक रहेको लक्ष्मी सस्टेनेबल इनर्जी फन्डको साधारणसभा सोमबार सम्पन्न भएको हो।

नवीकरणीय ऊर्जा तथा दिगो विकासलाई टेवा दिई आर्थिक समृद्धिका लागि लगानी गर्ने उद्देश्य रहेको यस कोषले विभिन्न जलविद्युत् तथा दिगो ऊर्जा क्षेत्रमा लगानी गरेको बताइएको छ।

लक्ष्मी सस्टेनेबल इनर्जी फन्ड, नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्रप्राप्त प्राइभेट इक्विटी कोषको आकार एक अर्ब रुपैयाँको रहेको छ। कोषमा संकलित रकमको ९० प्रतिशत रकम दिगो ऊर्जा क्षेत्रमा लगानीका लागि विनियोजन गरेको छ र १० प्रतिशत रकम अन्य विविध क्षेत्रमा लगानी गर्ने कोषको योजना रहेको छ।

ज्योति विकासको सञ्चालकमा पाँचजना निर्वाचित



काठमाडौं/ ज्योति विकास बैंकको १७औँ वार्षिक साधारणसभा बैंकका सञ्चालक समितिका अध्यक्ष हरिचन्द्र खड्काको सभापतित्वमा सम्पन्न भएको छ। सभाले बैंकको संस्थापक सेयरधनी समूहको तर्फबाट हरिचन्द्र खड्का, रामकुमार श्रेष्ठ र सन्तोष अधिकारी तथा सर्वसाधारण सेयरधनी समूहको तर्फबाट ध्रुव कोइराला र नरेशराज आचार्यलाई आगामी चार वर्षका लागि सञ्चालक समितिको सञ्चालक पदमा निर्विरोध निर्वाचित गरेको छ।

साथै, सभाले बैंकको आर्थिक वर्ष ०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्नुका साथै लेखा परीक्षकको प्रतिवेदनसहित ०८१ असार मसान्तसम्मको वित्तीय विवरणउपर छलफल गरी स्वीकृत गर्ने प्रस्ताव पारित गरेको छ। साथै, सभाले बैंकको आव ०८१/८२ को लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्ति गर्नुका साथै बैंकको सहायक कम्पनी ज्योति क्यापिटलको आव ०८०/८१ को वित्तीय विवरणसहितको बैंकको एकीकृत वित्तीय विवरणउपर छलफल गरी पारित गरेको छ।

मुक्तिनाथ विकास बैंकको अविमोच्य अग्राधिक सेयर जारी प्रस्ताव पारित



काठमाडौं/ मुक्तिनाथ विकास बैंकको १८औँ वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ। बैंकका सञ्चालक समितिका अध्यक्ष भरतराज ढकालको अध्यक्षतामा सम्पन्न उक्त सभाले आव ०८०/८१ को वार्षिक प्रतिवेदन पारित गर्नुका साथै चालू आवका लागि लेखा परीक्षकको नियुक्तिलगायतका सामान्य प्रस्ताव पारित गरेको छ। साथै, साधारणसभाको अवसरमा बैंक स्थापना गर्न पहल गरेका सुरुका ३० जना संस्थापक सेयरधनी, बैंकको उन्नयनमा योगदान दिने अन्य संस्थापक सेयरधनी तथा सञ्चालक सदस्यलाई सम्मान गरिएको थियो। त्यस्तै, सभाले प्रतिसेयर १०० रुपैयाँका दरले एक अर्बबराबरको मुक्तिनाथ ८.५ प्रतिशत अविमोच्य असञ्चित अग्राधिकार सेयर जारी गर्ने प्रस्तावसमेत स्वीकृत गरेको छ।

सभामा बैंकका सञ्चालक समितिका सदस्य भरतप्रसाद लम्सालले स्वागत मन्तव्य र बैंकका प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेलले बैंकको हालको अवस्था र भावी रणनीतिबारे जानकारी गराएका थिए।

गुह्येश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्सको साधारणसभा

काठमाडौं/ गुह्येश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्सको २३औँ वार्षिक साधारणसभा सम्पन्न भएको छ। आइतबार हरिहर भवन, ललितपुरमा संस्थाका सञ्चालक समिति अध्यक्ष युवराज भण्डारीको अध्यक्षतामा उक्त सभा सम्पन्न भएको हो।

साथै, सभाले सञ्चालक समितिको तर्फबाट अध्यक्ष युवराज भण्डारीले पेस गरेको आर्थिक वर्ष ०८०/८१ को वार्षिक प्रतिवेदन परित गरेको छ। हाल संस्थाको कुल निक्षेप आठ अर्ब ३५ करोड र कर्जा पाँच अर्ब ८४ करोड रुपैयाँ रहेको बताइएको छ।

माउन्टेन इनर्जीको १५ प्रतिशत बोनस र ५० प्रतिशत हकप्रद प्रस्ताव पारित

काठमाडौं/ माउन्टेन इनर्जी नेपाल लिमिटेडको आर्थिक वर्ष ०८०/८१ को साधारणसभा सम्पन्न भएको छ। कम्पनीका अध्यक्ष प्रदीपजंग पाण्डेको अध्यक्षतामा आइतबार साधारणसभा सम्पन्न भएको हो। कम्पनीको साधारणसभाले हाल कायम चुक्ता पुँजीको १५ प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि ०.७८९५ प्रतिशत नगद लाभांश गरी कुल १५.७८९५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ। साथै, साधारणसभाले १५ प्रतिशत बोनस सेयरपछि कायम हुने चुक्ता पुँजीको ५० प्रतिशत हकप्रद निष्कासन गर्ने प्रस्ताव पारित गरेको छ।

बोनस दर सम्बन्धि सूचना

(प्रकाशित मितिः २०८१।१०।०१)

यस आई. एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.व. २०८०/८१ को आर्थिक स्थितिको लेखाजोखा र दायित्वको मूल्याङ्कन सम्बन्धि बीमाङ्कीय प्रतिवेदन श्री नेपाल बीमा प्राधिकरणबाट स्वीकृती भए अनुरुप यस कम्पनीले संचालनमा ल्याएको मुनाफामा सरिक हुने बीमालेखहरूमा आ. व. २०८०/८१ को लागि तपसिल बमोजीमको बोनस दर कायम गरिएको व्यहोरा सम्पूर्ण बीमितहरू एवं अन्य सम्बन्धित सबैलाई जानकारी गराउंदछौं ।

तपसिल

बीमा योजना	बीमा अवधि (वर्ष)	बोनस (प्रति हजार)	बीमालेख संख्या
सावधिक, सिमित अवधि भुक्तानी सावधिक तथा बाल सावधिक	०-९	३२	८३६
	१०-१४	३२	३८३०
	१५-१९	४०	४९,६४६
	२०-२४	५२	१७,२७३
	२५-२९	६७	५४५
	३० र सो भन्दा माथि	७०	२०५
सामूहिक सावधिक	०-९	३२	१०१
	१०-१४	३२	२५२
	१५-१९	४०	७१५
	२०-२४	५५	७७८
	२५-२९	७०	१२८
	३० र सो भन्दा माथि	७५	१५७
सावधिक तथा आजीवन	०-९	३२	१६
	१०-१४	३२	१५७
	१५-१९	४५	२,३८५
	२०-२४	५५	१,४६३
	२५-२९	६५	७०
	३० र सो भन्दा माथि	८०	१४
अग्रिम भुक्तानी तथा आजीवन (कल्पधन)	१०-१४	३२	६५
	१५-१९	३८	३३७
	२०-२४	५०	२०६
	२५-२९	६३	६८
अग्रिम भुक्तानी सावधिक	१०-१४	३०	६५
	१५-१९	३५	१,८३६
	२०-२४	४८	२,२०६
	२५-२९	६३	४१९
बाल अग्रिम भुक्तानी सावधिक (बाल उमंग)	१०-१४	३०	४०
	१५-१९	३७	६२०
	२०-२४	५०	३६५
	२५-२९	६५	५
वार्षिक बाल अग्रिम भुक्तानी सावधिक जीवन बीमालेख (बाल किरण)	१०-१४	३०	३१७
	१५-१९	४०	१,७७५
	२०-२४	४४	१,१६९
	२५-२९	६०	१३
वार्षिक अग्रिम भुक्तानी सावधिक जीवन बीमालेख (धन सरिता)	सम्पूर्ण बीमा अवधिका लागि	२२	९,३१९

उपरोक्त अनुसारको बोनस दर मृत्यु दाबी, पूर्ण वा आंशिक अवधि भुक्तानी दाबी, समर्पण मूल्य, चुक्तामूल्य तथा चालु बीमालेखमा समेत लागू हुने र कम्पनीको आगामी बीमाङ्कीय मूल्यङ्कन नभएसम्मका लागि उल्लेखित दावीहरूमा समेत सोहि बोनस दर लागू हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउंदछौं ।

IMELiFE Ensuring Future
आई. एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
हाथवे कम्प्लेक्स, लैनचौर, काठमाडौं, फोन नं: ४०२४०७१/७२
info@imelifeinsurance.com | www.imelifeinsurance.com

घातक रोग उपचार तथा आवधिक जीवन बीमा सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८१/१०/०१)

नबिल बैंकले आफ्नो व्यक्तिगत बचतकर्ता ग्राहकहरूको हितलाई मध्यनजर गर्दै मेट-लाईफ बीमा कम्पनीको सहकार्यमा रु ३,००,०००/- को घातक रोग बीमा तथा रु ७५,०००/- को आवधिक जीवन बीमा गरिदिने योजना अन्तर्गत, बैंकले दैनिक मौज्दात रु ५०,०००/- वा बढी राख्ने १६ देखि ६४ वर्ष उमेरका जुनसुकै प्रकारका नेपाली मुद्राका व्यक्तिगत बचत खातालाई उल्लेखित बीमा सुविधा प्रदान गर्दै आएकोमा, उक्त बीमा सुविधा अन्तर्गत २०८१ माघ १ गतेबाट लागु हुने गरी न्यूनतम दैनिक मौज्दात रु १००,०००/- कायम गरिएको जानकारी गराउँदछौं । बैंकले प्रदान गर्ने सुविधामा सर्तहरू लागु हुनेछन् ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

अधिकृत वारेसनामा बदर गरिएको बारे

म दलबहादुर रिजालको नाती, राम बहादुर रिजालको छोरा काठमाडौं महानगरपालिका-१८ बस्ने वर्ष ५५ को जंग रिजालले मेरो नाममा दर्ता स्रेस्ता रहेको झापा जिल्ला दमक नगरपालिका-६/ख को कित्ता नम्बर ४११२६ को क्षेत्रफल ०-०-१०, दमक-३/ख ११३९७ क्षेत्रफल ०-००-०८ र दमक-६/ख को कित्ता नम्बर ४११२५ क्षेत्रफल ०-००-१७ र सो जग्गामा रहेको पक्की घर बेचबिखन गर्नका लागि मैले क्यानाडास्थित नेपाली राजदूतावासबाट मिति २०८०/०४/३० मा अधिकृत वारेसनामा गरिदिएकोमा सो अधिकृत वारेसनामा यो सूचनाको साथ बदर गरिदिएको छु। यो वारेसनामा बदर गरिदिएको हुँदा अब उप्रान्त यो अधिकृत वारेसनामालाई प्रयोग गरी कुनै काम कारवाही नगर्नू हुन सूचित गरिन्छ।

अ.वा. दिने
नामथर : जंग रिजाल
उमेर : ५५ वर्ष
वतन : काठमाडौं जिल्ला कामानपा-१८
हाल वतन : क्यानाडा
नाप्रन : ९४६/२५२३ काठमाडौं
जारी मिति : २०४९/०७/०४
बाबु : राम बहादुर रिजाल
बाजे : दल बहादुर रिजाल

अ.वा. लिने
नामथर : नितिशा बर्मा रिजाल
उमेर : ३३ वर्ष
वतन : साविक दमक नपा-७ झापा
हालको वतनः काठमाडौं जिल्ला कामानपा-१८
नाप्रन : ०४-०२०७८-०४३८२ झापा
जारी मिति : २०७८/११/२२
बाबु : चन्द्र बर्मा
पति : जंग रिजाल

यस संस्थामा धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्ती लिलाम बिक्रि गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

दोश्रो पटक प्रकाशित मिति २०८१/१०/०१

तपसिलमा उल्लेखित ऋणीले यस पाँच तारा बचत तथा ऋण सहकारी संस्था लि.बाट व्यापार व्यवसाय गर्न भनी ऋण लिनु भएकोमा संस्थासँग भएको लिखत/सम्झौता बमोजिम भुक्तान गर्नु पर्ने साँवा, ब्याज तथा नियमानुसार तिर्न बुझाउनु पर्ने रकम तरताकेता, लिखित पत्राचार एवम् अन्तपुर्ण पोष्ट र नयाँ पत्रिका राष्ट्रिय दैनिक मा क्रमशः मिति २०८१/०६/०१ गते ३५ दिने र मिति २०८१/०७/३० गते १५ दिने ऋण भुक्तानी गर्ने सार्वजनिक सूचना गर्दा समेत संस्थामा संम्पर्क नगरी आलटाल गरी ऋण नबुझाउनु भएकोले सहकारी ऐन, सहकारी नियमावली तथा प्रचलित कानून एवम् यस संस्थासँग भए गरेको लिखत सम्झौता अनुसार यो १५ (पन्ध्र) दिने सार्वजनिक लिलाम बिक्रि सूचना प्रकाशित गरिएको छ। लिलाम बिक्री हुन नसकेमा सो सम्पती अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा संस्था आफैले कानुन बमोजिम सकार गरी लिन सक्ने र उक्त धितोबाट असुल उपर नभएमा ऋणीको अन्य चलअचल सम्पत्तीबाट समेत असुल उपर गरी लिईने व्यहोरा समेत सूचित गरिन्छ।

तपसिल

ऋणीको नाम र ठेगाना	मञ्जुरीनामा/जमानी दिनेको नाम र ठेगाना	धितो राखिएको सम्पत्तिको विवरण
ऋणी : लक्ष्मी कार्की बुवा : नारायण बहादुर कार्की बाजे : मान बहादुर कार्की ना.प्र.नं. : १९९२१ ठेगाना : काठमाण्डौं, गोठाटार–८	**जमानीकर्ता : ज्ञान्ता अधिकारी** बुवा : हेम कृष्ण कार्की बाजे : मान बहादुर कार्की ना.प्र.नं. : ३२२९३ ठेगाना : ललितपुर -लामाटार -४	लक्ष्मी कार्कीको नाममा मालपोत कार्यालय काठमाण्डौं, चावहिलमा दर्ता श्रेष्ठा कायम रहेको काठमाण्डौं जिल्ला, कागेश्वरी नगरपालिका वडा नं.९ स्थित कित्ता नं. ६२ र ६३ को क्षेत्रफल क्रमश : ६३.५८ र ८४.४० व.मि भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत

लिलाम बिक्री सम्बन्धि जानकारीः गोप्य शिलबन्दी बोलपत्र फाराम मिति २०८१/१०/१८ गते संस्थाको कार्यालय, काठमाडौं-३२, पुरानो सिनामंगल, काठमाडौंमा दिनको १:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधी तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ। उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट खोलिनेछ।

शर्तहरु :

१. लिलाम बिक्री सम्बन्धी फाराम संस्थाबाट रु. १०००/- (एक हजार रुपैयाँ) दस्तुर बुझाई प्राप्त गर्न सकिने छ।
२. आफुले बोलकबोल गरेको रकमको १०% (दश प्रतिशत) धरौटी यस संस्थाको एनआईसी एसिया बैंक पेप्सिकोला काठमाडौंमा रहेको खाता नं. ४४४१२४९५६३५२४००२ मा जम्मा गरेको सक्कल भौचर सहित बोलपत्र गोप्य शिलबन्दी गरी संस्थाको कार्यालयमा मिति २०८१/१०/१५ गते कार्यालय समय (म्याद) भित्र पेश गरी लिलाम बिक्री कार्यमा सहभागी हुन सकिनेछ।
३. लिलाम प्रक्रिया सम्पन्न भएको लगत्तै सबै भन्दा बढी अंक बोलकबोल गर्ने व्यक्तिलाई बाँकी ९०% (नब्बे प्रतिशत) रकम दाखिला गर्न लगाई दाखिल खारेज नामसारी गर्ने निर्णय गरीने छ। सो हुन नसके दोस्रो बोलकबोल गर्ने लाई अवसर प्रदान गरीने छ।
४. बोलकबोल गरेको अंक रकम संस्थाबाट निर्णय भएको मितिले ७ दिन भित्र जम्मा गरी सकेपछी संस्थाको निर्णय बमोजिम उक्त सम्पत्ती दाखिल खारेज (दा.खा.) नामसारीको लागी मालपोत कार्यालयलाई जानकारी गराईने छ।
५. लिलाम बिक्रि कार्यमा सहभागी भएपछि बोलकबोल अंक दाखिला नगर्ने व्यक्तिले दाखिला गरेको धरौटी रकम संस्थाले जफत गर्ने छ।
६. लिलाम हुने सम्पत्ति सम्बन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र संस्थाको कार्यालयमा सम्पर्क राखि प्राप्त गर्न सकिनेछ।
७. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दाको अवस्थामा समेत संस्थाको सम्पूर्ण लेना रकम असूलउपर नभएमा प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ।
८. अन्य सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहने छ।

पाँच तारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
काठमाण्डौ महानगरपालिका–३२, पुरानो सिनामंगल
फोन नं. ०१४९९०७०६, Email : 5starsahakari@gmail.com

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
मंगलबार १ माघ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

जय ट्रफीमा कसले मार्ला बाजी ?

वीरगन्जको नारायणी रंगशालामा मंगलबारदेखि सुरु हुने जय ट्रफीको फाइनलमा नेपाल पुलिस र त्रिभुवन आर्मी प्रतिस्पर्धा गर्दै

वीरगन्जमा तिवारी यादव

नेपाल क्रिकेट संघ (क्यान)ले घरेलु क्रिकेट संरचना बलियो बनाउने उद्देश्यका साथ आयोजना गरिरहेको जय ट्रफी इलिट कप क्रिकेट प्रतियोतिगाको मंगलबारदेखि फाइनल खेल सुरु हुँदै छ। उपाधि भिडन्तमा नेपाल पुलिस र त्रिभुवन आर्मी क्लबले प्रतिस्पर्धा गर्दै छन्। वीरगन्जको नारायणी रंगशालामा तीन दिनसम्म फाइनल खेल हुनेछ। २०५८ सालपछि पुनः सुरु भएको जय ट्रफीमा बागमती र मधेश प्रदेशले पनि प्रतिस्पर्धा गरेका थिए। बागमती तेस्रो तथा मधेश चौथो स्थानमा सीमित भए।



● **विनोद भण्डारी**
कप्तान, त्रिभुवन आर्मी

● **कुशल भुर्तेल**
कप्तान, नेपाल पुलिस

क्यानले गत वर्षको फेब्रुअरीमा भएको प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको शीर्ष चार टोलीलाई जय ट्रफीमा समावेश गरेको हो। यस प्रतियोगिताले नेपाली क्रिकेट खेलाडीहरूलाई बहुदिवसीय खेलमा अभ्यस्त गराउन विशेष सहयोग पुग्ने विश्वास रहेको क्यानको छ। प्रतियोगितामा नेपाली राष्ट्रिय टोलीका कप्तान रोहित पौडेलले प्रतिस्पर्धा गर्न पाएनन्। उनी आबद्ध एपिएफ क्लबले प्रधानमन्त्री कपमा शीर्ष चारमा स्थान बनाउन सकेन।

राउन्ड रोविन लिगअनुसार दुईदिवसीय फर्म्याटअनुसार रातो बलमा प्रतिस्पर्धा गराइएको थियो। अन्तर्राष्ट्रिय फर्म्याटअनुसारै उपाधि भिडन्त तीनदिवसीय बनाइएको हो। लिग चरणमा पुलिस र आर्मी अब्बल देखिए। दुवै टोलीले हारको सामना गर्नुपरेन। पुलिसले तीन खेलमा दुई जित निकाली सर्वाधिक ६६ अंक बटुल्यो। आर्मीले एक जित र दुई ड्रा खेल्दै ५५ अंकका साथ दोस्रो स्थान रक्षा गरी अन्तिम दुई स्थान पक्का गरेको हो। आर्मीले निर्णायक खेलमा मधेशलाई आठ विकेटले हराउँदै पुलिसँगको उपाधि भिडन्त पक्का गरेको हो।

यसअघि लिग चरणमा आर्मी र पुलिसले 'ड्रा' नतिजा निकालेका थिए। लगातार तीन दिनसम्म चल्ने प्रतिस्पर्धामा ब्याट्समान्यान र बलरलाई चुनौती हुनेछन्। व्यक्तिगत प्रदर्शनमा पुलिस र आर्मीका खेलाडी नै अगाडि छन्। यद्यपि, प्रतियोगितामा सर्वाधिक रन बनाउने सूचीमा मधेशका मायान यादव अगाडि छन्। उनले तीन खेलमा सर्वाधिक २६८ रन जोडे। यसक्रममा उनले एक शतक तथा दुई अर्धशतकीय इनिङ्स खेले पनि टोलीलाई एक जित पनि दिलाउन सकेनन्।

यसैगरी, बागमतीका शुभशंकर व्यक्तिगत रन बनाउने सूचीको तेस्रो स्थानमा छन्। उनले तीन खेलमा १९७ रन बनाएका छन्। दोस्रो स्थानमा पुलिसका अमित श्रेष्ठ छन्। उनले तीन खेलमा पाँच इनिङ्स ब्याटिङ गरी दुई सय २४ रन बनाए। पुलिसका अर्जुन साउद चौथो र आर्मीका इमरान सेख पाँचौं स्थानमा छन्।



बलिङमा पुलिस बलियो

लिग चरणको तथ्यांकअनुसार आर्मीको तुलनामा पुलिस बलिङ पक्षमा बलियो देखिन्छ। प्रतियोगितामा धेरै विकेट लिने सूचीको शीर्ष दशभित्र पुलिसका बलरहरूको दबदबा छ। गत ६ पुसमा भएको नेपाल प्रिमियर लिगमा सर्वाधिक विकेट लिएका ललित नारायण राजवंशी जय ट्रफीमा १९ विकेटका साथ दोस्रो स्थानमा छन्। शीर्ष स्थानमा साहव आलम रहेका छन्। उनले तीन खेलमा २१ विकेट हात पारेका छन्। पुलिसका अलराउन्डर कुशल भुर्तेलले उत्कृष्ट बलिङ गर्दै १८ विकेट लिइसकेका छन्।

ब्याटिङमा उनको प्रदर्शन सन्तोषजनक नरहे पनि बलिङमा भने अब्बल छ। यसैगरी पुलिसका गुलसन झा १२ विकेटक साथ पाँचौं स्थानमा छन्। आर्मीका भरपर्दा बलर आकाश चन्दले १० विकेट लिएका छन्। प्रतियोगितामा सर्वाधिक विकेट लिने होजीबाजमा पुलिसका ललित र आर्मीका आलमबिच चल्नेछन्। यद्यपि, यी दुवै बलरलाई कुशल र गुल्सनले दबाब दिन सक्नेछन्।

फाइनल खेल ८० ओभर

तीनदिवसीय ढाँचाअनुसार हुने फाइनलको प्रत्येक इनिङ्स ८० ओभरको हुने छ। पहिलो ब्याटिङ गरेको टोलीले आफूले चाहे ८० ओभर अगाडि नै इनिङ्स समाप्ति गर्न सक्छ। यसअघि राउन्ड रोविन लिगमा हरेक टोलीले पहिलो इनिङ्समा समान ६० ओभर खेलेका थिए। क्यानले दोस्रो इनिङ्समा कुनै ओभरको सीमा राखेको छैन।

धेरै रन बनाउने

खेलाडी	टोली	खेल	इनिङ्स	बल	रन
मायान यादव	मधेश	३	६	३९९	२६८
अमित श्रेष्ठ	पुलिस	३	५	२७०	२२४
शुभ शंकर	बागमती	३	६	२३२	१९७
अर्जुन साउद	पुलिस	३	५	२४५	१३८
इमरान सेख	आर्मी	२	४	२३८	१३७

सर्वाधिक विकेट

बलर	टोली	खेल	इनिङ्स	बल	विकेट
साहब आलम	आर्मी	३	६	५४१	२१
ललित राजवंशी	पुलिस	३	६	५५४	१९
सन्दीप लामिछाने	बागमती	३	६	४७३	१८
कुशल भुर्तेल	पुलिस	३	६	३२२	१५
गुल्सन झा	पुलिस	३	६	३४८	१२

एक इनिङ्समा सर्वाधिक रन

खेलाडी	टोली	विरुद्ध	बल	रन
मायान यादव	मधेश	बागमती	१०८	१०६
सोमपाल कामी	आर्मी	पुलिस	१३८	८२
अमित श्रेष्ठ	पुलिस	बागमती	९७	७९
अर्जुन साउद	पुलिस	बागमती	८२	७७
इमरान सेख	आर्मी	बागमती	१०४	७२

उत्कृष्ट बलिङ

बलर	टोली	इनिङ्स	विरुद्ध	विकेट	इकोनोमी
साहब आलम	आर्मी	२	पुलिस	८	३.८९
ललित राजवंशी	पुलिस	१	आर्मी	७	३.२०
साहब आलम	आर्मी	२	मधेश	६	३.०८
गुल्सन झा	पुलिस	१	मधेश	५	३.०७
कुशल भुर्तेल	पुलिस	३	मधेश	५	५.०७

अंक तालिका

टोली	खेल	जित	हार	ड्र	अंक
पुलिस	३	२	०	१	६६
आर्मी	३	१	०	२	५५
बागमती	३	०	१	२	४१.५
मधेश	३	०	२	१	३१

नेपाल कबड्डी लिग खेल्न आए कप्तान घनश्याम



तस्बिर : **ज्ञानेन्द्र कार्की**/ नयाँ पत्रिका

नयाँ पत्रिका

भारतको प्रो कबड्डी लिगको विजेता हरियाणा स्टिलर्सबाट प्रतिनिधित्व गर्ने नेपाली खेलाडी घनश्याम रोकामगर सोमबार नेपाल कबड्डी लिग (एनकेएल) खेल्न आइपुगेका छन्। फ्रेन्चाइज टोलीका अवधारणामा पहिलोपल्ट आयोजना हुन लागेको एनकेएल ४ माघबाट सुरु हुँदै छ। एनकेएलप्रति घनश्याम निकै उत्साहित छन्। 'नेपालमा यस्तो (एनकेएल) प्रतियोगिता पहिला कहिल्यै भएको थिएन। यसपालि खेलाडीले राम्रो पैसा पाउँदै छन्। कर्पोरेट हाउसहरूले टिम खरिद गरेका छन्,' उनले भने, 'खेलाडी, कोच सबैले राम्रो सुविधा पाएका छन्।'

यस सिजनको भारतको प्रो कबड्डी लिगको फाइनलमा हरियाणाले पटना पाइरेट्सलाई हराउँदै उपाधि जितेको थियो। नेपाली राष्ट्रिय पुरुष कबड्डी टोलीका कप्तानसमेत रहेका घनश्यामले प्रतियोगिताबाट उत्साहित भएको बताएका छन्। २१ वर्षीय घनश्यामकै उत्कृष्ट प्रदर्शनमा नेपाल गत वर्ष बंगलादेशमा भएको चौथो बंगबन्धु कबड्डी कपमा उपविजेता बनेको थियो। सो प्रतियोगितामा घनश्यामले मोस्ट भ्यालुएबल प्लेयरको अवार्ड नै जितेका थिए। घरेलु खेलाडीमध्ये उनी सबभन्दा ठुला स्टार हुन्। उनी काठमाडौं माभरिक्सका मार्की खेलाडी हुन्।

नेपाली खेलाडीको स्तरवृद्धि हुने

कप्तान घनश्यामले विदेशी खेलाडीको आगमन, स्वदेशको नियमित प्रशिक्षणसँगै एनकेएलले नेपाली खेलाडीको स्तर वृद्धि भएको बताए। 'एनकेएलले नेपाली कबड्डीलाई व्यावसायिक रूपमै स्थापित गर्ने विश्वास छ। एनकेएल भविष्यमा नेपाली खेलकुदकै ठुलो प्रतियोगिताको रूपमा स्थापित हुने आशा गरेको छु,' उनले भने। घनश्यामले दुई सिजन प्रो कबड्डी लिग खेलेका छन्। गत सिजन पनि हरियाणा स्टिलर्सबाटै खेल्दा उनी प्रो कबड्डी लिगमा उपविजेता बनेका थिए।

६ सहरका ६ टोली सहभागी एनकेएलको राउन्ड रोविन लिगमा १५ खेल हुनेछ। शीर्ष चार टोली नकआउट चरणमा प्रवेश गर्नेछन्। लिगका शीर्ष दुई टोलीले १४ माघमा पहिलो प्ले अफ खेल्नेछ। विजेता सीधै फाइनलमा पुग्नेछ। लिगमा तेस्रो र चौथो स्थानमा रहेका टोलीले १४ माघमै इलिमिनेटरमा खेल्नेछ। जसको विजेता क्वालिफायर २ मा पुग्नेछ।

खेल संक्षेप

धनगढीमा प्रधानमन्त्री कप क्रिकेट आजबाट

धनगढी/ धनगढीमा मंगलबारबाट प्रधानमन्त्री कप टी-२० महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता सुरु हुँदै छ। नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा धनगढीस्थित फाप्ला क्रिकेट मैदानमा प्रतियोगिता सातवटा प्रदेश तथा दुई विभागीय एपिएफ र नेपाल आर्मीले प्रतिस्पर्धा गर्ने सहआयोजक सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघका अध्यक्ष वासुदेश जोशीले जानकारी दिए।

प्रतियोगिता १२ माघससम्म हुनेछ। उद्घाटन खेलमा सुदूरपश्चिमले गण्डकी प्रदेशको सामना गर्नेछ। पहिलो दिनकै दोस्रो खेल कर्णाली प्रदेश र एपिएफ क्लबबिच हुनेछ। प्रतियोगिताअन्तर्गत समूह 'ए'मा लुम्बिनी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेश तथा सशस्त्र प्रहरी बलको एपिएफ क्लब रहेका छन्।

ईशान कप फुटबल सुरु

काठमाडौं/ संस्थागत विद्यालय संघ नेपाल (ईशान)को आयोजनामा ११औं ईशान कप फुटबल प्रतियोगिता सोमबार बाट सुरु भएको। प्रतियोगितामा पुरुषतर्फ १८ र महिलामा ११ टोलीले भाग लिने इसानका सल्लाहकार बालमुकुन्द कार्कीले जानकारी दिए। पहिलो दिन पुरुषमा लिबिड बर्ड एकेडेमीले लिम्पिया नेसनल स्कुललाई ३-१ ले हरायो। सत्य शाहीले अप्सिलोन नेसनल स्कुललाई २-० ले पराजित गऱ्यो। होलि एन्जल्सले रिम्स स्कुललाई १-० र प्रज्ञा सदनले नेपालय पब्लिक स्कुललाई ३-० ले हराए। महिलामा नेपालयले प्रज्ञा सदनलाई ५-० र लिबिड बर्डले लिम्पिया नेसनललाई ३-० ले पराजित गरे।

खाँदबारी र झापा चुलाचुली फाइनलमा

संखुवासभा/ दोस्रो तिनपोखरी फुटबल कप प्रतियोगिताको फाइनलमा खाँदबारी र चुलाचुली प्रवेश गरेका छन्। सोमबार भएको सेमिफाइनलमा झापाको चुलाचुलीले एपिएफलाई टाइब्रेकरमा ५-३ ले हरायो। निर्धारित समयमा दुवै टोली गोलरहित बराबरीमा रोकिएका थिए। आयोजक खाँदबारी तिनपोखरी क्लबले मोरङ बुल्स ११ लाई हराउदै अन्तिम दुईमा यसअघि नै पुगेको थियो। प्रतियोगिताको फाइनल मंगलबार हुने छ।

विजेताले दुई लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछ। उपविजेताले एक लाख १० हजार रुपैयाँ जित्ने छ। सेमिफाइनलिस्टले जनही २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। १ माघसम्म चल्ने प्रतियोतिगाको फाइनल खाँदबारी रंगशालामा हुनेछ। खेलाडीको सुरक्षाका लागि प्रत्येक खेलाडीको एक लाख रुपैयाँ स्वास्थ्य बिमा गरिएको तीनपोखरी समाज विकास क्लबका अध्यक्ष मिनेश चापागाईंले जानकारी गराए।

नेरिक क्वार्टरफाइनलमा



काठमाडौं/ नेरिक एकेडेमी चौथो केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषमा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। नेरिकले ग्रिनफिल्डलाई १७-१० ले पराजित गऱ्यो। नेरिकको जितमा सविन खत्रीले १२ स्कोरको योगदान गरे। अर्को खेलमा एलेन लामाको १६ स्कोरको सहयोगमा कश्यपले पिपुल्स एकेडेमीलाई ३०-१९ ले हरायो।

यसैगरी, सिनियर पुरुषमा बालदीक्षा सदनले मार्बल्सलाई ४८-२३ ले हरायो। इनोभेटिभले आयोजक केएमसी 'बी' माथि ४२-२२ को जित निकाल्यो। बालदीक्षाका कृशल महर्जनले सर्वाधिक २४ स्कोर गरेका थिए। भद्र घलेले केएमसी 'ए' लाई ४८-२९ ले पाखा लगायो। इनोभेटिभका पुजन श्रेष्ठले १० र भद्र घलेका दिवस मगरले २१ स्कोर गरे।

प्रतियोगिताअन्तर्गत सिनियर महिलामा निस्टले केएमसी 'बी'लाई ३६-१६ ले पराजित गऱ्यो। निस्टकी संस्कृति पौडेलले सर्वाधिक ११ स्कोर गरिन्। साबिक विजेता एनसीसीएसले रिब्सलाई २०-१९ ले निराश बनायो। एनसिसिएसकी ग्रिभा महर्जनले सात स्कोर गर्न सफल भइन्। काठमाडौं शिक्षालयले केयरलाई १५-४ ले पन्छायो। काठमाडौं शिक्षालयकी दृश्य चित्रकारले चार स्कोर गरिन्।

■ आइसिसी यू-१९ विश्वकप अभ्यास

वेस्ट इन्डिजसँग नौ रनले चुक्यो नेपाल

वेस्ट इन्डिजले दिएको ११० रन पछ्याएको नेपाल १९.१ ओभरमा सय रनमा सीमित

नयाँ पत्रिका

नेपालको यू-१९ महिला टोली अभ्यास खेलमा वेस्ट इन्डिजसँग नौ रनले पराजित भएको छ। मलेसियामा सोमबार आइसिसी यू-१९ महिला विश्वकप अगाडि भएको अभ्यास खेलमा नेपालले पहिलोपटक वेस्ट इन्डिजविरुद्ध प्रतिस्पर्धा गरेको हो। पहिलो ब्याटिङ गरेको वेस्ट इन्डिजको यू-१९ टोलीले २० ओभरमा चार विकेट गुमाएर १ सय १० रनको योगफल बनाएको थियो। प्रत्युत्तरमा नेपालले १९.१ ओभरमा सबै विकेट गुमाएर सय रन जोड्यो।

वेस्ट इन्डिजले दिएको लक्ष्य भेटाउन नेपालले अन्तिम ओभरमा १० रन बनाउनुपर्ने थियो। लक्ष्य पछ्याएको १८औं ओभरको समाप्तिमा नेपाल १००/८ को स्थितिमा रह्यो। नेपालले १९औं ओभरमा एक रन मात्र बटुल्यो। १९.१ ओभरमा अनु कडायतको विकेटसँगै नेपाल सय रनमा अलआउट भयो। नेपालले अब दोस्रो अभ्यास खेल १५ जनवरीमा अमेरिकाविरुद्ध खेल्नेछ। १८ जनवरी देखि २ फेब्रुअरीसम्म मलेसियामा आइसिसी यू-१९ महिला टी-२० विश्वकप हुँदै छ। समूह 'डी'मा रहेको नेपालले १८ जनवरीमा बंगलादेशसँग पहिलो खेल खेल्नेछ।

इनिङ्सको पहिलो बलमै विकेट

नेपालले इनिङ्सको पहिलो बलमै ओपनर सना प्रविणलाई गुमाएको थियो। त्यसपछि नेपालले बिस्तारै साझेदारी गर्दै वेस्ट इन्डिजका बलरमाथि दबाब बनायो। नेपाली खेलाडीले अन्तिमसम्म वेस्ट इन्डिजलाई दबाबमा राखेका थिए। कप्तान



पूजा महतो र सावित्रा धामीले दोस्रो विकेटका लागि २५ रनको साझेदारी गरेका थिए। सावित्राले १७ बलमा पाँच रन बनाइन्। पूजाले २० बलमा तीन चौकाको सहयोगमा १८ रन जोडिन्। त्यसपछि ज्योत्सना मरासिनी र अलिशा यादवले एक-एक रन बनाए। नेपालले १०.५ ओभरमा पाँच विकेट गुमाउँदा स्कोर बोर्डमा ४६ रन जोडेको थियो।

मध्यक्रमका खेलाडी सस्तै रनमा आउट भए पछि एक समय नेपाल दबावमा देखिएको थियो। तर, किरण कुँवर र सिमाना केसीले सातौं विकेटका लागि ३० रनको साझेदारी गर्दै नेपाललाई १६.२ ओभरमा ८४-७ को स्थितिमा राखे। किरणले १४ बलमा दुई चौकाको सहयोगमा १८ रन बनाइन्। सिमानाले १९ बलमा तीन चौका प्रहार गरी २३ रनको योगदान दिइन्। नेपालको इनिङ्समा सात खेलाडीले दोहोरो रनै बनाउन सकेनन्।

बलिङमा वेस्ट इन्डिजका लागि आलियाह विकेसले १६ रन खर्चेर दुई विकेट हात पारिन्। अमिआस गिवर्टले १८ रन खर्चेर दुई विकेट लिन सफल भइन्। नेपालविरुद्ध त्रिशा हार्डले कसिलो बलिङ गरेकी थिइन्। उनले चार ओभरमा नौ रन दिँदै दुई विकेट हात पारेकी थिइन्।

ब्याटिङमा बलियो वेस्ट इन्डिज

पहिलो ब्याटिङ गरेको वेस्ट इन्डिजका चार खेलाडीले स्तरीय प्रदर्शन गर्न सफल भए। ओपनर आसावी क्यालेन्डर र अमृताले पहिलो विकेटका लागि ६.१ ओभरमा ३१ रनको साझेदारी गरेका थिए। वेस्ट इन्डिजले तेस्रो विकेटका लागि ३४ रनको साझेदारी गरेको थियो। चौथो विकेट निमित्त वेस्ट इन्डिजले २८ रन जोडेको थियो।

वेस्ट इन्डिजको ब्याटिङमा क्यालेन्डरले ३६ बलमा दुई चौकाको सहयोगमा २३ रन तथा कप्तान समरा रामन्थले ३३ बलमा २५ रन जोडेका थिए। जहजाराले २६ बलमा २६ रन तथा अविगेल बायर्सले ११ बलमा १९ रन बटुलेका थिए।

Liberty Energy Company Ltd.
लिवर्टी ईनर्जी कम्पनी लि.
रजिष्टर्ड कार्यालय : कालिकास्थान-२९, काठमाडौं, फोन नं: ०१-४५४३५४५
Email: liberty@libertyenergy.com.np | Web:www.libertyenergy.com.np

को

शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने सम्बन्धी सूचना

शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति २०८१/१०/०२
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/१०/०५

लिबर्टी ईनर्जी कम्पनी लिमिटेडको १:०.५० को अनुपातमा हकप्रद शेयर बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा देहाय बमोजिमका शेयरका लागि आवेदन नपरेकोले प्रचलित कानून तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को निर्देशन नं. २१ समेतको प्रावधानलाई आधार मानी उक्त शेयर बोलककोल बढाबढ गरी बिक्री गर्न निष्काशनकर्ता कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयर खरीद गर्न इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०८१/१०/०५ गतेभित्र** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबूल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ।

तपसिल

बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरण : ८,२६,५७४ कित्ता (सर्वसाधारण समूह)

सि.नं.	बोलपत्र आवेदन फाराम पाइने र बझाउने स्थान (संकलन केन्द्र) हरु :
१.	श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं।
२.	प्रभु बैंक लिमिटेडका शाखा कार्यालयहरु : **कोशी प्रदेश** : विराटनगर शाखा, **मधेश प्रदेश** : वीरगंज शाखा, **बागमती प्रदेश** :जाउलाखेल शाखा, हेटौंडा शाखा, **गण्डकी प्रदेशः** पोखरा शाखा, **लुम्बिनी प्रदेशः** बुटवल शाखा, **कर्णाली प्रदेशः** सुर्खेत शाखा **र सुदुरपश्चिम प्रदेश** : धनगढी शाखा।

शर्तहरुः

१. बोलपत्र आवेदन फाराम रु.१०० भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ।
२. आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ।
३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु १०० /- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अकिंत गरी शिलवन्दी बोलपत्र पेश गर्नुपर्नेछ।
४. शेयर खरीदको लागि बोलकबोल पेश गर्दा न्यूनतम रु. १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नियमक निकायले एउटा व्यक्ति वा सस्था कम्पनीले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ। दशमलव (खण्डित रुपमा) आउने गरी शेयर संख्याको लागि आवेदन गर्न पाइने छैन। रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिनुहुने आवेदकहरुले अनिवार्य रुपमा आफ्ना प्यान नं. (PAN No.) आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।
५. शिलबन्दी बोलपत्र पेश गर्दा फाराम बाहिर "लिबर्टी ईनर्जी कम्पनी लिमिटेडको साधारण शेयर खरीद आवेदन " र बोलपत्रदाताको नाम साथै डिम्याट खाता नं उल्लेख गरी शिलवन्दी बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ।
६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम प्रभु क्यापिटल लिमिटेडको नाममा प्रभु बैंक लिमिटेड, कमलादी, काठमाण्डौमा रहेको खाता नं. १११००६३१८१६००११३ मा नगद जम्मा गरी यो को सक्कल भौचर सलान गरी वा "Prabhu Capital Limited" उल्लेख गरी जारी गरिएको Good for Payment Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। यदी बैंक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ।
७. बोलपत्रदाताहरुले IPS मार्फत समेत रकम जम्मा गरी पेश गर्न सकिनेछ। यसरी IPS मार्फत बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताहरुले यस कम्पनीको नाममा प्रभु बैंक लिमिटेड, कमलादी काठमाडौंमा रहेको खाता नं. १११००६३१८१६००११३ (Prabhu capital Limited) मा IPS मार्फत रकम जम्मा गरी सो को प्रमाण पुष्टि गर्ने कागजात IPS भौचर सलग्न गरी शिलवन्दी बोलपत्र पेश गर्नु पर्नेछ।
८. शेयर बाँडफाँट गर्दा सबै भन्दा बढी प्रति शेयर मूल्य कबोल गर्ने बोलपत्रदातालाई बाँडफाँट गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको प्रति शेयर मूल्य कवोल गर्नेलाई बाँडफाँट गरिनेछ। बोलकबोलमा शेयर बाँडफाँट गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयर माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार निष्काशन कम्पनीमा निहित रहनेछ।
९. बोलपत्रवालाले अनिवार्य रूपमा आफ्नो हितग्राही खाता न (Demat Account No.) र बैंक खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।
१०. सम्पूर्ण संकलन केन्द्रहरुबाट बिक्री प्रवन्धकको कार्यालयमा बोलपत्रहरु संकलन भए पश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् खोलिने छ।
११. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।
१२. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनु पर्नेछ। आवेदक संगठित संस्था कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो सस्था कम्पनीको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नु पर्नेछ।
१३. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरूको रकम "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ। साथै, सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहारा पनि जानकारी गराइन्छ।
१४. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौको वेभसाइट www.prabhucapital.com मा हेर्न सकिनेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Limited)
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ०१-४१६५१००, ५५७०३००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com